काठमाडौं, नेपालगञ्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक

दैनिक

**आर्थिक**
पोखरामा तीज रौनक : प्रतिव्यक्ति सात सयदेखि १८ सय रूपैयाँसम्मको मेनु

**समाचार**
कृषि उत्पादन, बजार व्यवस्थापन र खाद्य सुरक्षामा योगदान



**कोसीको सुखद सुरुआत**
समीक्षाको दुई गोल प्रेरणामा कोसीले आइतबार वालिङ नगरपालिकामाथि ४–० फराकिलो जित निकाल्दै लिगमा सुखद सुरुआत गरेको छ ।

वर्ष १६, अंक १३३, पृष्ठ ८, सोमबार १७ भदौ २०८१, भाद्र कृष्णपक्ष औंसी, Monday, 2 September, 2024, नेपाल संवत् ११४४, मूल्य– १०/–

nagariknews.com




# ‘कसैले छाड् भन्दैमा छाड्दिनँ’

## समयमै महाधिवेशन गर्ने र गठबन्धनप्रति इमानदार बन्ने प्रतिबद्धता

**बालकृष्ण अधिकारी**
*काठमाडौं, भदौ १६*



नेपाली कांग्रेसको १५औं महाधिवेशन अनिश्चित भएको छ। कांग्रेस केन्द्रीय कार्यालय सानेपामा साउन २३ गतेदेखि जारी केन्द्रीय समितिको आइतबार सम्पन्न बैठक १५औं महाधिवेशनको कार्यतालिका तय गर्न असफल भएको हो। महामन्त्री गगनकुमार थापाले गत फागुनमा भएको महासमिति बैठकमै २०८२ सालमा महाधिवेशन गर्ने प्रस्ताव गरेका थिए। जारी बैठकबाट महाधिवेशनको कार्यतालिका आउने अनुमान गरिएको थियो। तर केन्द्रीय समितिको बैठकले १५औं महाधिवेशन समयमै गर्ने मात्र निर्णय गरेको छ।

केन्द्रीय समितिले समयमै गर्ने भनी गरेको निर्णयअनुसार विधानको प्रावधानअनुसार चार वर्ष, विधानकै व्यवस्थाअनुसार एक वर्ष थप गरेर पाँच वर्ष वा संवैधानिक व्यवस्थाअनुसार साढे पाँच वर्षभित्र महाधिवेशन गर्दा पनि समयमै हुनेछ। अझ कुनै पार्टीसँग एकीकरण गरेको अवस्थामा त्यसपछिको पाँच वर्षभित्रै गर्दा पनि समयमै हुनेछ। कांग्रेस र एमालेबीच २०८४ सालको आम निर्वाचनअघिको पछिल्लो एक वर्ष कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री हुने दुई दलीय सहमति छ।

> केन्द्रीय समितिको आइतबारको बैठकमा महामन्त्री विश्वप्रकाश शर्माले सभापति शेरबहादुर देउवालाई अबका दिनमा प्रधानमन्त्री आफू नबनेर समकालीन अर्कै नेतालाई बनाउन आग्रह गरेका थिए।

विधानतः १५औं महाधिवेशनमा सभापतिको उम्मेदवारसमेत बन्न नपाउने देउवा त्यसअघि महाधिवेशन गराउन तयार नरहेको निकटहरूको दाबी छ। देउवाको चाहनालाई पार्टीका अन्य पदाधिकारीले साथ दिँदा १५औं महाधिवेशनको कार्यतालिका आउन नसकेको नेताहरू आरोप छ। बैठकले पार्टीको विधान संशोधनका लागि समिति गठन गरेको छ। पार्टीको तल्लो तहका अधिवेशन गराउन संख्या ठुलो भएको गुनासो जिल्ला तहबाट आएको छ। विधान संशोधनका लागि अब प्रक्रिया सुरु गरेर कांग्रेसले २०८२ सालभित्र महाधिवेशन गर्न सम्भव नै नरहेको एक पूर्वपदाधिकारीले दाबी गरे। ‘सभापतिजीलाई २०८४ सालको आम निर्वाचनमा आफैं टिकट वितरण गर्ने चाहना छ,’ ती नेताले भने, ‘महामन्त्रीजीहरूलाई पनि एक/दुई वर्ष पर धकेल्दा दोस्रो पुस्तालाई पनि एकै पटक बिदा गरेर आफूमा नेतृत्व ल्याउन सकिन्छ कि भन्ने कतै भएजस्तो देखिन्छ। अब विधान संशोधन गरेर २०८२ सालमा महाधिवेशन हुँदैन।’

अर्का महामन्त्री विश्वप्रकाश शर्माले राष्ट्रपति एक, प्रधानमन्त्री दुई, मन्त्री तीन र सांसद चार पटकभन्दा हुन नपाउने व्यवस्था गर्नुपर्ने भन्दै एक्जिट पोलिसीसहितको प्रतिवेदन महासमिति बैठकमा पेस गरेका थिए। शर्माले पेस गरेको उक्त प्रस्तावलाई केन्द्रीय समितिले अनुमोदन गरेन। ‘महामन्त्रीको सम्मानका लागि विधान संशोधन समितिमा पछि छलफल गर्ने भनिएको छ,’ एक नेताले भने, ‘लोकरिझ्याइँका लागि ल्याइएको प्रस्तावलाई पार्टीले स्वीकार गर्ने अवस्था थिएन, छैन।’

केन्द्रीय समितिको आइतबारको बैठकमा महामन्त्री शर्माले सभापति देउवालाई अब प्रधानमन्त्री आफू नबनेर समकालीन अर्कै नेतालाई बनाउन आग्रह गरे। ‘एक सभापतिको त्याग देखिन्छ। दुई उहाँको समकालीन कोही नेतालाई न्याय र कदर हुन्छ। तीन २०८४ पछि हामी नयाँ अनुहारमा पुग्नेछौं,’ शर्मालाई उद्धृत गर्दै सहभागी एक नेताले भने, ‘एमाले अध्यक्ष केपी ओली नेतृत्वको सरकारलाई र उहाँको नेतृत्वलाई सफल बनाउन कांग्रेसले सम्पूर्ण ध्यान लगाउनुपर्छ र एकताबद्ध रूपले साथ दिनुपर्छ। तर त्यसपछि सभापति देउवा प्रधानमन्त्री बन्नुहुन्न।’

महामन्त्री शर्मालाई तुरुन्त जवाफ फर्काउँदै सभापति देउवाले प्रधानमन्त्रीसहितका कुनै पनि पद त्याग नगर्ने बताए। कांग्रेस र एमालेबीच आलोपालो सरकार सञ्चालन गर्ने सहमति भइसकेको जनाउँदै देउवाले भनेका थिए, ‘तपाईंले प्रधानमन्त्री त्याग गर भन्नुभयो, ठिक छ त्यो तपाईंको विचार हो। तर कसैले छोड् अब भन्दैमा मैले छाड्नुपर्छ भन्ने छैन नि!’

महामन्त्री थापाले २०८४ सालमा कुनै पनि दलसँग चुनावी तालमेल नगर्ने प्रस्ताव महासमिति बैठकमा राखेका थिए। तर केन्द्रीय समिति बैठकले आगामी निर्वाचनमा चुनावी तालमेल गर्ने वा नगर्ने विषयमा मौन बसेको छ। आगामी निर्वाचनमा कांग्रेस एक्लैले बहुमत ल्याउन सक्ने गरी संगठन निर्माणमा लाग्ने निर्णय गरेको छ।

*बाँकी पृष्ठ २*

# कास्की प्रहरीद्वारा रवि लामिछानेसँग बयान

**टपेन्द्र कार्की**
*काठमाडौं, भदौ १६*



झरीको पर्वाह नगरी न्यायको माग राखेर आइतबार काठमाडौंमा प्रदर्शनमा उत्रिएका सहकारीपीडित। *तस्बिर : दिपेश दर्शनधारी/नागरिक*

सरकार छाडेको दुई महिना नपुग्दै तत्कालीन गृहमन्त्री रवि लामिछानेसँग प्रहरीले बयान लिएको छ। प्रहरी प्रधान कार्यालय स्रोतका अनुसार पोखरास्थित सूर्यदर्शन सहकारीको बचत रकम अपचलन उजुरीमा कास्की प्रहरीले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति तथा प्रतिनिधिसभा सदस्यसमेत रहेका लामिछानेसँग केही दिनअघि बयान लिएको हो।

‘उहाँ (रवि लामिछाने) लाई प्रहरीले सामान्य सोधपुछ गरेको हो। सहकारी ठगीमा छानबिन गर्न गठित संसदीय विशेष समितिले लामिछानेसँग नौ घण्टा बयान लिएको केही दिनपछि कास्की प्रहरीले सोधपुछ गरेको हो’, प्रहरी प्रधान कार्यालय स्रोतले भन्यो। संसदीय विशेष समितिले लामिछानेसँग यसै प्रकरणमा यही भदौ ७ गते बयान लिएको थियो।

स्रोतका अनुसार सहकारी ठगी प्रकरणमा जिल्ला प्रहरी कार्यालय कास्कीका डिएसपी वसन्तकुमार शर्मासहितको टोलीले काठमाडौं आएर पूर्वगृहमन्त्री तथा सांसद लामिछाने, रास्वपा सहमहामन्त्री विपीन आचार्य र नेपाल प्रहरीका पूर्वडिआइजी छविलाल जोशीसँग लिएको हो।



> सहकारी ठगी प्रकरणमा कास्की प्रहरीका डिएसपी वसन्तकुमार शर्माको टोलीले काठमाडौं आएर पूर्वगृहमन्त्री तथा सांसद लामिछाने, रास्वपा सहमहामन्त्री विपिन आचार्य र नेपाल प्रहरीका पूर्वडिआइजी छविलाल जोशीसँग बयान लिएको हो।

लामिछानेविरुद्ध २०८० माघ २२ गते कास्की प्रहरीमा परेको जाहेरीका आधारमा प्रहरीले उनीसँग बयान लिएको हो। सूर्यदर्शन सहकारीमा बचत रकम तत्कालीन अवस्थामा लामिछाने प्रबन्ध निर्देशक रहेको गोर्खा मिडिया प्रालिमा लगेको र लामिछानेकै नाममा पनि ऋण प्रवाह भएको पाइएपछि बचतकर्ताले उनीविरुद्ध पूरक जाहेरी दिएका थिए। उनी गृहमन्त्री हुँदासम्म प्रहरीले जाहेरी अघि बढाउन सकेको थिएन। अहिले बल्ल प्रहरीले प्रक्रिया अघि बढाएको हो। ‘प्रहरीले यो विषयमा अनुसन्धान गर्नेछ’, प्रहरी प्रधान कार्यालयका एक उच्च अधिकारीले भने।

त्यस्तै बुटबलस्थित सुप्रिम बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट २०७८ असार २२ मा कुमार रम्तेलको नाममा एक करोड ९० लाख रूपैयाँ ऋण खडा गरी गोर्खा मिडिया नेटवर्क प्रालिको ग्लोबल आइएमई बैंकमा भएको खातामा एक करोड तीन लाख ३६ हजार जम्मा गरी बाँकी लामिछानेको खातामा ऋण फर्स्योट देखाएर कुमार रम्तेलकै नाममा ऋण कायम गरेको छानबिनबाट पाइएको छ।

*बाँकी पृष्ठ २*

## बार आन्दोलनमा

### न्यायपरिषद् नियमावली संशोधन खारेजी माग

काठमाडौं, भदौ १६ (नागरिक)- कानुन व्यवसायीको छाता संगठन नेपाल बार एसोसिएसन न्यायपरिषद् नियमावली संशोधन खारेजीको माग गर्दै फेरि आन्दोलनमा उत्रिएको छ। यसै विषयलाई लिएर यसअघि पनि आन्दोलनको घोषणा गरेको बारले संशोधित नियमावलीमा टेकेर न्यायाधीश नियुक्ति गर्न लागिएको भन्दै फेरि आन्दोलनका कार्यक्रम घोषणा गरेको हो। कानुन व्यवसायीले न्यायपरिषद्ले न्यायाधीश नियुक्तिका लागि केही व्यक्तिलाई हेरेर नियमावली संशोधन गरेको आरोप लगाउँदै सच्याउन माग गर्दै आएका छन्। न्यायपरिषद्ले भने आवश्यकताअनुसार नियमावली संशोधन गरिएको स्पष्टीकरण दिँदै आएको छ।

*बाँकी पृष्ठ २*

**पढ्नुहोस्**
nagariknews.com
www.nagariknews.com

# सुजलको प्रेरणादायी उडान

**अच्युत कोइराला**
*काठमाडौं, भदौ १६*



> आवाजविहीन सुजल बमले करिब तीन दर्जन म्युजिम भिडियोमा अभिनय गरिसकेकी छन्। उनी भन्छिन्, ‘आफ्नो प्रतिभा र कमजोरी दुवै चिन्नुपर्छ र त्यसैलाई बेच्न सक्नुपर्छ। कमजोरीलाई व्यवस्थापन गर्न सकेकै कारण अरूले प्राप्त गर्न नसकेको सफलता हात पारें।’

श्रवण शक्ति नभएका अधिकांश व्यक्तिले समुचित प्रोत्साहन नपाउँदा आफ्नो प्रतिभा यत्तिकै खेर फालिरहेका हुन्छन्। सुजल बमले भने श्रवण शक्तिविहीन समुदायका लागि एउटा प्रेरणादायी उदाहरण पेस गरेकी छन्।

२०५८ साउन ६ गते डोटीको चनुकाँडामा जन्मिएकी सुजलले करिब तीन दर्जन म्युजिम भिडियोमा अभिनय गरेर सबैलाई चकित बनाएकी छन्। उनी अहिलेको भाषामा भन्दा ‘भाइरल’ कलाकार हुन्। उनी बिएड अध्ययनरत छिन्। जन्मिएको ११ महिनासम्म ओछ्यानमा लडिरहेकी र कुनै प्रतिक्रिया नजनाएकी सुजललाई उपचारका लागि भारतको लखनउ पुर्‍याउँदा मात्र अभिभावकलाई थाहा भयो- उनी सुन्न सक्दिनन्। त्यही कारणले भविष्यमा उनलाई बोल्न पनि समस्या हुने आकलन परिवारले गर्‍यो। ‘अढाई वर्षको उमेरमा काठमाडौंमा जँचाउँदा हामी पक्का भयौं, हाम्री नानीले भविष्यमा बोल्न सक्दिनन्,’ सुजलका बुवा टेकबहादुर बम भन्छन्, ‘यसपछि भने म छोरीको विषयलाई लिएर गम्भीर भएँ।’

एक त छोरी, त्यसमाथि बोल्न र सुन्न नसक्ने हुँदा अहिलेको प्रतिस्पर्धात्मक समयमा कसरी अघि बढ्ली भन्ने चिन्ता थपिँदै जाँदा टेकबहादुरले डोटीकै बुडरमा रहेको विशेष शिक्षा विद्यालयमा सुजललाई भर्ना गरिदिए। ‘अहिलेको समयमा छोरीहरू शिक्षित भए भने उनीहरू आफ्नो खुट्टामा उभिन सक्छन् र शिक्षित आत्मविश्वासी छोरीहरूले नै अरूसँग प्रतिस्पर्धी हुन सक्छन्,’ टेक भन्छन्, ‘यही सोचेर राम्रो विद्यालयको खोजीमा लागें।’ छोरीले राम्रो पठनपाठनको अवसर पाओस् भनेर ६ वर्षको उमेरमा सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसेस्थित विशेष शिक्षा स्कुलमा छोरीलाई भर्ना गरिदिएको उनी सुनाउँछन्। डोटीका टेकबहादुरलाई सिन्धुपाल्चोक आउजाउ निकै सास्तीपूर्ण भयो। अझ राम्रो शिक्षाका लागि उनले काठमाडौंको केन्द्रीय बहिरा माविमा भर्ना गरिदिए। त्यही विद्यालयबाट उनले २०७६ सालमा बी प्लस ल्याएर एसइई उत्तीर्ण गरिन्।

*बाँकी पृष्ठ २*



## सिद्धार्थ बैंक लिमिटेड, तपसिल शाखा कार्यालयका तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८१/०५/१७ गतेको नागरिक राष्ट्रिय दैनिक
शाखा कार्यालय मिर्चैया, सिराहाको हकमा प्रथम पटक प्रकाशित मिति २०७९/०८/२३ गतेको कारोबार राष्ट्रिय दैनिक र
दोस्रो पटक प्रकाशित मिति २०८०/१०/२५ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीहरुले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

### शाखा कार्यालय : मिर्चैया, सिराहा

#### ऋणीको विवरण

**१.** सिराहा जिल्ला, मिर्चैया न.पा. वडा नं. ५ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम प्रदेश सरकार, प्रदेश २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा प्रा.फा.र.नं. ११५६३/२०७६/०७७, स्थानीय व्यापार तथा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय लहानमा मिति २०७६/१०/०८ मा स्थायी लेखा नम्बर (PAN) ६१२८८७४६६ अन्तर्गत दर्ता कायम भएको **अनुषा ट्रेडर्स** ।
**प्रोप्राईटर : वबिता कुमारी साह**

**२.** सिरहा जिल्ला, रामनगर मिर्चैया न.पा. वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार (तत्कालिन श्री ५ को सरकार), उद्योग, वाणिज्य तथा तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय लहान, सिराहामा प्रा.फा.र.नं. १०७/०६३/६४ तथा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय लहानमा मिति २०५६/०२/३१ मा स्थायी लेखा नम्बर (PAN) ३००४७९६७८ अन्तर्गत दर्ता कायम भएको **साह पुस्तक पसल** ।
**प्रोप्राईटर : श्रीभगवान साह**

**३.** काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १३, बाफल स्थित रजिष्टर्ड कार्यालय रहि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा तथा आपूर्ति व्यवस्थापन विभाग, फर्म रजिष्ट्रेशन शाखा, काठमाडौंमा प्रा.फा.र.नं. ११७८१७/०७१/७२, समुन्द्रपार आयात तथा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, काठमाडौं ३ तथा करदाता सेवा कार्यालय, कालिमाटीमा मिति २०७१/०४/१९ मा स्थायी लेखा नम्बर (PAN) ६०२२८१९०४ अन्तर्गत दर्ता कायम भएको **सुमित्रा स्पोर्टस नेपाल** ।
**प्रोप्राईटर : आशिष कुमार साह**

#### व्यक्तिगत जमानीकर्ताको विवरण

| | |
|---|---|
| १. ईश्वर प्रसाद साहको नाति, श्रीभगवान साहको छोरा, सिरहा जिल्ला, साविक रामनगर मिर्चैया गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १३ बस्ने **आशिष कुमार साह** (ना.प्र.नं. ११३८२/६२, जारी मिति २०६३/०७/९, जि.प्र.का. सिराहा) । | २. श्रीभगवान साहको बुहारी, आशिष कुमार साहको पत्नि, सिरहा जिल्ला, साविक कल्याणपुरजब्दी गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. १३ बस्ने **ज्योती कुमारी साह** (ना.प्र.नं. १५-०१-७३-०२४९२, जारी मिति २०७३/०३/१४, जि.प्र.का. सिराहा) । |
| ३. श्रीभगवान साहको बुहारी, अमरनाथ प्रसाद साहको पत्नि, महोत्तरी जिल्ला, साविक हलखोरी गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया गा.पा./न.पा. वडा नं. ५ बस्ने **रेखा कुमारी साह** (ना.प्र.नं. १८-१-००४/२७५, जारी मिति २०६७/०२/२७, जि.प्र.का. सिराहा) । | ४. ईश्वर प्रसाद साहको नाति, श्रीभगवान साहको छोरा, सिरहा जिल्ला, साविक रामनगर मिर्चैया गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया गा.पा./न.पा. वडा नं. ५ बस्ने **अमरनाथ प्रसाद साह** (ना.प्र.नं. ७७३८४२८१, जारी मिति २०६१/११/१८, जि.प्र.का. सिराहा) । |
| ५. राम लगन साहको नाति, ईश्वर प्रसाद साहको छोरा, सिरहा जिल्ला, साविक रामनगर मिर्चैया गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया गा.पा./न.पा. वडा नं. ५ बस्ने **श्रीभगवान साह** (ना.प्र.नं. २४६, जारी मिति २०५०/०९/१५, जि.प्र.का. सिराहा) । | ६. श्रीभगवान साहको बुहारी, पशुपति नाथ प्र. साहको पत्नि, सिरहा जिल्ला, साविक बडहरामाल गा.वि.स./न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया गा.पा./न.पा. वडा नं. ५ बस्ने **वबिता कुमारी साह** (ना.प्र.नं. १५३०८८/१८४०, जारी मिति २०६३/१२/१५, जि.प्र.का. सिराहा) । |

७. ईश्वर प्रसाद साहको नाति, श्रीभगवान साहको छोरा, सिरहा जिल्ला, साविक रामनगर मिर्चैया गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल सिरहा जिल्ला, मिर्चैया गा.पा./न.पा. वडा नं. ५ बस्ने **पशुपति नाथ प्र. साह** (ना.प्र.नं. २०३०, जारी मिति २०५८/४/४, जि.प्र.का. सिराहा) ।

#### धितोको विवरण

१. **ऋणी साह पुस्तक पसल, अनुषा ट्रेडर्स र सुमित्रा स्पोर्टस नेपालको नाममा सयुक्त धितोबन्धकी कायम रहेको** पशुपति नाथ प्र. साह (ना.प्र.नं. २०३०, जारी मिति २०५८/४/४, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, रामनगर गा.वि.स./न.पा. वडा नं. ५ क स्थित कि.नं. ३४९९ र ३५०० को क्षेत्रफल क्रमशः ०-३-० र ०-३-२ (वि.क.धु.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. **ऋणी साह पुस्तक पसल, अनुषा ट्रेडर्स र सुमित्रा स्पोर्टस नेपालको नाममा सयुक्त धितोबन्धकी कायम रहेको** श्रीभगवान साह (ना.प्र.नं. २४६, जारी मिति २०५०/०९/१५, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिराहा जिल्ला, रामनगर गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.नं. ३००१, ३००२, २१२३, १८२८, १२३४ र ३४७३ को क्षेत्रफल क्रमशः ०-०-३³/⁴, ०-०-३³/⁴-०, ०-०-१०-०, ०-०-३-११-०, ०-०-१०-० र ०-०-१५ (वि.क.धु.क.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. **ऋणी साह पुस्तक पसल, अनुषा ट्रेडर्स र सुमित्रा स्पोर्टस नेपालको नाममा सयुक्त धितोबन्धकी कायम रहेको** श्रीभगवान साह (ना.प्र.नं. २४६, जारी मिति २०५०/०९/१५, जि.प्र.का. सिराहा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिराहा जिल्ला, फुलवरीया गा.वि.स./न.पा. वडा नं. ७ ख स्थित कि.नं. ३०९२ को क्षेत्रफल ०-२-३ (वि.क.धु.) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
४. **अनुषा ट्रेडर्स, साह पुस्तक पसल र सुमित्रा स्पोर्टस नेपाल**को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।

### शाखा कार्यालय : गठ्ठाघर, भक्तपुर

| ऋणीको विवरण | व्यक्तिगत जमानीकर्ताको विवरण |
|---|---|
| दिल बहादुर थिङको नाति, सोम बहादुर थिङको छोरा, सर्लाही जिल्ला, सासापुर गा.वि.स/न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.मा.न.पा. वडा नं. ३ सृजनानगर बस्ने **पुर्ण बहादुर थिङ** (ना.प्र.नं. १९/२०९१/९६, जारि मिति २०६७/०३/०९, जि.प्र.का. सर्लाही) । | सोम बहादुर थिङको बुहारी, पुर्ण बहादुर थिङको पत्नी, काठमाडौं जिल्ला, शंखमुल गाा.वि.स. वडा नं. १६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.मा.न.पा. वडा नं. ३ सृजनानगर बस्ने **ज्ञानु कुमारी** (ना.प्र.नं. १९३७८१/१५३, जारि मिति २०६४/०१/२८, जि.प्र.का. सर्लाही) । |

#### धितोको विवरण

धनी सिद्धार्थ बैंक लिमिटेड भई ऋणी पुर्ण बहादुर थिङ कायम भएको यातायात व्यवस्था कार्यालय बागमतिमा दर्ता कायम रहेको तपसिल बमोजिमको सवारी साधन :

| सवारी मोडेल | सवारी दर्ता नं. | ईन्जिन नं. | च्यासिस नं. |
|---|---|---|---|
| Mahindra Super Cargo Van(2020) | प्र-०३-०१-०२३-च-४५०४ | VAK6G32032 | MA1FT2VARK6G21668 |

### शाखा कार्यालय : भरतपुर, चितवन

#### ऋणीको विवरण

चितवन जिल्ला, भरतपुर नगरपालिका वडा नं. ७ स्थित रजिष्टर्ड कार्यालय रहि प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभागमा मिति २०६३ साल मार्ग महिना ६ गते रोज २ मा प्रा.फ.द.नं. २०९/०६३/६४ तथा आन्तरिक राजश्व कार्यालय, भरतपुरमा मिति २०६३/०९/०२ मा स्थायी लेखा नम्बर (PAN) ३०२३९२९९१ अन्तर्गत दर्ता कायम भएको **सुकर्म एग्रोभेट ट्रेडर्स** ।
**प्रोप्राईटर : कविता अधिकारी**

#### व्यक्तिगत जमानीकर्ताको विवरण

| | |
|---|---|
| १. गंगाधर अधिकारीको नाति, देवीलाल अधिकारीको छोरा, चितवन जिल्ला, गितानगर न.पा./गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ७ बस्ने **कृष्ण प्रसाद अधिकारी** (ना.प्र.नं. २६८, जारी मिति २०४६/०२/२४, जि.प्र.का. चितवन) । | २. कृष्ण प्रसाद अधिकारीको बुहारी, कुशल अधिकारीको पत्नी, गोरखा जिल्ला, पालुङटार न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ७ बस्ने **निता ढकाल** (ना.प्र.नं. ४४-०१-७४-०७१४३, जारी मिति २०७४/१०/०३, जि.प्र.का. गोरखा) । |
| ३. देवीलाल अधिकारीको बुहारी, कृष्ण प्रसाद अधिकारीको पत्नी, चितवन जिल्ला, पटिहानी गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ७ बस्ने **कविता अधिकारी** (ना.प्र.नं. ५७३२/०५९, जारी मिति २०५९/०१/२०, जि.प्र.का. चितवन) । | ४. देवीलाल अधिकारीको नाति, कृष्ण प्रसाद अधिकारीको छोरा, चितवन जिल्ला, भरतपुर गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ७ बस्ने **कुशल अधिकारी** (ना.प्र.नं. ३५१०२५/८११७, जारी मिति २०६९/१२/२०, जि.प्र.का. चितवन) । |

५. देवीलाल अधिकारीको नाति, कृष्ण प्रसाद अधिकारीको छोरा, चितवन जिल्ला, भरतपुर उ.म.न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ७ बस्ने **कुसुम अधिकारी** (ना.प्र.नं. ३५-०१-७२-१२६७२, जारी मिति २०७२/१२/२३, जि.प्र.का. चितवन) ।

#### धितोको विवरण

१. सुकर्म एग्रोभेट ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
२. कृष्ण प्रसाद अधिकारी (ना.प्र.नं. २६८, जारी मिति २०४६/०२/२४, जि.प्र.का. चितवन) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला, साविक कल्याणपुर गा.वि.स./न.पा. वडा नं. ७ ग हाल चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ७ स्थित कि.नं. ३३६७, ३३६९, ५४०६ र ५४०८ को क्षेत्रफल क्रमशः ०-०-१३.२५, ०-०-१८.२५, ०-०-१.७५ र ०-०-१.७५ (विघा) बमोजिमको घर/जग्गा एवं सा`मा जडित सम्पूर्ण लिगलगापात समेत ।

Siddhartha Bank

शाखा कार्यालय
मिर्चैया, सिराहा, फोन नं. ०३३-५५००८४
गठ्ठाघर, भक्तपुर, फोन नं. ०१-५६३९४३५
भरतपुर, चितवन, फोन नं. ०५६-५९५९८१
Website : www.siddharthabank.com

# आवाजविहीन सुजलको प्रेरणादायी उडान

पृष्ठ १ बाट

अहिले उनी केन्द्रीय बहिरा क्याम्पस नक्सालमा बिएड तेस्रो वर्ष अध्ययनरत छिन् ।

एसइईपछि के गर्ने भन्ने चिन्ता सुजललाई थियो। उनलाई त्यो बेलासम्म पनि अभिनय आफ्नो रुचिको क्षेत्र हो भन्ने थाहा थिएन। एसइई सकिएकै दिन उनले मिस्टर एन्ड मिस एसइई २०१९ मा प्रतिस्पर्धा गर्ने सोचका साथ त्यसको पर्चा बोकेर बुवा टेकबहादुरलाई दिएकी थिइन्। सुरुमा त टेकबहादुर छोरीको रहरका कारण चिन्तित भए तर श्रवण शक्ति नभएकै कारण उनले अवसर गुमाउनुहुन्न भन्ने सोचका कारण मिस एसइईका आयोजक आनन्द सिंहलाई फोन गरे। उता आनन्दले पनि यस किसिमको प्रतिस्पर्धी पहिलो पटक आएको भन्दै तुरुन्तै जवाफ दिन सकेनन्। टेकबहादुरले भने, 'श्रवण शक्तिविहीनलाई प्रतिस्पर्धीका रूपमा लिन मैले चुनौती दिएँ। त्यसलाई स्विकार्ने हिम्मत छ कि छैन त ?' यस्तो प्रश्नबाट चकित सिंहले एक साताको मन्थनपछि बमलाई फोन गरेर आफूले जीवनमै पहिलो पटक यस किसिमको चुनौती स्विकारेको बताए।

सुजलले यो प्रतिस्पर्धामा भाग लिइन् र उत्कृष्ट चारमा पर्न सफल भइन्। प्रतियोगितामा सुजलले मल्टिमिडिया अवार्ड, मोस्ट कन्फिडेन्ट अवार्ड, अर्गनाइजर्स च्वाइस अवार्ड मात्र हात पारिनन्, उनका पिता टेकबहादुरले पनि छोरीलाई हौस्याएको भन्दै 'बेस्ट प्यारेन्ट्स अवार्ड' पनि जिते।

यसपछि भने सुजलका दिन फिरे। उनलाई तत्कालै 'झिमझिम परेली' म्युजिक भिडियो खेल्ने प्रस्ताव आयो। माइकल चन्दद्वारा निर्देशित यो भिडियोको खासै चर्चा नभए पनि 'बैनी झ्यालैमा...' भने भाइरल बन्न पुग्यो। यो भिडियो अहिलेसम्म एक करोड ४० लाख पटक हेरिसकिएको छ। सो म्युजिक भिडियोको सफलताले सुजललाई त्यही बेला 'कलेज लभ' टेलिशृंखला खेल्ने प्रस्ताव आयो। प्राइम टेलिभिजनबाट केही समय प्रसारित सो शृंखला बहिरा युवतीका सपना र आकांक्षाबारे भएकाले उनले सहजै अभिनय गर्न सकिन्। कोभिड १९ को बन्दाबन्दीपछि भने सो शृंखला बन्द नै रह्यो।

यतिबेला उनी सामाजिक सञ्जालमा बहिरा 'इन्फ्लुएन्सियर' बन्न पुगेकी छन्। टिकटकमा उनलाई ६ लाख ८३ हजारले पछ्याउँछन्। फेसबुकमा १ लाख २८ हजार, युट्युबमा ४५ हजार ५ सय र इन्स्टाग्राममा १४ हजारले 'फलो' गरेका छन्। उनको एउटा ठुलो 'फ्यानबेस'का कारण युनिसेफ, एनसेलदेखि नेपाल सरकारका सन्देशमूलक भिडियोमा उनी बेलामौकामा देखा पर्ने गरेकी छन्। २०७७ सालयता सुजलले मोडलिङ, म्युजिक भिडियो र विज्ञापनहरूमा अभिनय गरेयता घरको बोझ बन्नुपरेको छैन। कहाँकहाँ अवसर छन् भन्ने खोज्दै सुजलले त्यहीँत्यहीँ आफूलाई प्रस्तुत गर्ने गरेकी छन्। यस्तै खोजीका क्रममा २०७७ साउनमा 'ला ग्राभिटिया ब्युटी कन्टेस्ट'मा सर्वोत्कृष्ट सातमा पर्न सफल भएकी थिइन्।

सुजल भन्छिन्, 'कोभिडको बेला थियो, यत्तिकै बस्नुभन्दा कहाँ-कहाँ अवसर छन् भनी खोज्दा ला ग्राभिटिया देखें र अनलाइन अडिसन दिएँ। भारत र नेपालका प्रतिस्पर्धीहरूमा नेपालबाट म मात्र थिएँ। मैले त्यहाँ पनि स्पेसल रिकग्निसन अवार्ड पाएँ।' मोडलमा हुनुपर्ने सामान्य उचाइमा उनी छैनन्। उनको आँखा सामान्य नेपालीको भन्दा फरक छ। उनका निला आँखाको प्रशंसा हुने गर्छ। 'ला ग्राभिटिया'मा त उनलाई भारतीय आयोजकहरूले नेपालकी ऐश्वर्या रायसमेत भनिदिए। उनलाई त्यो तुलनाको खुसीभन्दा पनि प्रतिस्पर्धामा भाग लिँदा बढेको आत्मविश्वासप्रति बढी खुसी लागेको छ।

यही आत्मविश्वासले नै अहिले उनी बहिरा कलाकारका रूपमा स्थापित छिन्। उनको सक्रियताको मापन यसैबाट अनुमान गर्न सकिन्छ कि उनले हालसम्म १६ वटा विभिन्न संस्थाबाट सम्मानित भइसकेकी छन्। नौ वटा म्युजिक अवार्ड हात पारिसकेकी छन्। सुजल खुसी हुँदै भन्छिन्, 'मान्छेले आफ्नो प्रतिभा र कमजोरी दुवै चिन्नुपर्छ र त्यसैलाई बेच्न सक्नुपर्छ। आफ्नो कमजोरीलाई राम्रोसँग व्यवस्थापन गर्न सकेकै कारण अरूले प्राप्त गर्न नसकेको सफलता हात पारें।'

हुन पनि उनलाई २०७८ सालमा नै नेपाल सरकारले जनश्री सेवा पञ्चम श्रेणीको पदक दिएको छ। नेपालकी प्रथम महिला राष्ट्रपति विद्यादेवी भण्डारीका हातबाट सो पदक पाउनु आफ्नो सबैभन्दा उच्च खुसीको क्षण भएको उनी बताउँछिन्। यतिबेला उनी मिस युनिभर्स नेपाल २०२४ मा प्रतियोगीका रूपमा छिन्। टप ४५ बाट छानिदै उनी यतिबेला टप २२ बनेकी छन्। यो प्रतियोगितामा सहभागी हुनुको मुख्य कारणचाहिँ यहाँबाट आफू अन्तर्राष्ट्रिय मञ्चसम्म पुग्न सक्छु कि भन्ने आशा र अपेक्षा हो। अघिल्लो वर्ष यसै मञ्चबाट प्लस साइजकी जेन दीपिका गेरेटले विश्वव्यापी चर्चा बटुलेकी थिइन्।

'यो प्रतिस्पर्धामा भाग लिन बोल्नुपर्दैन, यहाँ न्यूनतम उचाइको तनाव छैन, यो प्रतिस्पर्धामा विवाहितदेखि अविवाहित सबैले प्रतिभा देखाउने मौका पाउँछन्,' सुजल भन्छिन्, 'त्यसैले म यसमा सहभागी भएकी हुँ। पहिलो पटक एक जना बहिरा व्यक्तिको सहभागितालाई आयोजकहरूले पनि सकारात्मक रूपमा लिइरहनुभएकाले प्रतिस्पर्धामा मैले ठुलो सफलताको अपेक्षा गरेकी छु।' सुजलका पिता टेकबहादुर भन्छन्, 'छोरीको अभिनय र मोडलिङप्रतिको मोह देखेपछि मैले सक्दो सहयोग गरें। सहयोगअनुसार उनले सफलता पनि हात पारिन्। र, सबैभन्दा महत्त्वपूर्ण कुराचाहिँ उनलाई देखेर धेरै अपांगता भएका वा बहिराहरूले पनि बाटो देख्न सक्छन्। आज सुजलको सफलता कुनै एक व्यक्तिको सफलता मात्र नभएर श्रवण शक्तिविहीन बालबालिकाहरूको 'सपना देख्ने र पूरा गर्ने आन्दोलन' पनि बन्न पुगेको छ। यसमा मलाई सन्तोष लागेको छ।'

## कास्की...

यसैगरी सुप्रिम बचत तथा ऋण सहकारी संस्थाबाट भूपेन्द्रबाबु राईको नाममा ऋण खडा गरी गोर्खा मिडिया नेटवर्क प्रालिका नाममा सिद्धार्थ बैंकमा भएको खातामा २०७७ असोज ११ मा एक करोड, गोर्खा मिडिया नेटवर्क प्रालिकै ग्लोबल आइएमई बैंकमा भएको खातामा २०७८ वैशाख ५ मा एक करोड, २०७८ वैशाख ९ मा ३० लाख र २०७८ असार ४ मा एक करोड गरी तीन करोड ३० लाख रूपैयाँ जम्मा भएको छानबिनबाट पाइएको छ। सुप्रिम बचत तथा ऋण सहकारी संस्थाबाट २०७७ माघ २९ मा छविलाल जोशीका नाममा २ करोड ५० लाख रूपैयाँ ऋण खडा गरी गोर्खा मिडिया नेटवर्क प्रालिका नाममा ग्लोबल आइएमई बैंकमा भएको खातामा दुई करोड ४५ लाख रूपैयाँ जम्मा भएको पनि पाइएको छ। यस विषयमा संसदीय विशेष समितिले प्रश्न गर्दा लामिछानेले यस्तो काममा आफू संलग्न नभएको दाबी गर्दै जिबी राईलाई थाहा होला भनेका थिए।

पोखरास्थित सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट गोर्खा मिडिया नेटवर्क प्रालिका नाममा पेस्की जनाई २०७८ जेठ ३ मा ५० लाख रूपैयाँ मेगा बैंकको एकाउन्टपेयी चेक नं. २०२७२२१०८५ मार्फत र २०७८ असार ९ मा पनि ५० लाख रूपैयाँ मेगा बैंकको एकाउन्टपेयी चेक नं. २०२७२२१०९९ मार्फत गोर्खा मिडिया नेटवर्क प्रालिको नाममा प्रवाह भएको देखिएको छ। त्यतिबेला पनि लामिछाने गोर्खा मिडिया नेटवर्कको सञ्चालक थिए। २०७८ असार ३१ मा लामिछानेकै नाममा सूर्यदर्शन व्यावसायिक कर्जा शीर्षकमा कर्जा नं ११६-४४५६ मा रकमान्तर गरी कर्जा खडा गरी पेस्की सेटल गरेको पाइएको छ। सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्थामा लामिछानेको नाममा रहेको कर्जा नं. ११६-४४५६ को ऋण एक करोड रूपैयाँको १४.७५ प्रतिशत ब्याजदरमा पहिलो वर्षको ब्याज १४ लाख ७५ हजार र दोस्रो वर्षको ब्याज रु. १६ लाख १३ हजार ७३० समेत गरी एक करोड ३० लाख ८९ हजार रूपैयाँ २०८० असार १३ मा गोर्खा मिडिया नेटवर्क प्रालिको नाममा नयाँ कर्जा खाता नं. ११६-४८०१ खडा गरी ऋण कायम गरिएको थियो। २०७८ असार ३१ मा सुप्रिम सहकारीबाट पुलेसो कर्जामार्फत लामिछानेका नाममा १ करोड रकम निकासा गरिएको पाइएको छ। यी सबै विवरणमा आफ्नो संलग्नता नरहेको दाबी लामिछानेले संसदीय विशेष समितिसँग गरेका छन्।

रास्वपाका सहमहामन्त्री आचार्य गोर्खा मिडिया नेटवर्ककमा तत्कालीन समयमा क्रिएटिभ डाइरेक्टर थिए। उनका नाममा पनि २०७८ पुस ६ मा सूर्यदर्शन सहकारीबाट १ करोड रूपैयाँ गोर्खा मिडियामा गएको पाइएको छ। ग्यालेक्सी टेलिभिजनका पूर्वसंस्थापक एवं पूर्वडिआइजी जोशीसँग पनि प्रहरीले बयान लिएको छ। जोशी पनि ग्यालेक्सी टेलिभिजनका लगानीकर्ता अर्थात् जिबी (गितेन्द्रबाबु) राईका साझेदार थिए। पछि उनी गोर्खा मिडियाबाट बाहिरिएका थिए। सहकारीका रकम गोर्खा मिडियामा लगेर अपचलन गरिएको र जोशी पनि कुनै समय गोर्खा मिडियाको साझेदार भएका कारण उनीसँग प्रहरीले बयान लिएको हो।

## कसैले...

महामन्त्री थापाले पार्टी संगठनलाई थप ऊर्जाशील बनाउँदै कांग्रेसलाई एक्लै बहुमत ल्याउन सक्ने पाटीका रूपमा पुनः स्थापित गर्ने केन्द्रीय समिति बैठकमा बताए। 'हामी आफ्नै तागतले निर्वाचन लड्नेछौं,' थापाले बैठकमा भने,

**पहिलो पृष्ठको बाँकी**

'हाम्रा नेता तथा कार्यकर्ताहरूलाई पार्टीको चुनाव चिह्न रूखमै मत हाल्न पाउने अवस्था सुनिश्चित गर्नेछौं।' महाधिवेशन भएको ६ महिनाभित्र सम्पादन गर्नुपर्ने काम अहिलेसम्म नगरेको कांग्रेसले आगामी आम निर्वाचनमा बहुमत ल्याउने गरी संगठन परिचालनको ठोस कार्ययोजना र कार्यक्रम भने बैठकबाट ल्याएको छैन। केन्द्रीय समितिले महासमिति बैठक सम्पन्न भएको ६ महिनापछि त्यहाँ पेस भएका प्रतिवेदनहरू संशेधनसहित पारित गरेको छ। कांग्रेस महासमित बैठक फागुन १० गते ललितपुरको गोदावरीमा सम्पन्न भएको थियो।

**गठबन्धनप्रति कांग्रेस इमानदार**

बैठकले एउटा विशिष्ट राजनीतिक परिस्थितिमा संविधानको रक्षाका लागि कांग्रेसले निर्वाचन अगाडि गठबन्धनको नेतृत्व गरेको स्मरण गर्दै गत निर्वाचनमा कांग्रेसले पाँच वर्षका लागि गठबन्धन सहित मत मागेकाले उल्लेख गरेको छ। तर यो अवधिसम्म जनतासँगको वाचा र अन्य साझेदार दलहरूसँगको सम्झौताबमोजिम राजनीतिक इमानदारी प्रदर्शन गर्नुपर्छ भन्नेमा कांग्रेस सचेत र इमानदार रहेको स्मरण गर्दै कांग्रेसले भनेको छ, 'यस अवस्थामा राजनीतिक स्थिरता, सुशासन र विकासका लागि दुई प्रमुख राजनीतिक दलहरू नेपाली कांग्रेस र नेकपा एमालेबीच २०८१ असार १७ गते सहमति भएको छ। समानताका आधारमा समान हैसियतमा सरकार सञ्चालन गर्ने गरी दुई पार्टीबीच भएको सात बुँदे सहमतिलाई निष्कर्षमा पुऱ्याउन कांग्रेस इमानदार छ, रहनेछ।'

सात बुँदे सहमतिको मर्म र भावनाअनुरूप बाँकी अबधिमा राष्ट्रिय हितको रक्षा गर्न, भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गर्न कांग्रेस इमानदारीपूर्वक लाग्ने जनाएको छ। सुशासन कायम गर्न, राष्ट्रको विकास निर्माणको अभियानलाई तीव्रता दिन कांग्रेसको नेतृत्वदायी भूमिका निर्वाह गर्ने निर्णय गर्दै कांग्रेसले नागरिकको जीवनमा सकारात्मक परिवर्तन ल्याउने संघ र प्रदेशहरूमा सरकार साझेदारी र तीन सय ३२ स्थानीय तहको सरकारको नेतृत्व गरेको कांग्रेसले सेवा प्रवाहलाई चुस्त बनाउँदै शिक्षा, स्वास्थ्य, कृषिमा जोड दिने निर्णय गरेको छ। उसले संगठन परिचालनको १०० दिने अभियान चलाउने निर्णय गरेको छ।

## बार...

न्यायपरिषद् नियमावली, २०७४ को (पहिलो संशोधन, २०८०) गत असोज १ मा नेपाल राजपत्रमा प्रकाशित भएको थियो। नियमावली संशोधन गरी न्यायसेवा मुख्य रजिष्ट्रार पदमा कार्यरत रही उच्च अदालतको न्यायाधीशको पदमा नियुक्ति भएको व्यक्तिको हकमा मुख्यन्यायाधीशपछिको रोलक्रम हुने व्यवस्था गरिएको छ। 'विशिष्ट श्रेणीको पदमा नियुक्ति भएको मितिभन्दा पछि उच्च अदालतको न्यायाधीशमा नियुक्ति भएका व्यक्तिभन्दा अगाडिको रोलक्रमका आधारमा वरिष्ठता कायम गरिनेछ' भन्ने व्यवस्था नियमावलीमा गरिएको छ।

संशोधित नियम ११ को खण्ड (ख) पछि खण्ड (ख १ र २) थप गरिएको प्रावधान संविधानको धारा १४१ (३) र प्रचलित कानुनसँग प्रत्यक्षरूपमा बाँझिन गएको बारको दाबी छ। प्रधानन्यायाधीश अध्यक्ष हुने न्यायपरिषद् बैठकले २०८० असोज १ मा नियमावलीमा संशोधन निर्णय गरेको थियो।

बारले संविधान रक्षाका लागि शान्तिपूर्ण कार्यक्रम आयोजना गरेको जानकारी गराएको छ। 'न्यायपरिषद्ले उक्त गैरसंवैधानिक नियमावली खारेज नगर्दासम्म नेपाल बार एसोसिएसनको अभियान निरन्तर जारी रहनेछ', बारले आइतबार जारी गरेको विज्ञप्तिमा लेखिएको छ, 'यही अभियानअन्तर्गत २०८१ भदौ १७ देखि निरन्तर रूपमा अपरान्ह २ देखि ३ बजेसम्म देशभरिका अदालत परिसरभित्र सम्पूर्ण बार एकाइलाई विरोध कार्यक्रम आयोजना गर्नुहुन आह्वान छ।'

बारले नियमावली संशोधनमा असहमति जनाउँदै खारेज गर्न सम्बन्धित निकायलाई पटकपटक ध्यानाकर्षण गराउँदै आएको छ। नेपाल बारको सुर्खेतमा सम्पन्न वार्षिक साधारणसभा, चितवनमा भाएको केन्द्रीय कार्यकारिणी परिषद् बैठक, काठमाडौंमा भएको १६औं अखिल नेपाल कानुन व्यवसायी राष्ट्रिय सम्मेलन २०८१ ले नियमावलीमा गरिएको संशोधनलाई गैरसंवैधानिक घोषणा गर्न प्रधानन्यायाधीश र प्रधानमन्त्रीको ध्यानाकर्षण गराएको थियो।

सरोकारवाला निकायसँग परामर्श नगरी एकपक्षीय ढंगबाट नियमावली संशोधन गरिएको बारको आरोप छ। 'संशोधनबाट संविधानको धारा १४१ (३) को आत्मा नै मर्न गएको र कानुनको सिद्धान्तविपरीत रहेको यस एसोसिएसनको ठम्याइँ रही आएको छ,' बारले भनेको छ। बारले नियमावली संशोधनको विरोधमा आइतबार न्यायपरिषद् सचिवालयमा शान्तिपूर्ण धर्ना दियो।

## आज कुशे औंसी

काठमाडौं, भदौ १६ (नागरिक)- हिन्दु धर्मशास्त्रअनुसार सोमबार घरको मूलढोकामाथि कुश सिउरेर कुसे औंसी पर्व मनाइँदैछ। चान्द्रमासअनुसार प्रत्येक संवत्सरको भाद्र कृष्ण पक्ष औंसीका दिन मनाइने यस पर्वलाई पिता सम्मान दिवस वा बाबुको मुख हेर्ने दिनका रूपमा पनि लिइन्छ। कुशे औंसी पनि भनिने यस दिनमा ब्राह्मणले कुश उखेलेर पूजा गरेर जजमानका घरघरमा पुऱ्याउने चलन छ। यसो गर्दा पारिवारिक कल्याण हुने धार्मिक विश्वास छ। सनातन धर्मावलम्बीले कुश, तुलसी, पिपल र शालिग्रामलाई भगवान् विष्णुको प्रतीकका रूपमा लिन्छन्। सृष्टिकर्ता ब्रह्माले विवेकशील प्राणीसँगै पवित्र कुश पनि उत्पन्न गरेको शास्त्रीय मान्यता छ। यस दिन राखिएको कुश वर्षभरि देवकार्य तथा पितृकार्यमा प्रयोग गरिन्छ। बाबुको मुख हेर्ने दिनका रूपमा पनि यो पर्व प्रचलित छ। 'पितृदेवो भवु भन्ने धार्मिक मान्यताअनुरूप यस दिन छोराछोरीले आफ्ना जीवित बाबुलाई श्रद्धापूर्वक रुचिअनुसारको खाना खुवाई आशीर्वाद लिने गर्छन्।

## कनकाई नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
जामुनबारी, झापा, कोशी प्रदेश, नेपाल
फोनः ०२३-४०११५५, इमेलः kanakai.mun@gmail.com

## नदीजन्य पदार्थ संकलन र बिक्री सम्बन्धी आन्तरिक आयको विद्युतीय बोलपत्र आव्हानको सूचना

सूचना प्रकाशित मितिः २०८०/०५/१७

यस कनकाई नगरपालिकाको आन्तरिक आय संकलन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४, आन्तरिक आयको ठेक्काबन्दोबस्त सम्बन्धी कार्यविधि २०७५ "ढुङ्गा, गिटी बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" अनुसार तपसिल कार्यहरुको लागि बोलपत्रको मध्यमबाट योग्य फर्म/कम्पनी छनौट गर्नुपर्ने भएको हुनाले तपसिल कार्यको लागि इच्छुक सम्पूर्ण कम्पनी/फर्मको जानकारीको लागि बोलपत्र आव्हानको सूचना प्रकशित गरिएको छ। बोलपत्र सम्बन्धी मूख्य विवरण तपसिल बमोजिम रहेको छ।

तपसिलः

| क्र.स. | सम्झौता संकेत नं.: | कार्य तथा अन्तरिक आय संकलन क्षेत्र | आ.व. २०८१/८२ कोलागि न्यूनतम रकम | बोलपत्र पेश गर्ने अन्तिम मिति तथा समय | बोलपत्र फाराम शुल्क | बोलपत्रको मान्य हुने अवधी | बोलपत्र जमानत रकम (बैंक जम(नत वा धरौटी खातामा नगद जम्मा) | बोलपत्रजमानतको मान्य हुने न्यूनतम अवधि |
|---|---|---|---|---|---|---|---|---|
| १. | KANAKAI/IR/2081/82-06 | कनकाई नगरपालिकाले तोकी दिएको क्षेत्र (विरिङ्गनदी) भित्र IEE प्रतिवेदन अनुसार तोकिएको परिमाण र प्रदेश सरकारबाट तोकिएको दररेट बमोजिमको नदीजन्य सामग्री (पदार्थ) संकलन तथा बिक्री | रु. २,०९,४२,४७०।- अक्षरेपी दुई करोड नौ लाख बयालिस हजार चार सय सत्तरी रुपैया मात्र। | १६ असोज २०८१, मध्यान्ह १२:०० बजे | रु. ३,००० | ९० दिन | कबोल रकमको न्यूनतम ५ प्रतिशत | १२० दिन |

नोटः- बोलपत्र पेश गर्न इच्छुक बोलपत्रदाताले थप जानकारी लिन वा बोलपत्र सम्बन्धी कागजात हेर्न नगरपालिकाको वेबसाईट www.kanakaimun.gov.np मा हेर्न वा यस नगर पालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ वा खरिद अनुगमन कार्यालयद्वारा संचालित विद्युतीय खरिदप्रणाली (https://bolpatra.gov.np/egp/) मा उपलब्ध छ।

**प्रमुख प्रशासकीय अधिकृत**



चाँगुनारायण नगरपालिकाको दुवाकोटस्थित मनोहरा खोलामा माछा मार्दै जलारी।

*तस्बिर : सुप्रदिप्त न्यौपाने/नागरिक*

# कृषि उत्पादन, बजार व्यवस्थापन र खाद्य सुरक्षामा योगदान

**नागरिक संवाददाता**

*काठमाडौं, भदौ १६*

नेपालमा कृषि उत्पादनहरू प्रायः बिचौलियाका अनेकन् तहबाट गुज्रिन्छन्। प्रत्येकले आफ्ना मूल्य जोड्दा अन्त्यमा उपभोक्ताले अनुचित हिसाबमा उच्च मूल्य तिर्नुपर्ने हुन्छ। सामान्यतया यी उत्पादनहरू उत्पादक, डिलर, त्यसपछि वितरक, थोक बिक्रेता र खुद्रा बिक्रेता हुँदै अन्ततः उपभोक्तामा पुग्ने गर्छन्।

यिनै मध्यस्थ तहहरूको व्यवस्थापन गर्ने नियमहरूको अभावले किसानहरूलाई पनि न्यूनतम नाफा हुन्छ। कतिपय अवस्थामा त घाटा पनि हुन्छ। किसानहरू आफ्ना उत्पादन बेच्न सधैं संघर्ष गरिरहेका हुन्छन्। यसरी नेपाली कृषकहरूले एकातिर उचित मूल्यमा आफ्नो उत्पादन बिक्री गर्न पाएका छैनन् भने अर्कोतिर उत्पादनमा पनि ठुलो कठिनाइको सामना गर्नुपरेको छ। धेरै किसानसँग कृषि पेसाका लागि आवश्यक सेवाहरू, जस्तै : कृषि-पशु चिकित्सा परामर्श, उन्नत बिउ र अन्य कृषि सामग्रीहरूमा पहुँच छैन। यसले उनीहरूको उत्पादकत्वमा बाधा पुगेको छ।

यिनै चुनौतीलाई सम्बोधन गर्न डिजाइन भएको र कार्यान्वयन गरिएको ज्ञानमा आधारित एकीकृत दिगो कृषि नेपाल (किसान) परियोजनाले नेपालले आफ्नो कृषि क्षेत्रलाई कसरी अगाडि बढाउन सक्छ भन्ने राम्रो उदाहरण प्रस्तुत गरेको छ। सरकारले सन् २०२४-२०३४ लाई कृषि दशकका रूपमा मनाउने निर्णय गरेसँग यो परियोजनाले तालमेल मिलाइराखेको छ। धेरै कृषक आफ्नो वैकल्पिक पेसाको खोजी गर्ने अथवा वैदेशिक रोजगारीमा आकर्षित हुन थालेपछि किसान परियोजना सुरु गरिएको थियो। यसले कृषकहरूलाई सम्भावित क्रेताहरूसँग प्रत्यक्ष जोड्दै आवश्यक सामग्रीहरू चाँडै उपलब्ध गराउने र एकीकृत दृष्टिकोणमार्फत तालिम प्रदान गर्दै अगाडि बढ्ने बाटो देखाएको छ। बजारमा आधारित यो मोडलले घाटाको जोखिम कम गर्न, किसानहरूलाई आफ्नो पेसा जारी राख्न र देशको खाद्य सुरक्षामा योगदान दिन प्रोत्साहित गरेको छ।

अमेरिकी सहायता नियोग युएसएआइडीको सहयोगमा सञ्चालित यस परियोजनाले अपनाएको एकीकृत मोडलले नेपालमा कृषिमा निजी क्षेत्रको भूमिका विस्तार गर्न, लगानी आकर्षित गर्न र कृषि उत्पादन र आर्थिक समृद्धि दुवैलाई बढावा दिने सम्भावना रहेको विज्ञको तर्क छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा रामकृष्ण श्रेष्ठले आयोजनाको अवलम्बन गरेको राइस मिल मोडलले धान किसानलाई धान मिल मालिकसँग प्रत्यक्ष जोड्ने र सुधारिएको बिउ र मलजस्ता कृषि सामग्रीमार्फत सहयोग उपलब्ध गराएको बताए। त्यसैगरी मकै किसान र एग्रोभेटेरिनरी सेवालाई परियोजनामा एकीकृत गरिएको उनको कथन छ।

## किसान परियोजना

किसान परियोजना अमेरिकी सरकारको 'फिड द फ्युचर इनिसिएटिभ' को एक हिस्सा हो। यो अभियानअन्तर्गत नेपाललाई सन् २०११ देखि १८ करोड अमेरिकी डलर सहयोग प्राप्त भएको छ।

'यस परियोजनामा गरिएको मूल्य शृंखलाको एकीकरणले सकारात्मक परिणाम ल्याएको छ,' उनले भने। परियोजनामा संलग्न कृषकहरूले खरिदकर्तालाई सहज पहुँच मात्र नभएर समयमै सहयोग पनि गरेको बताए। साहु राइस मिलमा आबद्ध बाँके जिल्लाका कृषक भीमसेन कुर्मीले मिल मालिकले बजारको मागलाई ध्यानमा राखेर धानका प्रकारबारे सुझावसमेत दिएको बताए। कामका लागि मलेसियामा धेरै वर्ष बिताएपछि कुर्मीले सुरुमा ३.३ हेक्टरमा मोटो धान खेती गरेका थिए। भोलेनाथ किसान समूहमा सामेल हुँदै स्थानीय साहु राइस मिलसँग गरेको साझेदारीले उनको पेसाले एउटा मोड लियो। राम्रो धान उत्पादनमा विशेष तालिम लिएर उनले मोटोबाट अझ राम्रो र सुगन्धित धानको जातको खेती गर्न थाले। हाल २.६ हेक्टरमा राम्रो धान र ०.६६ हेक्टरमा सुगन्धित धान खेती गर्दै वार्षिक ५ हजार डलरभन्दा बढी आम्दानी गरिरहेका छन्।

उता मकै किसान ईश्वरी भट्टराईले यस्तै अनुभव छ। किसान परियोजनाले स्थानीय किसानलाई तुलनात्मक रूपमा गुणस्तरीय मकै उत्पादन गर्न सक्षम बनाएको छ, यसले किसान र व्यवसायी दुवैलाई फाइदा पुगेको छ। परियोजनाले किसानहरूलाई उचित खेती र भण्डारण अभ्यासहरू, साथै उन्नत बिउबारे ज्ञान उपलब्ध गराएको छ। २०१७ जुलाईदेखि २०२४ जुलाईसम्म किसान परियोजनाले ७३ प्रतिशत महिला र ६३ प्रतिशत सीमान्तकृत समूहहरूसहित कुल २ लाख ७० हजार ६ सय किसानहरूलाई सहयोग गरेको छ। युएसएआइडी, सरकार र निजी क्षेत्रबीचको यो साझेदारीले नेपालको २५ जिल्लामा कृषि उत्पादकत्व र बिक्रीमा उल्लेख्य वृद्धि गरेको छ।

यस परियोजनाले विभिन्न २५ जिल्लामा एक सय ७७ फर्महरूसँग साझेदारी गरेको छ र लगभग ६ सय सहयोगी (एक्सटेन्सन वर्कर) कार्यकर्तालाई परिचालन गरेको छ। समग्रमा यसले किसानहरूलाई बजार र वित्त पहुँच गर्न मद्दत गरेको छ। यसले ३५ हजारभन्दा बढी किसान परिवारहरूलाई सिँचाइ प्रणाली उपलब्ध गराएको छ। यस सहयोगले उत्पादनमा १३९ प्रतिशत वृद्धि भएको छ। कृषिजन्य उत्पादनको बिक्री ४७ करोड ६० लाख अमेरिकी डलरभन्दा बढी नाघेको छ। यसैगरी जलवायु-स्मार्ट कृषि अभ्यास र नयाँ डिजिटल प्रविधिको प्रवर्धन गरेर यो परियोजनाले किसानहरूलाई जलवायु परिवर्तनको प्रभावहरूसँग अझ राम्रोसँग सामना गर्न सशक्त बनाएको छ।

'नेपाली किसानलाई आफ्नो आम्दानी बढाउन, स्थानीय बजारको स्वस्थ खानामा उनीहरूको पहुँच विस्तार गर्न र देशको समग्र खाद्य सुरक्षा र समृद्धिमा सुधार गर्न देशको कृषिको सम्भावना सदुपयोगमा मद्दत गर्न पाउँदा हामी गर्व गर्छौं,' अमेरिकी दूतावासका डेपुटी चिफ अफ मिसन ज्यासोन मिक्सले भनिन्।

सम्बद्ध सरकारी अधिकारीका अनुसार परियोजनाले ल्याएको चामल मिल र मकै खेतीको 'एग्रिगेसन मोडल'ले किसानहरूलाई उचित मूल्यमा उत्पादनहरू खरिद गर्न सक्षम बनाएको छ। 'राइस मिल मोडेल'को सफलताले सरकारी निकायहरूले यसको सिकाइलाई अन्यत्र लग्नसमेत प्रेरणा दिएको छ।

यसबाहेक किसान दोस्रो परियोजनाले कृषि क्षेत्रको संयुक्त समीक्षात्मक पुनरवलोकन (जोइन्ट सेक्टर रिभ्यु) गर्न सहयोग गरेको छ भने समग्र कृषि विकास रणनीतिको समीक्षा र प्राथमिकताको चयनमा योगदान गरेको छ। यो अभ्यासले नेपाल सरकारले अब लिने दीर्घकालीन अवधारणालाई सहयोग पुग्नेछ। किसान परियोजनाको दोस्रो चरण हालै सम्पन्न भएको छ तर यसले स्थापना गरेको धान मिल मोडेल र मकै एग्रिगेटर मोडल जारी छ। यसले परियोजनाको दिगो दृष्टिकोणलाई प्रमाणित गर्छ।

'हामीले परियोजनाले सुरु गरेको कामलाई निरन्तरता दिइरहेका छौं। हामीले सुरुमा जेटिए (जुनियर प्राविधिक सहायक) राख्न परियोजनाबाट सहयोग पाएका थियौं। तर अब परियोजनाको समापनपछि पनि हामी उनीहरूलाई हाम्रो आफ्नै लागतमा कायम राख्नेछौं,' साहु राइस मिलका मालिक तथा परियोजनाका निजी क्षेत्रका प्रतिनिधि सञ्जय साहुले भने।

किसान परियोजना अमेरिकी सरकारको 'फिड द फ्युचर इनिसिएटिभ'को एक हिस्सा हो। यो अभियानअन्तर्गत नेपाललाई सन् २०११ देखि १८ करोड अमेरिकी डलर सहयोग प्राप्त भएको छ। यसले नेपाली किसानको कृषि उत्पादकत्व बढाउन र कृषि उत्पादन बिक्रीमार्फत आफ्नो आम्दानी बढाउन सहयोग पुऱ्याएको छ।

# संसद् अधिवेशन अन्त्य गर्ने दाउ हेर्दै सरकार

**ईश्वरी सुवेदी**

*काठमाडौं, भदौ १६*

प्रतिनिधिसभाको बैठक बिजनेसविहीन हुन पुगेको छ। मंगलबार बस्ने बैठकमा दुई विधेयक समितिमा पठाउनेबाहेक अन्य विषय छैनन्। संसद् सचिवालयले दिएको जानकारीअनुसार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) विधेयक २०८१ र धितोपत्रसम्बन्धी (पहिलो संशोधन) विधेयक २०८१ लाई मंगलबारको प्रतिनिधिसभाको बैठकले अर्थ समितिमा पठाउने छ।

यसबाहेक संसद्को अर्को बैठकमा के विषय कार्यसूचीमा राख्ने भन्नेमा समस्या देखिएको छ। अझै दुई महिनासम्म अर्थात् कात्तिक १५ सम्म बर्खे अधिवेशन सञ्चालन गर्ने समय भए पनि सरकार बिजनेस दिनभन्दा अहिल्यै अधिवेशन अन्त्य गर्ने सजिलो बाटो खोज्दै छ।

'संसद्मा नयाँ विधेयक दर्ता हुनुपर्ने, दर्ता भएका विधेयकको कारबाही अघि बढाउनुपर्ने, समितिमा रहेका विधेयकलाई टुंगो लगाएर सदनमा पेस गर्नुपर्ने अवस्था नभएमा संसद्मा बिजनेसविहीनको अवस्था उत्पन्न हुने गर्दछ र त्यस्तो अवस्थामा कि सदन लामो समयसम्म स्थगित गरिन्छ कि त अधिवेशन अन्त्य नै गरिन्छ', संसद् सचिवालयका एक अधिकारीले भने।



## संसद् बिजनेसविहीन

संसदलाई बिजनेस दिने काम सरकारको हो। अघिल्लो सरकारका पालामै संविधान अनुकूल र संघीयता कार्यान्वयनका लागि बनाउनुपर्ने भनेर औंल्याइएका एक सय ८० वटा कानुनका लागि नयाँ विधेयकलाई क्रमिक रूपमा संसदमा दर्ता गर्न सकेको अवस्था छैन। राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले कानुन मन्त्रालयको सहयोगमा तयार पारेको 'संविधानअनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन २०८०' ले एक सय ८० कानुन बनाउनुपर्ने भन्दै कानुन नबन्नुमा सरकार र संसद्लाई नै मुख्य जिम्मेवार देखाएको छ।

यसबिचमा प्रधानमन्त्रीको अमेरिका भ्रमण भएकाले पनि केही दिन संसद् बैठक प्रभावकारी हुन नसक्ने अवस्था आएको छ। प्रधानमन्त्री केपी शर्मा ओली सेप्टेम्बर १० देखि २८ (२५ भदौदेखि १२ असोज) सम्म न्युयोर्कमा हुने संयुक्त राष्ट्रसंघीय महासभामा भाग लिन अमेरिकाको न्युयोर्क जाने तयारी भएको छ।

यसबिचमा संसदीय समितिमा छलफलमा रहेका कुनै पनि विधेयकको टुंगो तत्काल लाग्ने अवस्था नभएको सम्बन्धित संसदीय समितिका सभापतिले सभामुखलाई जानकारी गराएका छन्। प्रतिनिधिसभामा तर्फ मात्र उत्पत्ति भएका मात्र हैनन्, राष्ट्रियसभाबाट सन्देशसहित आएका विधेयक पनि प्रतिनिधिसभाको समितिमै थन्किएको अवस्था रहेको संसद सचिवालयले जानकारी दियो।

संसदीय समितिमा विधेयकमाथि छलफल गर्दा सम्बन्धित मन्त्री उपस्थित हुनुपर्दछ। मन्त्रीले विधेयकमाथिको छलफलमा समय नदिने गरेको समितिका सभापतिहरूको गुनासो रहँदै आएको छ। राष्ट्रियसभाका पूर्व सांसद राधेश्याम अधिकारीले संसद् प्रभावकारी हुनका लागि सांसद, मन्त्री र संसद् सचिवालयका कर्मचारीको प्रभावकारी भूमिका हुनुपर्ने बताउँछन्। संसद् सचिवालयले गरेको कार्यक्रममा उनले संसद् सामुहिक सहयोगले मात्रै प्रभावकारी हुने बताए।

संसदको बैठक कहिले बोलाउने भन्ने विषयमा सरकारले बिजनेस दिएका आधारमा सभामुखले बोलाउनु पर्दछ। सरकारले नै संसद्को बैठकबारे स्पष्ट नभएपछि सभामुखले अर्को सूचना नभएसम्मका लागि बैठक स्थगित गर्न सक्छन्।

गृहमन्त्री रमेश लेखकले भने सरकार संसद् अधिवेशन अन्त्य गर्नेतर्फ लागेको विषयलाई भने स्वीकार गरेनन्। उनको भनाइलाई आधार मान्ने हो भने संसद् अधिवेशन अन्त्य हुँदैन, बिजनेस नभए बरु लामो अन्तरालमा बस्न सक्ने छ।

चाडपर्वहरूको समय सुरु भएकाले यो समयमा हुने कालोबजारी र राजमार्गमा हुने ठुलाठुला दुर्घटना नियन्त्रणबारे बोल्न सदनको आवश्यकता पर्दछ। मनसुन अझै सक्रिय रहेकाले यसबाट हुने घटनाका विषयलाई पनि सदनमा उठान गर्नुपर्ने अवस्था आउन सक्छ। सरकारले सदनमा जवाफ दिनुपर्ने हुन सक्छ। त्यसैले पनि संसद् लामो समयसम्म स्थगित गर्ने वा अधिवेशन अन्त्य गर्ने विषयमा भने प्रतिपक्षी सांसदहरूको असहमति रहेको छ।

प्रतिनिधिसभातर्फ समितिमा आएका विधेयकमध्ये जलस्रोत विधेयक, विद्युत् विधेयक, पूर्वाधार विकास समितिमा छन्। बैंक तथा वित्तीय संस्थासम्बन्धी (पहिलो संशोधन) विधेयक, भन्सार विधेयक र बैंकिङ कसुर तथा सजाय विधेयक अर्थ समितिमा छन्। संघीय निजामती सेवाको गठन सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र निर्माणमुखी सामग्री (व्यवस्थापन तथा नियमन ) विधेयक, अख्तियार दुरूपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक, भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक राज्य व्यवस्था तथा सुशासन समितिमा छन्। विद्यालय शिक्षा विधेयक, नेपाल विश्वविद्यालय विधेयक, सार्वजनिक सेवा प्रसारण विधेयक शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिमा छन्। कानुन समितिमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक र विधायनसम्बन्धी विधेयक रहेका छन्।

विद्युतीय व्यापार विधेयक उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा रहेको छ। संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक संसदमा प्रतिवेदनसहित पेस भएको छ। यो विधेयक पारित गर्न मात्र बाँकी रहेको अवस्थामा छ।

# न्युयोर्कमा गुन्जियो 'नेपथ्य'

काठमाडौं, भदौ १६ (नागरिक)- हजारौं दर्शकमाझ अन्तिम गीत 'रातो र चन्द्रसूर्जे' गाइरहँदा जतातत्तै राष्ट्रिय झण्डा फहराइरहेको देखेपछि गायक अमृत गुरुङ भावविभोर बन्न पुगे। धुन बज्दाबज्दैको क्षण उनले बिचैमा दुवै हात उचाले र अनुरोध गरे, 'संसारभर फैलिएर रहेका नेपालीभाषीहरू एक भएर बसौं है।' प्रतिउत्तरमा टनाटन भरिएको 'टर्मिनल फाइभ' हलै थर्कमान हुने गरी दर्शकले समर्थन जनाए।



अमृतको यो आह्वानसँगै अमेरिकाको शृंखलाबद्ध कन्सर्टमध्ये पाँचौं आयोजना पनि न्युयोर्कमा उत्तिकै भव्यताका साथ सम्पन्न भएको छ। विश्वकै केन्द्र मानिने यो सहर, नेपाली लोक रक ब्यान्ड 'नेपथ्य' ले अमेरिकामा आफूलाई सबैभन्दा धेरैपटक प्रस्तुत गरेको सहर पनि हो।

यसपटक यो सहरमा नेपथ्य प्रवेश गर्दै गर्दा उत्साही नेपालीको टोली परम्परागत पोसाकसहित स्वागत गर्न लागोर्डिया विमानस्थल पुगेका थिए। उनीहरूले साथमा लिएर गएको पञ्चेबाजा टोलीले तयार पारेको धुनसहित ब्यान्डलाई न्युयोर्क सहरमा भित्र्याइएको थियो।

निर्धारित समयअनुसारै कन्सर्ट शनिबारको बेलुकी ठीक नौ बजे सुरु भएको थियो। नेपथ्यमा नयाँ तथा सार्वकालिक हिट गीतहरू प्रस्तुत गरिएको यो कार्यक्रममा गीतहरूका बिचमा गायक अमृत गुरुङले बोलेका सामाजिक तथा सांस्कृतिक टिप्पणीहरूमा समेत दर्शकले उत्तिकै आनन्द मानेको देखिन्थ्यो। उनले गीत प्रस्तुतिसँगसँगै यसरी दर्शकसँग दोहोरो संवादको क्रम कार्यक्रमको अन्तिमसम्मै जारी राखेका थिए। कतिपय गीतहरू आफूले नेपालका जटिल भूभागमा पद यात्राकै क्रममा तयार पारेको र कतिपय उतै संकलन गरेको जानकारी पनि उनले दिएका थिए।

कन्सर्ट अवधिभर दर्शकले भरिएको सिंगै 'टर्मिनल फाइभ' हल बत्ती, आवाज र उफ्रिरहेका खचाखच भीडको उत्साहले उचालिएको थियो। 'नेपाली भाषा रहुञ्जेल हामी नेपाली रहिरहने छौं', अमेरिका बस्दै आएका दर्शकलाई अमृतले अनुरोध गरे, 'संसारमा जतासुकै गए पनि भावी सन्ततिलाई सके आफ्नो मातृभाषासमेत, नत्र नेपाली भाषामार्फत उनीहरूको जरासँग जोडिदिन नछाड्नुस् है।'

कार्यक्रममा 'यो जिन्दगानी' प्रस्तुत हुँदा भावुक भइरहेका दर्शकलाई त्यसपछि भने 'गाउँगाउँबाट उठ' ले जुरुक्कै उचाल्दै 'रेशम', 'तालको पानी' र 'रातो र चन्द्रसूर्जे' जस्ता प्रस्तुतिमार्फत चरमोत्कर्षमा पुऱ्याएको देखिन्थ्यो। न्युयोर्क विश्वविद्यालयको उडहल अस्पतालमा रेसिडेन्ट डाक्टर रहेका समन अर्याल यो ठाउँ आएको दुई वर्ष भयो।

उनी पहिलोपटक नेपथ्यको कन्सर्ट अनुभव गरिरहेका थिए। 'सबैको समयको कदर गर्दै समयमा सुरु भएको यो कार्यक्रमको प्रत्येक क्षण विशेष रूपमा सिँगारिएको महसुस भयो', डा. अर्याल भनिरहेका थिए, 'मञ्चका कलाकारसँगै दर्शकदीर्घाले एकसाथ गाइरहेको देख्दा यो त जीवनमै एकपटक लिनैपर्ने रमाइलो अनुभवजस्तो लाग्यो।'

यो कन्सर्ट हेर्नकै निम्ति नेपाली साथीको साथ लागेर बंगलादेशी मूलकी २२ वर्षीया विद्यार्थी माया कर्माकर पनि आएकी थिइन्। 'संगीतले भाषाको सीमारेखा नाघ्दो रहेछ भन्ने उदाहरण मेरा निम्ति नेपथ्यको आजको प्रस्तुति रह्यो', मायाले थपिन्, 'मञ्चबाट आइरहेको शक्तिशाली प्रभाव, तल दर्शकको एकत्रित ऊर्जा, जतातत्तै प्रशंसकहरू गाइरहेका नाचिरहेका, मुख्य गायकका बोलीदेखि लिएर हाउभाउसम्म प्रत्येक गतिविधिमा सम्मोहन, पृष्ठभूमिमा बग्दै गरेका नेपालका मनमोहक दृश्यदेखि हलभित्रका चकाचौध बत्तीहरूको प्रयोगले सिंगो परिवेशै गज्जबको लाग्यो।'

लोरेन ग्राबीले साउन्ड इन्जिनियरको काम थालेको ३० वर्ष भयो। बितेको १५ वर्षयता भने उनी यसै टर्मिनल फाइभमा कार्यरत छन्। 'मैले दुनियाँभरका धेरै प्रकारका ब्यान्डहरूको कन्सर्टमा काम गरेको छु। नेपथ्यसँगको अनुभव भने यो रक ब्यान्ड भइकन पनि यसका संगीतमा लुकेका युनिक नोटहरूले गर्दा बेग्लै स्वादको लाग्यो', लोरेन भन्दै थिए।

कन्सर्टमा मुख्य गायक अमृतलाई ड्रमसेटमा ध्रुव लामा, बेस गितारमा सुबिन शाक्य, गितारमा निरज गुरुङ, मादलमा शान्ति रायमाझी र किबोर्डमा दिनेशराज रेग्मीले सघाएका थिए। 'हामीले धेरै कार्यक्रम आयोजना गर्दै आएको भए पनि नेपथ्यचाहिँ विशेष रह्यो', आयोजक टोलीका थिले थकालीले भने, 'कन्सर्ट सकिएपछि पनि मलाई असंख्य दर्शकले फोन र मेसेज गर्दै धन्यवाद दिइरहेका छन्।' आफूहरूले चाहना र मेहनत गरेबमोजिम नै यसपालाको नेपथ्य कन्सर्ट न्युयोर्कमा हालसम्म प्रस्तुत नेपाली कार्यक्रममध्ये ऐतिहासिक बन्न पुगेको उनको प्रतिक्रिया थियो।

३५ वर्षदेखि न्युयोर्क बस्दै आएका अनिल शाहीले आफ्नो फेसबुकमा साथीहरूसँग नाच्दै गरेको भिडियो पोस्ट गर्दै लेखेका छन्, 'नेपथ्यमय भएसी बुढेसकालाँ नि बैंस यस्तरी उर्लदो र'छ के!' यसरी अमेरिकाको शृंखलाबद्ध यात्रामा अघिल्ला पाँच कन्सर्ट भव्यरूपमा सम्पन्न भएपछि 'नेपथ्य' ले छैटौं प्रस्तुति मेरिल्यान्ड र अन्त्यमा पेन्सिलभानियाको ह्यारिसबर्गमा सातौं कन्सर्टसँगै यस वर्षको डेढ महिना लामो अमेरिका यात्राले विश्राम लिने छ।

# वन्यजन्तुमैत्री पूर्वाधार निर्माणमा जोड

**किरणमान बज्राचार्य**

*कपिलवस्तु, भदौ १६*

भौतिक पूर्वाधार निर्माण गर्दा वन्यजन्तुमैत्री बनाउनुपर्नेमा सरोकारवालाले जोड दिएका छन्। पूर्व-पश्चिम राजमार्ग विस्तार, रेल वे लाइन, सिँचाइ, विद्युत् उत्पादन केन्द्र निर्माण, प्रसारण लाइनलगायत पूर्वाधार निर्माण गर्दा वन्यजन्तुमैत्री बनाउनुपर्नेमा सरोकारवालाले जोड दिएका हुन्।

पूर्वाधार निर्माण गर्दा वन्यजन्तुमैत्री पूर्वाधार नहुँदा दुर्घटना हुने तथा वन्यजन्तुको अकालमै ज्यान जाने जस्ता घटना हुन थालेपछि वन्यजन्तुमैत्री पूर्वाधार निर्माण गर्न बुटवलमा आयोजित कार्यशालाका वक्ताहरूले जोड दिएका हुन्।

सवारी साधनसँग ठोक्किएर, नहरमा डुबेर, करेन्ट लागेर आदि कारणले जीवजन्तु मर्ने गरेका छन्। सन् २०२१/२२ मा चार सय ५८ जंगली जनावरको मृत्यु भएकोमा २४ प्रतिशत ठोक्किएर मृत्यु भएको तथ्यांक प्रस्तुत गरिएको थियो। बबई सिँचाइ आयोजनामा आव २०७८/७९ मा १८ वन्यजन्तु डुबेर मरेका थिए।

एक हजार २७ किमिको पूर्व-पश्चिम राजमार्गमा जीवजन्तुसमेत मर्ने गरेका छन्। वन्यजन्तुका लागि पूर्वाधार निर्माण गर्दा बजेट न्यून लाग्नेसमेत जानकारी गराइएको थियो। कार्यक्रममा सहभागी रूपन्देही बुटवल उपमहानरपालिका, सैनामैना नगरपालिका, वाणगंगा नगरपालिका, बुद्धभूमि नगरपालिका, शिवराज नगरपालिका, राप्ती गाउँपालिका, लमही नगरपालिकाका प्रमुख र प्रतिनिधि वन अधिकारी, सडक निर्माण इन्जिनियर, वन विशेषज्ञहरूले पूर्वाधार निर्माण गर्दा मानव बस्ती र जीवजन्तुहरूको विशेष ख्याल गर्नुपर्ने बताए।

सडक बनाउँदा वन्यजन्तुका लागि अन्डरपास राख्नुपर्ने, सिँचाइका लागि निर्माण गरिने कुलो तथा नहरमा दुर्घटनामा परेका वन्यजन्तुमाथि उक्लिन मिल्ने गरी बनाउनुपर्ने, विद्युतीकरण गर्दा तारहरूमा स्टिकर लगाउनुपर्नेलगायतका विषयमा ध्यान दिन आग्रह गरेका थिए।

जनप्रतिनिधिहरूले वन क्षेत्रमा कुनै पनि संरचना बनाउन संघीय वन ऐनले रोकेको भन्दै गुनासो गरेका छन्। कार्यशालामा बुटवल उपमहानगरपालिका प्रमुख खेलराज पाण्डेयले वन र सरकारको समन्वय नहुँदा वनमा कुनै पनि कार्यक्रम हुन नसकेको बताए। उनले वन क्षेत्रमा सरकारले यकिन गरी काम अघि बढाउनुपर्ने बताए। ठुला परियोजनाहरू संघीय सरकारको मातहतमा रहने भएकाले यस विषयमा संघीय र प्रदेश सरकारले ध्यान दिनुपर्ने बताए।

कपिलवस्तुको शिवराज नगरपालिकाका प्रमुख अजय थापाले वनको कानुन जनताभन्दा माथि रहेको आफूले महसुस गरेको बताए। उनले वन र तीनै तहका सरकारको समन्वयको अभाव महसुस गरिरहेको बताउँदै छाडा चौपायाका कारण सडक दुर्घटना बढेकाले गौचरण माग गरिएको बताए। पाल्पाको तिनाउ गाउँपालिका अध्यक्ष प्रेम श्रेष्ठले आफ्नो पालिकमा ७७ प्रतिशत बढी वन क्षेत्र रहेको बताउँदै वन्यजन्तुका कारणले स्थानीय समस्यामा परेको बताए। उनले यसको दीर्घकालीन समाधानको बाटो खोज्नुपर्ने बताए।

बुटवल गोरुसिंगे सडक निर्माण आयोजनाका प्रमुख होमबहादुर क्षेत्रीले पहिलो चरणमा बुटवलदेखि कपिलवस्तुको इमिलियासम्म ५० किमिको बाटो निर्माण हुने बताए। उनले बस्ती क्षेत्रमा ५० मिटर र वन क्षेत्रमा २५ मिटरको हिसाबले सडक निर्माण हुने बताउँदै ६ स्थानमा वन्यजन्तुका लागि अन्डर पास निर्माण हुने बताए। लुम्बिनी प्रदेश वन निर्देशनालयका वन निर्देशक दधि कँडेलले वन संरक्षण र वन्यजन्तु मैत्री पूर्वाधार निर्माणमा सबैले सहयोग गर्नुपर्ने बताए। देशमा बनेका कानुनको फरक-फरक व्याख्या गर्दै समस्या उत्पन्न भएको बताए।

सैनामैना नगरपालिकाका अधिकृत केशवराज अर्यालले पालिकाले कार्यविधि बनाएको बताउँदै अझै कानुन बन्न नसकेको बताए। उनले संघीय कार्यविधिमा टेकेर कार्यविधि बनाएको बताए। प्रदेश पूर्वाधार प्राधिकरणका इन्जिनियर शंकर सुवेदीले सबैले कानुन निर्माण गरेर मात्रै ती कानुन कार्यान्वयन नहुने बताए। उनले निर्माणसँगै सम्बन्धित कानुनका बारेमा सोही क्षेत्रका व्यक्तिलाई राखेर जानकारीमूलक छलफल गर्नुपर्ने बताए।

कार्यक्रममा डा. रोशन शेरचनले प्राकृतिक स्रोत संरक्षणमा रेखीय पूर्वाधारका असर तथा असल अभ्यास, चितवन राष्ट्रिय निकुञ्जका दिलबहादुर पुर्जा पुनले वन्यजन्तुमैत्री पूर्वाधार निर्माणको कार्यविधि र स्थानीय स्तरमा यसको महत्व र पुरुषोत्तम खतिवडाले स्थानीय कानुन तथा नीतिहरूमा वन्यजन्तुमैत्री पूर्वाधार निर्माणको मूल प्रवाहीकरण विषयक प्रस्तुती गरेका थिए।

आर्थिक वर्ष २०८९/८० सम्म राष्ट्रिय राजमार्ग दुई लेनसम्म, कालोपत्रे सात हजार ६ सय ७५ किमि निर्माण गरिएको तथा आव २०८५/८६ सम्म १३ हजार ६ सय पाँच किमि गर्ने सरकारको लक्ष्य छ। दुई लेनमाथि २०७९ सालसम्म दुई सय ३० र आव २०८५/८६ सम्म एक हजार ८० किमि बनाउने लक्ष्य छ। विश्व बैंकको सहयोगमा कमला ढल्केबर पथलैया सडक एक सय ३० किमि र बुटवल इमिलिया सडक ५० किमि बनाउने तयारी छ। जलवायु परिवर्तनबाट विस्थापित, बाढी, चोरीसिकारी र वन्यजन्तु व्यापार, वन डढेलोलगायतका चुनौती छन्। पूर्वाधार संरचना सडक, सिँचाइ नहर, विद्युत् प्रसारण लाइन, रेलमार्ग वन्यजन्तुमैत्री नहुँदा वासस्थानको ह्रास र खण्डीकरण, जंगली जनावर र वाहन ठोक्किँदा अनाहकमा जीवजन्तु मर्ने गरेका छन्।

जसले प्रतिकूल परिस्थितिमा शत्रुलाई पनि सम्मान गर्न जानेको छ,
उसैको जीवन सार्थक हुन्छ ।
– वेदव्यास

# के यो हिंसा होइन ?

प्रतिनिधिसभाको हालैको एउटा बैठकमा 'हिंसा' शब्द प्रवेशले हंगामा गरेको छ। सत्तारुढ नेकपा (एमाले) सांसद योगेश भट्टराईले माओवादी हिंसाका कारण मुलुक अधोगतिमा गएका उदाहरण दिएपछि माओवादी पक्षलाई आपत्ति हुनु स्वाभाविक हो। 'नेपालमा १० वर्षे माओवादी सशस्त्र हिंसा नभएको भए लोडसेडिङ २०६५ सालमै अन्त्य भइसक्थ्यो,' उनले भनेका थिए, 'माओवादीले कतिवटा ट्रान्समिसन लाइन पड्कायो, कतिवटा सबस्टेसन पड्कायो। विद्युत् उत्पादन गर्न गएका कति व्यवसायीलाई चन्दा मागेर भगायो।'

नेकपा (माओवादी) अहिले संसद्मा नेकपा (माओवादी केन्द्र) का नाममा प्रमुख प्रतिपक्षको कुर्सीमा छ। २०५२ फागुन १ देखि 'जनयुद्ध' थालेको माओवादी २०६३ मंसिर ५ मा भएको बृहत् शान्ति सम्झौतापछि मुलुकको राजनीतिक मूल प्रवाहमा छ। अहिले आएर आफ्नो 'विद्रोह'लाई 'हिंसा' भनिदिँदा माओवादी केन्द्रका सांसद उतर्सिनु स्वाभाविक हो। माओवादी सांसद माधव सापकोटा, देवेन्द्र पौडेलका साथै प्रमुख सचेतक हितराज पाण्डेले उनको जमेर आलोचना गरे। माओवादीले 'जनयुद्ध'का नाममा गरेका गतिविधि राजनीतिक हुन् वा हिंसात्मक भन्ने विषयमा बहस गर्न सकिन्छ। माओवादीले हिंसात्मक बाटो लिएको हो र त्यसलाई राजनीतिक रूप प्रदान गर्दै शान्ति सम्झौतामार्फत् राजनीतिको मूल बाटोमा आएको हो। स्वाभाविक हो- विद्रोहमा जिते राजनीतिक उपलब्धि हुन्छ हारे जेल र नेल।

माओवादीले पूरै जितेको भए स्वाभाविक रूपमा उसैले चाहेअनुसारको व्यवस्थातर्फ मुलुक जान्थ्यो। माओवादी पूरै पराजित भएको भए पनि मुलुक अर्कै बाटोमा हिँड्थ्यो। माओवादीले पूर्ण विजय हासिल गर्न नसकेको र तत्कालीन राजा ज्ञानेन्द्रको एकात्मक शासन व्यवस्थाविरुद्ध आन्दोलनमा सहकार्य गर्न अन्य दलसँग तयार भएको हो। वास्तवमा जनआन्दोलन २०६२/६३ ले लोकतन्त्रवादी र माओवादीलाई एकठाउँमा ल्याएकै हो। सम्झौताकै कारण त्यतिबेला मारिएका १७ हजार मानिसको उत्सर्गलाई राजनीतिक उद्देश्यका रूपमा ग्रहण गरिएको हो। त्यतिबेला भएका मानवीय र भौतिक क्षतिको बदलामा मुलुकमा उम्दा राजनीतिक व्यवस्थाको उपस्थितिको अपेक्षा गरिएकै हो।

> भनिन्छ, नायक खोज्ने समाज अभागी हुन्छ । हाम्रो समाजले पनि जहिल्यै नायक खोजेको छ । कहिले राणामा, कहिले राजामा, कहिले पञ्चायतमा, कहिले बहुदलमा, कहिले माओवादमा र कहिले लोकतन्त्रमा नायक खोजेको छ । तर, नायकत्वको खोजी अझै पूरा भएको छैन ।

अपेक्षित प्रतिफल नपाएपछि स्वाभाविक रूपमा कुनै पनि विद्रोह वा आन्दोलन लाञ्छित हुने अवस्था आउँछ। यस अर्थमा एमाले सांसद भट्टराईले व्यक्त गरेको 'हिंसा' शब्दले चित्त कुँढिए पनि यथार्थ त्यही हो भन्ने ठाउँमा पुऱ्याउन पनि सक्छ। माओवादीप्रति गरिएका अपेक्षा बृहत्तर थिए। तिनले मुलुकमा कायापलट गर्छन् भन्ने अपेक्षा नगरिएका होइनन्। भनिन्छ, नायक खोज्ने समाज अभागी हुन्छ। हाम्रो समाजले पनि जहिल्यै नायक खोजेको छ। कहिले राणामा, कहिले राजामा, कहिले पञ्चायतमा, कहिले बहुदलमा, कहिले माओवादमा र कहिले लोकतन्त्रमा नायक खोजेको छ। तर, नायकत्वको खोजी अझै पूरा भएको छैन। त्यही भएर आज माओवादी 'जनयुद्ध' मात्र होइन, लोकतन्त्र नै लाञ्छित हुने अवस्था आइपुगेको छ।

हिंसालाई बन्दुक उठाउनुसँग मात्र तुलना गर्ने होइन। यहाँ मुलुकका सपना विशृंखलित भएका छन्। तिनको हत्या भएको छैन र ? प्रत्येक ठुला आन्दोलनपछि मुलुकले कायापलट गर्छ भनी अपेक्षा गर्ने मानिसहरूका आस्थाको हत्या भएको छैन र ? अब देश बन्छ भन्ने आम आकांक्षा यतिबेला मुर्झाएको अवस्था छ। त्यसकारण पनि कसैले माओवादी विद्रोहलाई 'हिंसा'भन्दा अन्यथा मान्नु उचित हुँदैन। र, माओवादी एक्लैका निम्ति मात्र यो प्रश्न होइन, उसलाई स्वीकार गरेर राजनीतिमा सँगै हिँडिरहेका सबैमाथि प्रश्न हो। माओवादीको असफलता वा उसले गर्न नसकेको कामको जिम्मेवारी अन्य दलमा पनि छ। सत्तारुढ नेपाली कांग्रेस र नेकपा (एमाले) दुवै दल समेतले मुलुकका यी बेथितिको जवाफ दिनै पर्छ।

प्रमुख दलहरूले पालैपालो सत्तामा रजगज गरेका छन्। सत्ता साझेदार बन्न कसैले कसैलाई छेकेको छैन। त्यसैले कुनै खास शब्द र प्रसंगमा हुने दन्तबझानको कुनै अर्थ छैन। वास्तवमा मुलुकको अहिलेको दुरुह अवस्था सबैको साझा असफलताको परिणाम हो। त्यसैले माओवादीलाई 'हिंसा'को राजनीति गरेको आरोपबाट मुक्त हुन वा अन्य दललाई देश बर्बाद पारेको लाञ्छनाबाट बाहिर निकाल्ने उपाय भनेको राष्ट्र निर्माण हो। देश समृद्ध भयो भने स्वाभाविक रूपमा यी सबै प्रसंग गौण भएर जान्छन्। छलफल सारवान् हुन थाल्छन्। अन्यथा यस्तै विषय वा प्रसंगले समयको बर्बादी मात्र हुने निश्चित छ।



डा. रेणु अधिकारी

# यसरी बनौं बेचबिखनविरुद्ध सक्रिय



## यसपालिको मानव बेचबिखनविरुद्धको दिवस सरोकारित पक्षहरूमा सार्थक बहस गरी कार्यान्वयन गर्ने आधार तयार गर्दै मनाउने कि ?

मस्त निदाइरहेकी मलाई एकाबिहानै मोबाइलमा आएको मेसेजको घण्टीले अचानक ब्युँझाइदियो। मेसेज आएपछि मोबाइलको स्क्रिन नहेरी बस्नै सकिनँ। मोबाइल तानेँ र हेरेँ। यही भदौ ११ गते एउटा दैनिकमा छापिएको समाचार पठाउनुभएको रहेछ, साथीले। 'अवैध बाटोबाट अमेरिका हिँडेका करिब सयजना नेपाली ब्राजिल सरकारको नियन्त्रणमा' भन्ने। त्यसरी अलपत्र पारिएका नेपालीका विषयमा त्यहाँ भएका नेपाली राजदूत निर्मल काफ्लेले छलफल गरिरहेको र आवश्यकताअनुसार सहयोग गरिरहेको भन्ने जानकारीले भने केही हदसम्मा मेरो मनलाई आश्वस्त पाऱ्यो।

म अहिले अमेरिकामा छु। यहाँ आएको दश हप्ता भइसकेको छ। दश हप्तामा पाएको यस्तो सूचना भने यो पहिलो थिएन। दश महिना लगाएर भर्खरै अमेरिका प्रवेश गरेका रुकुम पूर्वका एक युवाले चारजना नेपाली क्यालिफोर्नियाको जेलमा रहेका र उनीहरूलाई हजुरमार्फत केही सहयोग गर्न सकिन्छ कि ? भनेर एक प्रकारको आशा र अपेक्षा राखेर सोधेका थिए। त्यस्तैगरी, अर्का युवाले फोनमार्फत मलाई जानकारी दिँदै उनका दशजना साथीलाई मेक्सिकोको सिमानामा पुग्नेबेला समातेको र फेरि मेक्सिकोको तपास भन्ने सहरमा फर्काइदिएको बताएका थिए। उनले मलाई भन्दै थिए- म्याडम, त्यहाँ त साह्रै गाह्रो हुन्छ। थुनेर राखिन्छ। हामीलाई पनि त्यहाँ तीन महिना थुनिएको थियो। हामीले त्यतिबेला घाम पनि देख्न पाएनौं। अँध्यारो कोठा थियो। दिसापिसाब गर्ने र खाने एकै ठाउँमा थियो। म्याम उनीहरूका लागि केही गर्न सक्छौं भने गरौं न।

यही विषयमा अध्ययन गर्ने मेरो अहिलेको उद्देश्य भएकाले म हरेक दिन यस्ता खबर पाइरहेकी हुन्छु। यस्ता खबरले मन दुख्छ। मेरो मन भत्किन्छ। केही गर्नुपर्छ भन्ने लाग्छ र आफूले गर्न सक्ने प्रयत्न पनि गरिरहेकी छु तर परिणाम करिब शून्य छ। यो समस्याको समाधान अनुसन्धान र मानव अधिकारसम्बन्धी गरिएको वकालतले मात्रै हुँदैन। यसका लागि सरकार तात्नुपर्छ। सरकारी तहबाट योजना बन्नुपर्छ। यसो हुन नसकेको खण्डमा निर्मल काफ्ले जस्ता संवेदनशील राजदूत भएको ठाउँमा केही सहयोग त होला तर यसको नियन्त्रण र निर्मूलीकरण हुन्छ भन्नेबारे गम्भीर भएर सोच्नै पर्ला।

नेपाल सरकारले केही वर्षदेखि भदौ २० लाई मानव बेचबिखनविरुद्धको दिवसका रूपमा मनाउँदै आइरहेको छ। विभिन्नरूपमा फैलिँदै गएको मानव बेचबिखन गर्नेहरूको जालो, त्यसको परिणामका रूपमा देखिएका नेपाली युवाहरूको क्रन्दनलाई सरकारले देखे पनि नदेखे जस्तो वा सुने पनि नसुने जस्तो गरेको स्थिति हेर्दा यी दिवस मनाउनु, नेपाली उखान श्राद्धमा बिरालो बाँध्ने जस्तो मात्रै भएको छ। संविधान, कानुन, नीति र कुरामा मानव बेचबिखनविरुद्ध कार्य गर्न सरकार क्रियाशील छ भन्ने आधार छन् तर व्यवहारमा भने काग कराउँदैछ पिना सुक्दैछ जस्तो छ। यसले अहिले ब्राजिल, क्यालिफोर्निया जस्ता विभिन्न शहरको सरकारी संरचनामा थुनिएका नेपाली हुन् वा पनामा, ग्वाटेमाला वा अरबका कुनै देशमा मानव तस्कर, श्रम शोषक जस्ता समूहबाट थुनिएका युवा हुन्, उनीहरू सबलाई त प्रत्यक्ष प्रभाव परेको छ नै, समग्र समाज, देश र अहिले सत्ताका लागि हानथाप गर्ने राजनीतिक पार्टीलाई समेत गहिरो प्रभाव परेको छ र पर्नेछ।

'मानव बेचबिखन भन्नाले कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने वा कुनै प्रकारको फाइदा लिई वा नलिई बेश्यावृत्तिमा लगाउने, कानुनबमोजिमबाहेक मानिसको अङ्ग झिक्ने वा बेश्यागमन गर्ने कार्य हो' भनी मानव बेचबिखन ओसारपसार नियन्त्रण ऐन, २०६४ दफा ४(१) ले परिभाषित गरेको छ। सोही ऐनको दफा ४(२) ले 'ओसारपसार भन्नाले किन्ने वा बेच्ने' उद्देश्यले मानिसलाई विदेशमा लैजाने वा बेश्यावृत्तिमा लगाउने/शोषण गर्ने उद्देश्यले शारीरिक, मानसिकरूपमा दबाब वा प्रलोभनमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाइ लग्ने वा मञ्जुरीबिना नेपालभित्र वा विदेशमा लैजाने वा अरू कसैलाई दिने कार्य हो भन्छ।

नेपालको मानव बेचबिखनविरुद्धको ऐन, २०६४ दफा ४ को १ र २ दुवैले मानिस बेच्ने वा किन्ने, किन्ने वा बेच्ने उद्देश्यले विदेशमा लैजाने कार्यलाई मानव बेचबिखन तथा ओसारपसार मान्छ। त्यसैगरी, संयुक्त राष्ट्र सङ्घीय लागुऔषध तथा अपराध हेर्ने निकाय युएनओडिसीले फाइदाका लागि कुनै पनि व्यक्तिलाई ललाइफकाइ, झुटको सहारा लिएर वा बल प्रयोग गरेर कतै भर्ना गर्ने, एक ठाउँबाट अर्को ठाउँमा लग्ने, स्थानान्तरण गर्ने, आश्रय दिने जस्ता कार्यलाई मानव बेचबिखन तथा ओसारपसारका रूपमा मान्छ। यी दुवै परिभाषाको कसीमा राखेर हेर्ने हो भने ब्राजिलबाट आएको सूचना होस् या क्यालिफोर्नियाबाट वा त्यस्तै प्रकृतिका अन्य देशबाट प्राप्त समाचार हुन्, त्यसले हाम्रो देशबाट दिनहुँ हजारौंको सङ्ख्यामा मानव बेचबिखन तथा ओसारपसार भइरहेको छ भन्ने स्पष्ट बनाउँछ।

अहिले दिनहुँजसो नेपाली युवा खाडीमा ठगिएको, युरोपमा अलपत्र परेको, विदेशमा कम्प्युटरमा काम गर्न भनी लगेर बन्धेक बनाएको होस् वा अमेरिका जाँदा बाटोमै मरेको होस्, अमेरिकाको जेलमा थुनिएको होस् वा अमेरिकी सरकारद्वारा घर फर्काइएको होस्, यस्ता खबर सुन्न हामी नेपाली बाध्य छौं। राम्रो रोजगारीका नाममा होस् वा अमेरिकाको सुन्दर सपना देखाएर होस्, दिनहुँ नेपाली युवाहरू मानव बेचबिखन ओसारपसार गर्ने समूहद्वारा ठगिएका छन्। अझ भन्ने हो भने राम्रो काम पाइन्छ, सपनाको संसारमा पुगिन्छ भनी देखाइएको सपनामा लठ्ठिएर हाम्रा युवा लाखौं रूपैयाँ खर्चिएर बेचबिखन गर्ने गिरोहबाट प्रताडित भइरहेका हुन्छन्। यो घामझैं छर्लङ्ग छ। तर यस्तो अवस्थामा पनि यो विषयले सरकारलाई किन छुन सकिरहेको छैन ? आफ्नो नागरिकसँग सम्बन्धित यस्तो संवेदनशील विषय सरकारका लागि गौण बन्नु भनेको पक्कै पनि उदेकलाग्दो छ।

> अवैधरूपमा बाहिर जान लाखौं रूपैयाँ हाम्रा नेपाली युवालाई कसले दिन्छ ? दिने मान्छेले त्यत्रो ठूलो रकम कहाँबाट ल्यायो ? कुन आधारमा यी युवालाई यसरी पैसा दिइन्छ ? खोजतलास जरुरी छ ।

हो, अहिलेसम्म हामीले बुझेको मानव बेचबिखनभन्दा यो प्रक्रिया पक्कै फरक छ। त्यसैले हामी यस्ता घटनालाई मानव बेचबिखन ओसारपसारका घटना हुन् भनी सजिलै स्वीकार्न चाहँदैनौं। बेचबिखन ओसारपसार भनेको गरिब महिलालाई ललाइफकाइ, डर देखाएर र धम्काएर एक ठाउँबाट अर्को ठाउँमा बेश्यावृत्ति गराउने, श्रम शोषण गर्ने वा अन्य कुनै कार्य गराइ शोषण गरेको घटनाहरू मात्रै हो भन्ने हामी बुझ्छौं। त्यस्ता घटना नभएको स्थिति देखिएमा हाम्रो देशमा मानव बेचबिखन ओसारपसार भएको छैन वा कम हुँदैछ भन्ने तर्क दिन थाल्छौं। यद्यपि, मैले त्यस्ता बेचबिखनका घटना हैनन् भन्न खोजेको बिलकुल हैन। बरु मानव बेचबिखन ओसारपसारका स्वरूप परिवर्तन हुँदै गएका छन्, बेचबिखनचाहिँ त्यतिमा मात्रै सीमित रहेन है भन्न खोजेकी हुँ। हुन त हाम्रो सरकारको बानी समस्याले नेटो काटेपछि, नागरिक समाजको आवाज धेरै लामो समयसम्म चर्को गरी अझ यसो भनौं विध्वंस पो हुन्छ कि भन्ने गरी घन्केपछि मात्र सम्बोधन गर्न तरखर गर्नेखालको छ। महिनौंदेखि निर्मला कुर्मीको हत्यारालाई सजाय देऊ भनी रुबी खानलगायतका महिला मानव अधिकार रक्षकहरूले आवाज उठाइरहेका छन् तर सरकारले सुनेको नसुनेझैं गरिरहेको छ। यसलाई सरकारको अटेरीपनको उदाहरण हो भन्न सकिन्छ।

त्यो बेलाको घटना हो जुनबेला देशमा भर्खरै संविधान सभाको निर्वाचन हुँदै थियो। कञ्चनपुरकी लक्ष्मी बोहोराको हत्या उनकै श्रीमान्द्वारा गरियो। लक्ष्मीको न्यायका लागि हामी महिला मानव अधिकार रक्षकहरू २४ दिनसम्म रिले अनशनमा बस्यौं। यतिका दिनसम्म अनशन बस्दा पनि कुनै सुनुवाइ भइरहेको थिएन। २५औं दिनमा हामी सबै महिला मानव अधिकार रक्षकले कालो पेटिकोट लगाइ अर्धनग्न शरीर लिएर सडकमा आउनासाथ सरकारद्वारा धरपकड सुरु भयो। हामीलाई पिटियो पनि।

तर संविधान सभाका अध्यक्ष सरकारलाई घरेलु हिंसाविरुद्धको कानुन बनाऊ भन्ने रुलिङ गर्न बाध्य भए। अहिले पनि रुबी खानलगायत हामी महिला मानव अधिकार रक्षकहरू त्यस्तै उग्रताका साथ पितृसत्तात्मक संरचनालाई चुनौती दिन सक्ने, प्रतीकात्मक आन्दोललनमा उत्रियौं भने मात्र सरकारले सुने जस्तो गर्नेछ। अहिलेसम्म हाम्रो देशमा यस्तै अभ्यास हुँदै आएको छ। शायद यसरी नै अहिले ब्राजिल, क्यालिफोर्निया वा अन्यथा देशमा थुनिएका र विभिन्न सरकारले विभिन्न समयमा फर्काएका व्यक्तिहरू एक ठाउँमा आएर सरकारलाई चुनौती दिने अवस्था सिर्जना भए मात्रै यो मुद्दामा सरकारले गम्भीरता देखाउला। तर यसो हुन समय लाग्छ। त्योभन्दा गम्भीर कुरो भनेको त्यो समयसम्म पर्खिरह्यो भने यो स्थितिले हाम्रा धेरै युवालाई सिध्याउँछ र तस्करहरूको चलखेल गर्ने क्रीडास्थलमा देश रूपान्तरित हुन पुग्छ।

यसरी अवैधरूपमा बाहिर जान लाखौं रूपैयाँ हाम्रा नेपाली युवालाई कसले दिन्छ ? दिने मान्छेले त्यत्रो ठूलो रकम कहाँबाट ल्यायो ? कुन आधारमा यी युवालाई यसरी पैसा दिइन्छ ? यस्ता प्रश्न बारम्बार मेरो मानसपटलमा आउने गर्छन्। यी प्रश्नको जवाफ खोज्न म निरन्तर लागिरहेकी छु। यही सिलसिलामा भर्खरै मैले मेक्सिकन आप्रवासी मजदूर (कानुनी र गैरकानुनी दुवै) हरूलाई केन्द्रित गर्दै अमेरिकामा बसेर काम गर्ने एउटा संस्थाको प्रतिनिधिसँग कुरा गर्दा उनले भनेकी थिइन्- मेक्सिकोबाट पनि मानिस यसरी नै आइरहेका छन्। उनीहरूले पैसा माफियाहरूसँग सापटी लिन्छन्। यी मजदूर घर छाडेर हिँड्नेनबित्तिकै ती माफिया मजदूरको घर पुग्छन् र परिवारका सदस्यलाई उनीहरूका लागि अझ बढी पैसा दिनुपऱ्यो भन्ने दबाब दिन्छन्।


दुई हजार दिए भने दुई लाखसम्मको कागज बनाउँछन्। अनि यी मजदूर अमेरिका आइपुगे पनि, बाटैमा मरे पनि यी माफियाहरूद्वारा शोषित भइरहन्छन्। अमेरिका पुगेकाहरू यी माफियाहरूको बँधुवा मजदुर हुन पुग्छन्। पुग्नै नसकेका मजदूरका परिवार देशभित्रै तिनै माफियाका बँधुवा मजदूर बन्छन्। तिनलाई ती माफियाले यसैगरी मानव बेचबिखन ओसारपसार गर्ने र लागु औषध ओसारपसार गर्ने एजेन्टका रूपमा प्रयोग गर्छन्। उनीहरू बाध्य हुन्छन् यस्तो अवैध काममा संलग्न हुन। अन्त्यमा तिनै समातिन्छन्, तिनै अपराधी कहलिन्छन् र तिनै मारिन्छन्।

यो माथिको उदाहरण मेक्सिकोको हो। तर यस्तै किसिमको गतिविधि हाम्रो देशमा नहोला भन्न सकिन्न। अहिले यस्तै कारणले रुकुम पूर्व, पश्चिम दाङ र बाग्लुङका धेरै घर/परिवार ठूलो ऋणको चपेटामा परी बाँच्न बाध्य छन्। कति परिवार आफ्नो गाउँ छाडेर बिस्थापित हुन बाध्य छन् भने कतिपयका घर/परिवार विशेषतः महिलाले आत्महत्या गरिरहेका छन्। अमेरिकामै पनि त्यसरी अवैध बाटोबाट आएका व्यक्तिले आत्महत्या गरेको घटना होस् वा अमेरिकी सरकारले फर्काएर नेपाल पुऱ्याएका व्यक्ति नारायणी नदीमा फाल हानेर आत्महत्या गरिरहेका घटना हुन्। यस्ता घटना नेपालीका लागि अब नौलो छैन। त्यसैले अब पनि सरकार यस्ता घटनामा गम्भीर भएन भने यो स्थितिमा सरकार नै पनि राम-राम भन्नुपर्ने तर नागरिकले काँध थाप्न नसक्ने स्थितिमा पुग्नो सक्नेछ भन्नेमा कुनै दुविधा रहने छैन। त्यसैले यसपालिको बेचबिखनविरुद्धको दिवसमा तय गरिएका नारा- 'तीनै तहको सरकारको प्रतिबद्धतका : मानव बेचबिखनविरुद्धको ऐक्यबद्धता' लाई साँच्चिकै सार्थक बनाउन लाग्ने हो भने यस्ता घटनामा जिम्मेवार तत्त्व के हुन् ? को हुन् ? कसरी हुन् ? र कसरी भइरहेको छ ? भन्ने सवालको गहिरो खोजी गर्दै के गर्न सकिन्छ ? कसरी गर्न सकिन्छ ? र कसको सहयोग चाहिन्छ ? भन्नेमा सार्थक बहस गरी कार्यान्वायन गर्ने आधार तयार गर्दै मानव बेचबिखनविरुद्धको दिवस मनाउने कि ?

# नेत्र विश्वविद्यालयको ज्योति



रूबी रौनियार




अहिले देशमा रहेका १३ विश्वविद्यालयको नाम र काममा खासै अन्तर छैन। सबै विश्वविद्यालयको उद्देश्य र उत्पादन उही भएकाले नेपालमा उच्च शिक्षा पाएको जनशक्ति शैक्षिक बेरोजगार जमात बनिरहेकाले पनि यस्ता विश्वविद्यालयको आलोचना भएको हो। यति मात्र होइन, विश्वविद्यालयहरूमा भइरहने राजनीतिक दाउपेच र दलगत स्वार्थ पूर्ति गर्नकै लागि विश्वविद्यालयमा हुने महिनौं दिनसम्मको तालाबन्दी र बन्द हड्तालले विद्यार्थी र अभिभावक दिक्क छन्।

यसैकारण शिक्षासँग सरोकार राख्नेहरूले अब नेपालमा साना साना विशिष्ट प्रकारका विश्वविद्यालयको स्थापनाका लागि पैरवी गरिरहेकै अवस्थामा अहिले तीलगंगा विश्वविद्यालयको विधेयक राष्ट्रिय सभामा छलफल भइरहेको छ। यस विश्वविद्यालयको स्थापना नितान्त प्राज्ञिक मात्र छैन यसले यस क्षेत्रका निम्ति नभइनहुने जनशक्ति निर्माण गर्नेछ। विशिष्टखालको तीलगंगा नेत्र विश्वविद्यालय स्थापनाका लागि तयार विधेयकले प्राज्ञिक जनशक्ति र सामग्री उत्पादनमा जोड दिएको छ।

कुनै पनि देशमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन दक्ष जनशक्ति आवश्यक हुन्छ। नेपालमा कुनै पनि क्षेत्रको विशिष्ट विश्वविद्यालय नभएकाले एकातिर राज्यलाई आवश्यक जनशक्ति विश्वविद्यालयहरूले व्यवस्थापन गर्न सकिरहेका छैनन् भने अर्कोतिर भएका सबै विश्वविद्यालयको शैक्षिक तथा प्राज्ञिक प्रवृत्ति उस्तै भएकाले देशमा शिक्षित बेरोजगारको समस्या दिनदिनै बढिरहेको छ। यस्तो परिस्थितिमा मुख्यरूपमा आँखा स्वास्थ्य क्षेत्रको विशिष्ट विश्वविद्यालय स्थापना गर्ने प्रेरित गर्ने डा. सन्दुक रुइतको प्रयासले मूर्तरूप लिइरहेको छ।

विश्वमा हरेक पाँच सेकेन्डमा एकजना मानिस दृष्टिबिहीन भइरहेको तथ्यांक छ। करिब तीन करोड ६० लाख मानिस दृष्टिबिहीन छन् भने दुई अर्बभन्दा बढी मानिसको दृष्टि कमजोर रहेको तथ्यांक छ। दृष्टिबिहीनहरूमध्ये करिब ९० प्रतिशत मानिस ग्रामीण क्षेत्रका र सीमान्तकृत समुदायका छन्। नेपालमा सन् २०१९ मा भएको एक सर्वेक्षणअनुसार कुल दृष्टिबिहीनमध्ये मोतिविन्दुका कारण ६२ प्रतिशत मानिस दृष्टिबिहीन पाइएको छ। अधिकांश दृष्टिबिहीन न्यून आयका र दुर्गम ग्रामीण भेगका रहेका छन्।

यस्तो परिवेशमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले डा. रुइतको सहकार्यमा विश्वविद्यालय स्थापनाको विधेयक तयार पारी छलफलमा ल्याएको हो। जसले नेपालको आँखा स्वास्थ्यको क्षेत्रमा रहेका समस्या छिमोल्ने विश्वास गर्न सकिन्छ। किनकि अहिले स्थापित विश्वविद्यालय सबैले सम्बन्धन बाँड्ने मात्र काममा ध्यान केन्द्रित गरेका देखिन्छ। शैक्षिक गुणस्तर वृद्धि गर्ने र दक्ष जनशक्ति उत्पादनलाई खासै प्राथमिकतामा राखेको देखिँदैन। यति मात्र होइन, भएका विश्वविद्यालयमा राजनीतिक दलका कार्यकर्ता भर्ती केन्द्र बनाएर विश्वविद्यालयको विश्वसनीयता गुमाएको अवस्था पनि छ। त्यसैले यो परिवेशमा फरकखाले साना विश्वविद्यालयबाट केही हुने आश गर्नु उपयुक्त ठानिएको हो।

अहिलेको आवश्यकता पनि विशेष विश्वविद्यालयहरूकै हो। नेत्र विश्वविद्यालय मानित विश्वविद्यालयका रूपमा स्थापना गरिने प्रस्ताव विधेयकले गरेकाले यसले मुख्यरूपमा शैक्षिक गतिविधिका साथै उत्पादनलाई पनि जोड दिने भएकाले पनि यस्तोखाले शैक्षिक निकायको महत्त्व धेरै छ। मानित विश्वविद्यालयले सम्बन्धन बाँड्ने र आर्थिक लाभ लिने काम नगर्ने भएकाले पनि विशेषज्ञ उत्पादनमा जोड दिन करै लाग्छ। जसले पनि यो विश्वविद्यालयको औचित्य पूरा हुन सक्छ।

साथै आँखा स्वास्थ्यका क्षेत्रमा प्रविधिको विस्तार गर्न विभिन्न नवीनतम् विधामा अध्ययन/अध्यापनमार्फत शैक्षिक गुणस्तर हासिलमा समेत सहयोग पुग्ने विधेयकमै उल्लेख छ। विश्वविद्यालय स्थापना भएमा यसले नेत्र रोग विशेषज्ञ, दृष्टि विशेषज्ञ, सामुदायिक आँखा स्वास्थ्य, आँखा स्वास्थ्य व्यवस्थापन, आँखा अस्पताल व्यवस्थापन, आँखा स्वास्थ्य नर्सिङलगायतका विषयमा शैक्षिक कार्यक्रम सञ्चालन गर्छ।

विश्वविद्यालयको प्रस्तावित संरचनाले अनावश्यक प्रशासनिक खर्च कम गर्न छरितो संरक्षक परिषद्को प्रस्ताव गरेको छ। संरक्षक परिषद् मातहतका पदाधिकारी विभिन्न पदमा कार्य गर्ने कर्मचारीसरह नै हुने भएकाले आर्थिक भार कम हुन्छ। आँखा कार्यक्रमअन्तर्गतको तीलगंगा आँखा अस्पताल आफैं अत्मनिर्भर भएकाले प्रस्तावित तिलगंगा नेत्र विश्वविद्यालय स्वतः अत्मनिर्भर संस्था हुने देखिन्छ। यसले गर्दा सञ्चालनका लागि अनुदानबाहेक दैनिक प्रशासनिक खर्च, तलब भत्तामा राज्यको कुनै व्यय भार नपर्ने देखिन्छ। राज्यले थप आर्थिक भार बेहोर्नु नपर्ने र विशेषज्ञ जनशक्तिसमेत विधेयकमै उल्लेख भएकाले पनि यस्तो विश्वविद्यालय हाल देशले खोजिरहेको निकायमै पर्ने पक्का छ।

आँखा स्वास्थ्यका लागि जरुरी लेन्ससमेत उत्पादन गरेर मुलुकको आवश्यकता पूर्ति गर्ने र आधाभन्दा बढी उत्पादन अन्य देशमा समेत निर्यात गर्ने तीलगंगा आँखा अस्पतालले बर्सेनि हजारौं आँखा बिरामीलाई संसार देखाउन मद्दत गर्दै आएकोसमेत छ। यस्तो अवस्थामा पनि नेत्र विश्वविद्यालय किन भन्ने प्रश्नको उत्तर सहज बनेको देखिन्छ।




नेपालगन्जकी निर्मला कुर्मीलाई न्यायको माग राखेर आइतवार काठमाडौंको माइतीघरबाट बालुवाटारतर्फ जाँदै प्रदर्शनकारी। *तस्बिर : दिपेश दर्शनधारी/नागरिक*

# जनप्रतिनिधिहरूको विवादले जितपुरसिमरामा भाँडभैलो

**उपेन्द्र यादव**

*बारा, भदौ १६*

जितपुरसिमरा उपमहानगरपालिकामा दुई पक्षबिचको विवाद र झडपले भाँडभैलो भएको छ। भाँडभैलोका कारण कर्मचारीलाई कार्यालयमा बसेर काम गर्नसमेत अप्ठ्यारो भएको छ भने जिल्लाको शान्तिसुरक्षामा समेत चुनौती थपिएको छ।

नेकपा माओवादीबाट निर्वाचित नगर प्रमुख राजन पौडेल समुह र नेकपा एमालेबाट निर्वाचित उपप्रमुख भोला अधिकारी समुहबिचको विवाद बढ्दै गएर जनप्रतिनिधिबिच हात हालाहालसम्मको घटना भएको छ। गत असारमा गरिएको भनिएको दशौं नगर सभाबाट पारित दुई अर्ब १० करोड ५० लाख रूपैयाँको बजेट नगर प्रमुख राजन पौडेलले आफैंसँग राखेका कारण असन्तुष्ट पक्षहरूले विवाद गर्दै आएको आरोप छ।

बाराका प्रमुख जिल्ला अधिकारी शशिधर घिमिरेले जितपुरसिमरा उपमहानगरपालिकाका जनप्रतिनिधिबिच देखिएको विवादले बेलाबेलामा झडपको स्थिति आउँदा सुरक्षाकर्मीलाई समेत समस्या हुने गरेको बताएका छन्। जनप्रतिनिधिहरूबिचको विवादले ठुलो समस्य उत्पन्न हुन नदिन जितपुरसिमरा उपमहानगरपालिकालाई विशेष निगरानीमा राखिएको प्रमुख जिल्ला अधिकारी घिमिरेले बताए।

उपपहानगरपालिकाको बजेट रकम आफूखुसी चलाउन र त्यसबाट आर्थिक लाभ लिनकै लागि जनप्रतिनिधिहरू दुई खेमामा विभाजित भएर विवाद र हात हालाहालले नगरवासी दुःखी बनेका छन्।

उपप्रमुख भोला अधिकारी समुहका वडाध्यक्षहरूले नगर प्रमुखलाई सहयोग गरिरहेको आरोप लगाउँदै प्रमुख प्रशासकीय अधिकृत उर्मिला काफ्लेलाई उपमहानगरपालिकाको कामकारबाही आफूखुसी नगर्न भन्दै कार्यालय छाड्न चेतावनीसमेत दिएका छन्। भदौ १३ गते नगर प्रमुख राजन पौडेलसँग मिलेर आफूहरूलाई थाहै नदिएर वडा सचिवहरूको सरुवा गरेको भन्दै प्रमुख प्रशासकीय अधिकृत उर्मिला काफ्लेलाई असन्तुष्ट वडाध्यक्षहरूको समुहले कार्यकक्षमै बेलुकासम्म घेरा हाल्दा प्रमुख प्रशासकीय अधिकृत र वडाध्यक्षहरूबिच विवाद बढेर हात हालाहालसम्मको अवस्था उत्पन्न भएको थियो।

कार्यकक्षमै प्रमुख प्रशासकीय अधिकृत बेलुकासम्म घेराबन्दीमा परेको थाहा पाएर सुरक्षाकर्मीहरू उनको उद्धार गर्न पुगेका थिए।



प्रमुख प्रशासकीय अधिकृत काफ्लेलाई घेरा हाल्न पुगेका वडाध्यक्षमध्ये वडा २ अध्यक्ष धनबहादुर श्रेष्ठले वडाध्यक्षहरूको सल्लाहविना नै वडा सचिवहरूको सरुवा गरेर प्रमुख प्रशासकीय अधिकृत उर्मिला काफ्लेले विवाद बढाउने कार्य गरेको आरोप लगाएका छन्। जितपुरसिमरा उपमहानगरपालिका प्रमुख राजन पौडेलले एमाले पार्टीबाट निर्वाचित जनप्रतिनिधिहरूले गरिरहेको अनावश्यक विवादले कर्मचारीहरूलाई कार्यालयमा बसेर काम गर्ने अवस्थासमेत नरहेको बताएका छन्।

गत साउन २९ गते जितपुरसिमरा उपमहानगरपालिकामा शिक्षक हाजिर गराउने विषयलाई लिएर जितपुरसिमरा उपमहानगरपालिका-२ का अध्यक्ष धनबहादुर श्रेष्ठ र नगर प्रमुख राजन पौडेलबिच विवाद चर्किएर हात हालाहालसम्म हुन पुगेको थियो। विवादको जड भने सिमरामा रहेको नेपाल राष्ट्रिय माध्यमिक विद्यालयकी शिक्षिका सीता अधिकारीलाई नगर प्रमुख पौडेलले हाजिर गराउन खोज्दा भएको थियो।

नगर प्रमुख पौडेलले शिक्षिका अधिकारीलाई हाजिर गराउने प्रयास गरेपछि विद्यालयमै वडाध्यक्ष श्रेष्ठ र नगर प्रमुखबिच विवाद भएको थियो।

विवादपछि नगर प्रमुख पौडेलले शिक्षिका अधिकारीलाई हाजिर नगराई फर्किएका छन्।

शिक्षिका अधिकारीलाई नगर प्रमुखले हाजिर गराउन जाँदा रोकेका वडाध्यक्ष श्रेष्ठले पछि उपप्रमुख भोला अधिकारीलाई बोलाएर शिक्षिकाको हाजिर गराएका थिए। गत असार १० जितपुरसिमरा उपमहानगरपालिका प्रमुख राजन पौडेलले दशौं नगर सभालाई एकलौटी तरिकाले सम्पन्न गर्न खोजेपछि उनीमाथि नगर सभा हलमै असन्तुष्ट पक्षले हातपातको प्रयास गरेको थियो।

बहुमत कार्यपालिका सदस्यहरूहरूको भावनाविपरित दशौं नगर सभा गर्न खोजिएपछि सभामा झडपको स्थिति उत्पन्न भएको थियो।

आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम र बजेट रकमलाई नगर प्रमुख पौडेलले आफूखुसी तरिकाले पारित गर्न खोजिएको भन्दै नगर सभामै असन्तुष्टहरूले विरोध गरेका थिए।

नगर प्रमुख पौडेलको एकलौटी कार्यको विरुद्धमा नेकपा एमालेबाट निर्वाचित उपप्रमुख भोला अधिकारीको नेतृत्वमा रहेका एमाले, कांग्रेसलगायत मधेसवादी दलबाट निर्वाचित वडाध्यक्ष, कार्यपालिका सदस्यहले विरोध गरेका थिए।

उपप्रमुखसहित बहुमत कार्यपालिका सदस्यहरूले त्यतिबेला नगर सभा बहिष्कार गरे पनि नगर प्रमुख पौडेलले त्यसलाई सञ्चालन गरेर नीति तथा कार्यक्रम र बजेट पारित गर्न खोजेपछि असन्तुष्टहरूले नगर प्रमुखमीथ आक्रमण गर्न खोजेका थिए। नगर प्रमुखमाथि नगर सभामै आक्रमण हुने देखेर त्यहाँ रहेको नगर प्रहरी र नेपाल प्रहरीलगायत सुरक्षाकर्मीहरूले उनलाई बचाएर नगर सभाबाट बाहिर लिएर गएका थिए।

नगर सभा आयोजना गरिएको जितपुरका एक पार्टी प्यालेसमा रहेको अधिकांश कुर्सीहरू नगर सभा सदस्यहरूले तोडफोड गरेका छन्। नगर प्रमुख राजन पौडेलले आफूले जितपुरसिमरा उपमहानगरपालिकालाई राम्रो बनाउन खोजे पनि नगर सभामा ममाथि आक्रमण गर्न खोजिएको बताएका थिए। जितपुरसिमरा उपमहानगरपालिकाको नगरसभा सदस्यहरूमा एक सय २२ जना रहेको बताइएको छ।

नगर सभामा उपप्रमुखसहित नेकपा एमालेका ६९, नेपाली कांग्रेसका २३, प्रमुखसहित नेकपा माओवादी केन्द्रका २०, लोकतान्त्रिक समाजवादी पार्टी नेपालका ६ र नेकपा एकीकृत समाजवादीका चार सदस्य रहेको जितपुरसिमरा उपमहानगरपालिकाले जनाएको छ।

कार्यपालिका र नगर सभा सदस्यहरूको संख्याका कारण नगर प्रमुख पौडेल अल्पमतमा रहेका छन्। खुद्रे योजनाहरू रोकेर ठुला योजना नगरस्तरीय बजेटबाट सञ्चालन गर्ने नगर सभाबाटै व्यवस्था गरिएको तर त्यसलाई असफल पार्न एमालेबाट निर्वाचित जनप्रतिनिधिहरूले अनावश्यक विवाद खड गरेर उपमहानगरपालिकालाई विवादित बनाउन कार्य गरेको आरोप नगर प्रमुख राजन पौडेलले लगाएका छन्। उनीहरूले अनावश्यक बहाना गरेर कहिले प्रमुख प्रशासकीय अधिकृत त कहिले मसँग विवाद गर्ने कार्य सुरु गरेको प्रमुख पौडेलले बताए।

उपप्रमुख भोला अधिकारीले हामीले भन्दा प्रमुख प्रशासकीय अधिकृतसँग मिलेर नगर प्रमुखले नै नगरको अधिकांश बजेट कागजी प्रक्रियाबाट अनियमितता गर्ने उद्देश्यले अगाडि बढेकाले त्यस कार्यको विरोध गरिएको आरोप लगाएका छन्।

बहुमत कार्यपालिका सदस्यहरूलाई बाहिर राखेर गरिएको भनिएको दशौं नगर सभाबाट दुई अर्ब १० करोड ५० लाखको बजेट बनाएर सबै बजेट रकम नगर प्रमुखले आफैंसँग राखेर खर्च गर्न सुरु गरेको उनले बताए। वडाहरूमा बजेट रकम दिँदा खुद्रे योजनाहरू बनाएर अनियमितता गरिएको बहानामा आफूले राखेको बजेट रकमलाई खुद्रे योजनासमेत बनाएर प्रमुख प्रशासकीय अधिकृत र नगर प्रमुखले अनियमितता गर्न सुरु गरेको थाहा पाएरै हामीले प्रमुख प्रशासकीय अधिकृतको विरोध गरेको उपप्रमुख अधिकारीले बताए।

सामान्य प्रशासन मन्त्रालयले सरुवा गरेको प्रमुख प्रशासकीय अधिकृतलाई अदालत पुगेर राख्न लगाएर एकलौटी तरिकाले नगरपालिका चलाउन खोजिएको उनले बताए।

# ‘माओवादी कमजोर भए उपलब्धि गुम्ने खतरा’




नेपालगन्जमा लुम्बिनी प्रदेशस्तरीय परामर्श बैठकलाई सम्बोधन गर्दै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल। *तस्बिर : नागरिक*

**अर्जुन ओली**

*नेपालगन्ज, भदौ १६*

नेपाली कांग्रेस र नेकपा एमालेको साथ पाएर लामो समयसम्म सरकारमा रहेको नेकपा माओवादी केन्द्र सत्ताबाट बाहिरिएपछि प्रदेश तथा जिल्लाकेन्द्रित अभियानमा लागिपरेको छ। पार्टी अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा सिंगो पार्टी पश्चिम जिल्लामा केन्द्रित हुन पुगेको हो।

माओवादी केन्द्रले नेपालगन्जमा लुम्बिनी प्रदेशबाट प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्य र प्रदेश पदाधिकारीका लागि परामर्श बैठक तथा जिल्लास्तरीय प्रशिक्षण कार्यक्रम गरेको छ। दुई दिनसम्म चल्ने बैठकमा केन्द्रीय पदाधिकारीसहित प्रदेशबाट प्रतिनिधित्व गर्ने केन्द्रीय सदस्य र प्रदेशका पदाधिकारीको सहभागिता रहेको छ।

माओवादी केन्द्र लुम्बिनी प्रदेश अध्यक्ष सुदर्शन बरालका अनुसार प्रशिक्षण दिनका लागि पार्टीका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, उपाध्यक्ष अग्निप्रसाद सापकोटा, महासचिव देव गुरुङ, उपमहासचिवहरू वर्षमान पुन, पम्फा भुसाल, जनार्दन शर्मा, गिरिराजमणि पोखरेल, शक्ति बस्नेत, मात्रिका यादव, हरिबोल गजुरेल, सचिव चक्रपाणि खनाललगायतका नेताहरू नेपालगन्ज आइपुगेका छन्।

माओवादीले यसअघि बागमती, उपत्यका विशेष प्रदेश, सम्पर्क समन्वय प्रदेश, गण्डकी, सुदूरपश्चिम र कर्णाली प्रदेशमा परामर्श बैठक गरिसकेको छ। केन्द्रीय समिति बैठकमा प्रस्तुत गर्ने दस्तावेज लेख्नुअघि केन्द्र र प्रदेशका नेताहरूसँग परामर्श गर्ने कार्यक्रमअन्तर्गत उक्त कार्यक्रम आयोजना गरिएको पार्टीले जनाएको छ। प्रदेश परामर्श बैठकपछि माओवादीको केन्द्रीय कमिटी बैठक बस्ने र केन्द्रीय कमिटीले ठोस निर्णय गरेर क्रमिक रूपमा जनतामा जाने बताइएको छ।

परामर्श बैठकलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले जनताको अधिकारका लागि शक्तिशाली माओवादी केन्द्र बनाउन सबै लाग्नुपर्नेमा जोड दिए। उनले माओवादी कमजोर भएमा सबै उपलब्धि गुम्न सक्ने खतरा औंल्याए। माओवादीलाई कमजोर बनाउने, विभाजनको हल्ला चलाउने तथा जनतामा भ्रम सिर्जना गर्ने दुष्प्रयास भइरहेकाले सचेत रहन पार्टीका नेतालाई आग्रह पनि गरे।

सत्ताबाट बाहिएपछि पहिलोपटक नेपालगन्ज आइपुगेका अध्यक्ष दाहालले वर्तमान सरकारका गतिविधिको सडकबाट निगरानी बढाउने चेतावनी पनि दिए। प्रेस सेन्टर बाँकेले आइतबार गरेको पत्रकार भेटघाटमा उनले सरकारका गतिविधि हेर्दा शंका गर्ने ठाउँ प्रशस्त रहेको बताए। ‘यो सरकार अवैध छ। हामी सडकबाट प्रतिकार गर्छौं, त्यो प्रतिकार शान्तिपूर्ण हुनेछ’, उनले भने।

सरकार गठन प्रक्रियासमेत वैध नभएको पूर्वप्रधानमन्त्री दाहालको भनाइ छ। सरकार कसले गठन गरेको हो भन्ने कुरा देखिसकिएकाले यो सरकारको वैधता नभएको बताए। आफू नेतृत्वमा रहँदा संकटमा परेको देशको अर्थतन्त्रलाई माथि उकास्ने काम गरेको र भ्रष्टचार नियन्त्रण गरेको दाबी गर्दै भ्रष्टलाई बचाउन यो सरकार बनेको उनले प्रतिक्रिया दिए।

अर्को प्रसंगमा उनले भने, ‘आजको मितिमा नेतृत्व हस्तान्तरण त्यति उपयुक्त छैन, मेरा लागि अध्यक्ष पद ठूलो होइन, अध्यक्षभन्दा ममाथि भइसकें, टोली बन्यो भने मैले नयाँ भूमिकामा जाने सोच बनाएको छु।’ माओवादी अब जनतामा केन्द्रित हुने भन्दै उनले माओवादी जनताकै मुद्दा बोकेर आएको र अहिले पनि जनताकै साथमा रहेको दाबी गरे।

# बुद्धभूमिबाट शान्ति र सहकार्यको सन्देश फैलाऔं : मन्त्री पाण्डेय

**रेखा भुसाल**

*बुटवल, भदौ १६*

संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री एवं लुम्बिनी विकास कोषका अध्यक्ष बद्रीप्रसाद पाण्डेयले बुद्ध जन्मस्थल लुम्बिनीबाट शान्ति र सहकार्यको सन्देश फैलाउने गरी काम गर्नुपर्ने बताएका छन्।

पर्यटनमन्त्री भएपछि पहिलोपटक लुम्बिनी आएका मन्त्री पाण्डेयले शनिबार एक कार्यक्रमका बिच लुम्बिनीबाट विश्वमा बुद्धको सत्मार्ग र सदाचारको सन्देश फैलाउनुपर्ने बताएका हुन्। त्यसका लागि लुम्बिनी विकास कोषसँगै स्थानीय समुदाय, पर्यटन व्यवसायी र लुम्बिनीमा रहेका गुम्बा विहारहरूका बिच एकता आवश्यक रहेको बताए।

मन्त्री पाण्डेले सांस्कृतिक दृष्टिले उत्कृष्ट स्थल लुम्बिनी र प्राकृतिक दृष्टिकोणबाट उत्कृष्ट रहेको सर्वोच्च शिखर सगरमाथा जोडेर पर्यटन प्रवर्द्धनका कार्यक्रम गरिने बताए। ‘लुम्बिनी संस्कृतिको प्रतीक हो, सगरमाथा प्रकृतिको शिखर हो, मन्त्रालयले यी दुवैलाई जोडेर काम गर्ने योजना अघि सार्ने छ’, मन्त्री पाण्डेयले भने।

मन्त्री पाण्डेले मायादेवी मन्दिर, मार्कर स्टोन, अशोक स्तम्भ, पुष्पकरणी पोखरीसँगै शान्ति दीप, थाई विहार, जर्मन मन्दिरको अवलोकनपश्चात् सो कुरा बताएका हुन्। भ्रमणका क्रममा मन्त्री पाण्डेयले पुरातात्विक महत्व, धार्मिक पक्ष तथा सम्पदा संरक्षणका विषयमा चासो राखेका थिए। उक्त अवसरमा उपाध्यक्ष डा. लामाले लुम्बिनीको पछिल्ला दिनमा भएका कामलगायतका विषयमा जानकारी गराए। कोषका वरिष्ठ निर्देशक ज्ञानिन राईले बुद्ध जन्मस्थलका पुरातात्विक महत्व, लुम्बिनी गुरुयोजनालगायतका विषयमा जानकारी दिए।

लुम्बिनी विकास कोषको परिषद् बैठकमा नीति कार्यक्रम र बजेट पेस

लुम्बिनी विकास कोषको आर्थिक वर्ष २०८१/८२ का लागि नीति कार्यक्रम तथा अनुमानित बजेट परिषद्मा पेस भएको छ। शनिबार बुद्ध जन्मस्थल लुम्बिनीमा संस्कृति पर्यटन तथा नागरिक उड्ययनमन्त्री एवमं लुम्बिनी विकास कोषका अध्यक्ष बद्रीप्रसाद पाण्डेको अध्यक्षतामा बसेको परिषद् बैठकमा कार्यक्रम र बजेट पेस गरिएको हो। कोषका कोषाध्यक्ष ढुण्डिराज भट्टराईले आन्तरिकतर्फ ३७ करोड ११ लाख र नेपाल सरकारको गुरुयोजनाको बहुवर्षीय कार्यक्रमका लागि ४४ करोड गरी ७६ करोड ९८ लाखको अनुमानित बजेट परिषद्मा पेस गरेका हुन्।

बैठकमा सदस्य-सचिव सानुराजा शाक्यले दोस्रो गौतमबुद्ध अन्तर्राष्ट्रिय शान्ति पुरस्कार वितरण प्रक्रिया अगाडि बढाउने, लुम्बिनी वर्ल्ड हेरिटेज कन्फ्रेन्स गर्न सरकारसमक्ष अनुरोध गर्नेलगायतका कार्यक्रमसहितको नीति कार्यक्रम पेस गरे। परिषद्मा पेस भएका नीति कार्यक्रम र बजेटमाथि छलफल गरी लुम्बिनीको विकासलाई स्थानीय समुदायसँग जोड्ने र लुम्बिनी विश्व सम्पदाका रूपमा स्थापित गर्ने गरी अर्को बैठकले पारित गर्ने गरी सकिएको कोषले जनाएको छ।

# स्वास्थ्य सेवा हब बनाइँदै लुम्बिनी प्रादेशिक अस्पताल

**नागरिक संवाददाता**

*बुटवल, भदौ १६*

बुटवलमा रहेको लुम्बिनी प्रादेशिक अस्पताललाई देशकै सुविधासम्पन्न र ठुलो सरकारी अस्पतालका रूपमा स्तरोन्नति गरिँदै छ। १२ सय शय्यामा स्तरोन्नति हुन लागेको अस्पतालको पूर्वाधार निर्माणका काम अगाडि बढेका छन्। यो अस्पताल एक सय १५ वर्षअघि बुटवलमा स्थापना भएको हो।

१९६७ साल फागुन १५ गते ६ वटा शय्याबाट सुरु भएको अस्पतालमा हाल पाँच सय शय्या छन्। लुम्बिनी प्रदेश सरकारले यो अस्पताललाई गौरवको आयोजनामा राखेर १२ सय शय्यामा स्तरोन्नति गर्न लागेको हो।

आयोजनाअन्तर्गत अस्पतालको बाह्रतले भवनको एक कार्यक्रमबिच उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले शिलान्यास गरे। गत वर्षको पुसमा ठेक्का सम्झौता भई निर्माण कार्य सुरु भए पनि औपचारिक रूपमा शिलान्यास गरिएको हो।

अस्पताल भवनको शिलान्यास गर्दै अर्थमन्त्री पौडेलले आयोजनाको काम समयमै सक्न र गुणस्तरमा कुनै सम्झौता नगर्न सम्बन्धित पक्षलाइ निर्देशन दिए। महत्वपूर्ण आयोजनाहरूमा ढिलासुस्ती र गुणस्तरहीन काम हुने गरेको भन्दै उनले भने, ‘निर्धारित समयभित्रै निर्माण सम्पन्न गर्ने गरी काम गर्नुस्, गुणस्तरमा कुनै प्रकारको सम्झौता नगर्नुहोला।’ जनस्तरबाट समेत विशेष निगरानी आवश्यक भएको उनले बताए।

त्यसअघि निर्माण कन्पनीका प्रतिनिधिले ठेक्का अवधि पाँचबर्से भए पनि तीन वर्षमै निर्माण सम्पन्न गरिसक्ने भनेर भाषण गरेपछि अर्थमन्त्री पौडेलले बोलेर होइन काम गरेर देखाउन निर्देशन दिएका हुन्।

प्रदेश सरकार र प्रदेश पूर्वाधार विकास प्राधिकरणलाई पनि तोकिएको मापदण्डअनुरूपको काम तोकिएकै समयमा सम्पन्न गराउनेतर्फ गम्भीर हुन आग्रह गरे। पौडेलले यो अस्पताल पश्चिम नेपालकै गेमचेन्जर आयोजना हुने दाबी पनि गरे।

पहिलो चरणमा ६ अर्ब १८ करोड ७५ लाखको लागतमा बाह्रतले भवन निर्माण हुन लागेको हो। बाह्रतले भवन निर्माणका लागि प्रदेश पूर्वाधार विकास प्राधिकरणले भारतीय निर्माण कम्पनी क्यापासाइट र नेपाली कम्पनी आशिष, रेलिगेर भेन्चरसँग संयुक्त रूपमा काम गर्ने गरी २०८० पुस २६ गते ठेक्का सम्झौता गरेको छ। ठेक्का अवधि पाँच वर्षको छ। २०८५ पुससम्म अस्पताल भवन निर्माण सम्पन्न गर्नुपर्ने सम्झौतामा उल्लेख छ। अस्पालका पुराना संरचना हटाउने र भवनका लागि पायलिङको काम भइरहेको छ।

प्रदेश सरकारले यो वर्ष एक अर्ब ८० करोड बजेट छुट्याएको छ। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले यो आयोजनाका लागि बजेटमा कमी हुन नदिने बताए।

अस्पतालको स्तरोन्नतिले गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने प्रदेशवासीको अधिकार सुनिश्चित हुने उनले बताए। लुम्बिनी प्रदेशसभाका सभामुख तुलाराम घर्ती, प्रदेशका स्वास्थ्यमन्त्री खेम सारू, बुटवल उपमहानगरपालिकाका प्रमुख खेलराज पाण्डेयले बाह्रतले अत्याधुनिक भवन निर्माणसँगै लुम्बिनी प्रादेशिक अस्पताल देशकै नमुना अस्पतालका रूपमा स्तरोन्नति हुने बताए।

बाह्रतले भवनको दुई तला अन्डरग्राउन्ड हुनेछ। छतमा हेलिप्याड हुने छ। हेलिप्याडबाट इमर्जेन्सीसम्म पुग्न सुविधासम्पन्न लिफ्ट रहने प्रदेशको पूर्वाधार विकास प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत छविराज पोखेलले बताए। १२ सय शय्याको भवनमा अत्याधुनिक बहिरङ्ग (ओपिडी) सेवा, इमर्जेन्सी सेवा, इन्डोर सेवा, ग्यास्ट्रो, न्युरो, कार्डियोलोजीलगायतका विशेषज्ञ सेवा एउटै भवनबाट सञ्चालन हुनेछन्। हाल यी सेवा प्रदान हुँदै आएका भवनबाट प्रसुती, महिला तथा बाल रोग सेवा, डाइग्नोस्टिक एन्ड रिर्सचलगायतका सेवा उपलब्ध हुनेछ। क्यान्सर उपचारका लागि अन्डरग्राउन्डसहित पाँचतले भवन बन्ने अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. इन्द्र ढकालले बताए।

१२ सय शय्यामा स्तरोन्नति गर्न लागिएको आयोजनाको पूर्वाधार र उपकरण र व्यवस्थापनका लागि आठ अर्ब ९९ करोड ७५ लाख बढी लागत लाग्ने अनुमान गरिएको छ। २०७६ सालमा प्रदेशका तत्कालीन मुख्यमन्त्री शंकर पोखेलले प्रदेशको ड्रिम प्रोजेक्टका रूपमा लुम्बिनी प्रादेशिक अस्पतालको स्तरोन्नतिको योजनाको सुरुवात गरेका थिए।


अस्पतालको रेकर्डअनुसार लुम्बिनी, गण्डकी, सुदूरपश्चिम प्रदेशका साथै सिमावर्ती भारतीय क्षेत्रका नागरिकले समेत यो अस्पतालबाट सेवा लिँदै आएका छन्। अस्पतालको गुरुयोजना सम्पन्न हुँदा पश्चिम नेपालका नागरिकका लागि गुणस्तरीय सेवामा सहज पहुँच विस्तार हुने र बुटवल गुणस्तरीय स्वास्थ्य सेवाका लागि ‘हब’ का रूपमा स्थापित हुने अपेक्षा गरिएको छ।

**मनाङ ट्रष्ट वचत तथा ऋण सहकारी संस्था लि स्वयम्भु वाट कर्जा लिई नवुझाएका ऋणीहरुलाई कर्जा तिर्ने वुझाउनआउने ७ दिने सुचना ।**

**तेस्रो पटक प्रकाशित मिति २०८१।०५।१७**

तपसिलमा उल्लेखित तपाँई ऋणी महानुभावहरुले यस सहकारी संस्थाबाट ऋण कर्जा प्राप्त गर्नुभई तिर्नु वुझाउनु पर्ने व्याज एवं भाखा भित्र वुझाउनु पर्ने साँवा किस्ता नतिरी नवुझाई बाँकी राख्नुभएको र तिर्न वुझाउन संस्थावाट तपाँईहरुलाई मौखिक ,लिखित तथा सार्वजनिक सुचना मार्फत पटक पटक जानकारी गराउँदा पनि कर्जाको साँवा व्याज वुझाउने तर्फ पहलनगरी कर्जा लिदा संस्थासंग गर्नु भएको सर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले कर्जा बुझाउनका लागी तपाँईहरुको नाममा यो सुचना प्रकाशित गरिएको छ ।

अतः यो सुचना प्रकाशित भएको मितिले ७ दिनभित्रमा यस संस्थामा आई कर्जाको साँवा, व्याज तथा अन्य दै दस्तुरहरु बुझाउनु होला । अन्यथा कर्जा लिदा संस्थासंग भएको सम्झौता बमोजिम तपाँईले संस्थाको नाममा लेखि /लेखाई दिनुभएको चलअचल श्री सम्पत्ति सहकारी ऐन, नियमावलि र सहकारी मापदण्ड बमोजिम असुलउपर गरिने छ साथै सोवाट समेत लेना रकम अपुग भएमा तपाँईको घर घराना तथा धनजमानी बस्ने व्यक्तिबाट प्रचलित कानुन वमोजिम असुलउपर गरिने छ ।

| ऋणीको विवरण | | धितोको विवरण |
|---|---|---|
| नाम : राज के.सी<br>ठेगाना : काठमान्डौ १५<br>बावुको नाम : कवीराज के.सी<br>बाजेको नाम : बमबहादुर के.सी |  | धितोको विवरण : श्री राज के.सी को नाममा मालपोत कार्यलय ललितपुरमा दर्ता कायम रहेका ललितपुर जिल्ला सैंबु वडा नं. ४ स्थित कि.नं. १४१३ र १४१६ को क्षेत्रफल क्रमश १६०.९४ (बर्ग मी.) र १६०.९४ (बर्ग.मी ) को जग्गा । |
| नाम : सान्त्वना थापा<br>ठेगाना : काठमान्डौ ०१<br>वावुको नाम : शम्भु शम्सेर थापा<br>बाजेको नाम : मान समसेर थापा |  | |
| नाम : पबित्र समशेर थापा क्षेत्री<br>ठेगाना : काठमान्डौ ०१<br>बावुको नाम : शम्भु समसेर थापा<br>बाजेको नाम : मान समसेर थापा |  | |

नागरिक आर्थिक

सोमबार १७ भदौ २०८१, Monday, 2 September 2024



**बजार**

सुन तोला - १५२,३००

चाँदी तोला - १७९५

| विदेशी मुद्रा | खरिद | बिक्री |
|---|---|---|
| अमेरिकी डलर - | १३३.८९ | १३४.४९ |
| युरो - | १४७.९१ | १४८.५८ |
| पाउन्ड स्टर्लिङ - | १७५.८० | १७६.५९ |



आइतबार भएको वर्षाका कारण हिलाम्मे धुलिखेल-खावा सडकखण्डमा गुडिरहेका यात्रुवाहक बस।

तस्विर : राजकुमार पराजुली/रासस

पोखरामा तीज रौनक

# प्रतिव्यक्ति सात सयदेखि १८ सय रूपैयाँसम्मको मेनु

**सन्तोष पोखरेल**

*पोखरा भदौ १६*

पोखराको मुस्ताङचोकस्थित ड्याडिज किचनमा विगत १५ दिनदेखि तीजको दर खाने महिला समूहको भीडभाड छ। यो अवधिमा ड्याडिजले ४४ वटा महिला समूहलाई तीजको दर खुवाइसकेको छ। अझै केहीदिन ड्याडिजमा दर खानेको तालिका तयार छ।

ड्याडिजका सञ्चालक सन्दीप क्षेत्रीका अनुसार करिब दुई हजार महिलालाई यो अवधिमा दर खुवाइएको छ। 'प्रतिव्यक्ति सात सयदेखि १५ सय रूपैयाँसम्मको मेनु तयार छ। त्यही अनुसार खुवाउँछौ,' क्षेत्रीले भने, 'तीजले व्यवसाय पनि बढाएको छ।' क्षेत्रीका अनुसार विभिन्न विद्यालय, बैंक तथा वित्तीय संस्था, टोल सुधार, आमा समूह अहिले त्यहाँ दर खान आइरहेका छन्। संस्थाहरूले नै कार्यरत कर्मचारीलाई ड्याडिजमा लगेर दर खुवाइरहेका छन्।

'बाहिरी समूह मात्र नभई कतिपयले परिवारका सदस्यलाई र आफन्तलाई पनि यही ल्याएर दर खुवाउने गरेका छन्। घरमा पकाउन झन्झट हुने भन्दै आफन्तलाई निम्त्याएर दर खुवाउने समेत गरिएको छ,' उनले भने, 'कतिपयले घरमै मगाएर पनि खाएका छन्। यसले हाम्रो व्यापारलाई पनि सघाएको छ।' उनका अनुसार महिला समूह वा निम्त्याइएका आफन्त आउने र खानपिनपछि गीतमा रमाउने गरेका छन्।

लेकसाइडस्थित मझेरी रिसोर्टले प्रतिव्यक्ति १२ सयदेखि १८ सय रूपैयाँसम्मको तीजको दरको 'मेनु' बनाएको छ। यो मूल्यमा दर खान रिसोर्टमा पुग्ने महिलाको अहिले भीडभाड छ। व्यक्तिगत भन्दा संस्थागत रूपमा अहिले मझेरीमा दर खान महिला समूह पुगिरहेका छन्। तीजको दर मेनुले अफसिजनमा खुम्चिएको रिसोर्टको व्यापारलाई केही उकासेको पनि छ।

रिसोर्टका म्याजेनर गुप्त गिरीका अनुसार एक सातादेखि कुनै न कुनै समूह दर खान मझेरीमा पुगिरहेका छन्। यो क्रम अझै केहीदिन चलिरहनेछ। 'बरु तीजकै आसपासका बेला दर खान आउने कोही छैनन् तर यो बेला भने रिसोर्टमा कुनै न कुनै समूह आएकै छन्। अग्रिम बुकिङ गरेका महिला समूह संस्थागत रूपमा सहभागी भएका छन्,' म्यानेजर गिरीले भने, 'यसले अफसिजनको व्यवसायमा केही भए पनि राहत पुर्‍याएको छ। आन्तरिक पर्यटनको हिस्सा बनेको छ।'



उनका अनुसार मूल्य अनुसार महिलाले दरको मेनुमा उल्लेख भएको खाना र खाजा खान पाउँछन्। 'मध्यान्नतिर आउँछन्, त्यसपछि खाजा खान्छन्, केही समय नाचगान गर्छन्। अनि बेलुकी ५ बजेतिर खाना खाएर फर्किन्छन्,' उनले भने, 'मूल्य अनुसारको खानाको मेनु तयार हुन्छ। बढी मूल्य पर्दा खानाको परिकार पनि थपिन्छ। खानाका के खाने वा नखाने भन्ने मूल्यमा निर्भर रहन्छ।'

उनका अनुसार तिज नजिकिएपछि भने यस्तो समूह देखिँदैनन्। किनभने त्यो बेलासम्म माइती जाने वा आफन्तकहाँ गएर रमाउने गर्छन्। 'तीजको केही दिनअघिको समयमा रिसोर्टमा दिनहुँजसो दर खाने समूह आइरहेको छ। हामीले उनीहरूलाई उचित मूल्यमा सेवा दिइरहेका छौं,' उनले भने। उनका अनुसार रिसोर्टमा पुग्नेमा व्यक्तिगत रूपमा भेला भएर जाने भन्दा संस्थागत समूह बढी छन्। संस्थागत रूपमा कार्यालयहरूले महिला कर्मचारीलाई होटलमा लगेर खाना खुवाउने र मनोरञ्जन दिलाउने गरिरहेको उनले बताए।

'यसले कर्मचारीबीच निकटता पनि ल्याउँछ। संस्थाको प्रगतिमा पनि इटा थप्न सघाउँछ,' उनले भने, 'संस्थामा कार्यरत महिला कर्मचारीलाई एकैठाउँमा भेला गराएर खाना खुवाउँदा र रमाउन दिँदा संस्था र कर्मचारीबीचको सम्बन्ध पनि बलियो हुन्छ।' पोखराका विद्यालय, अस्पताल, सहकारी, बैकदेखि निजी कम्पनीले अहिले कर्मचारीका लागि होटलमा दर खुवाउने गरेका छन्।

बाराही होटल समूह अन्तर्गतको 'बीच बार'मा पनि यो बेला तीजको दर खानेको रमझम छ। बाराहीका महाप्रबन्धक राजकुमार केसीका अनुसार प्रतिव्यक्ति एक हजार पाँच सय ५० रूपैयाँमा सुरु हुने गरी दरको मेनु बनाइएको छ। त्यही मेनु अनुसार खाना खुवाउने गरिएको महाप्रबन्धक केसीले बताए। 'विभिन्न संस्थाले कार्यरत महिलालाई सामूहिक रूपमा ल्याएर दर खुवाउने गरेका छन्। त्यो बेला महिलाहरू नाचगान पनि गर्न पाएका छन्। यसले पर्यटन क्षेत्रमा व्यावसाय पनि बिस्तार भएको छ,' केसीले भने।

उनका अनुसार महिलाहरू मध्यान्नतिर आउँछन्, त्यसपछि खाजा खान्छन् र नाचगान सुरु गर्छन्। बेलुकी पाँचबजेतिर खाना खाएपछि उनीहरूको प्याकेज सकिन्छ। 'मध्यान्नदेखि बेलुकी ५ बजेसम्मको प्याकेज हुन्छ। महिलाहरू एकैठाउँमा हुन पाउँदा खुलेर मनोरञ्जन पनि गर्छन्। यसले महिलाबीच सामिप्यता पनि ल्याउँछ,' उनले भने। व्यावसायीका अनुसार यो बेला तीजको दरका लागि भनेर विशेष मेनु पनि बनाइएको छ। त्यही मेनुमा आधारित भएर महिला वा संस्थाले शुल्क तिर्नुपर्छ। 'केहीवर्ष अघिसम्म महिलाहरू व्यक्तिगत रूपमा भेला भएर तीजमा दर खान हिँड्ने चलन थियो। अहिले भने संस्थागत सहभागिता बढ्न थालेको छ। संस्थाले पनि महिला कर्मचारीका लागि एकदिनको जमघट बनाइदिएका छन्,' उनले भने।

उनका अनुसार यो बेला पर्यटन क्षेत्रमा अफसिजन हो। यो बेला अफसिजनका कारण पर्यटन क्षेत्र केही सुस्ताएको पनि छ तर पर्यटन क्षेत्रलाई चलायमान बनाउने गरी अहिले ठूला होटलमा दर खुवाउने कार्यक्रम चलिरहँदा त्यसले पर्यटन क्षेत्रमा थोरै भए पनि आम्दानी दिलाएको केसीको भनाइ छ। 'सुस्ताएको पर्यटन क्षेत्रमा चाडबाडले पनि केही राहत दिएको छ,' उनले भने।

केहीवर्ष अघि तीजको दर खाने कार्यक्रमले पोखराका पार्टी प्यालेस करिब महिना दिनसम्म व्यस्त रहन्थे। अहिले ठूला होटल र रेस्टुरेन्टले भिन्दै मेनु बनाएर दर खुवाउन थालेपछि केही व्यवस्थित पनि बनेको व्यावसायीको भनाइ छ। तीजको दर खुवाउने गरी लेकसाइडकै होटल पोखरा भिलेजले पनि भिन्दै प्याकेज बनाएको छ। प्रतिव्यक्ति १८ सय रूपैयाँमा तीजको दरको प्याकेज बनाएर महिलालाई खुवाएको सञ्चालक हरि शर्मा गैह्रेले बताए।

'तीजको नाममा उपद्रो मच्चाउनु पो राम्रो होइन, रमाइलो मान्न कसैले रोकेको छैन। प्रशासनले पनि तडकभडक नगर भनेको हो,' उनले भने, 'तडकभडक बिना कुनै संस्थाले कार्यरत महिलालाई होटलमा लगेर दर खुवाउने र मनोरञ्जन दिलाउनुलाई नकारात्मक रूपमा लिन हुँदैन।'

उनका अनुसार पछिल्लो केही दिनमा होटल पोखरा भिलेजले महिला समूहका लागि दर खुवाएको छ। 'विद्यालयदेखि बैंकसम्मले महिला कर्मचारीलाई होटलमा ल्याएर खुवाएका छन्। यसले उनीहरूमा संस्था र कार्यरत महिला कर्मचारीबीच सम्बन्ध अझ बलियो हुने देखेका छौं,' उनले भने। होटलले नै दररेट तोकेर महिलाका लागि तीजको दर प्याकेज बनाएको उनले बताए।

अहिले पोखराका होटलमा मात्र नभई पार्टी प्यालेसमा पनि तीजको रमझम चलिरहेको छ। विभिन्न संस्थाहरूले महिलाका लागि दर खुवाउने गरि जमघट गराइरहेका छन्। यसले व्यवसाय बढाएको व्यावसायीले बताएका छन्। 'केहीवर्ष अघिसम्म दर खान भनेर होटलमा पुग्ने चलन थिएन। होटलले प्याकेज बनाएका पनि थिएनन्। अहिले पोखराका चल्तीका होटलले पनि तिजको दरको मेनु बनाएका छन्,' होटल संघ गण्डकीका अध्यक्षसमेत रहेका शर्माले भने, 'तडकभडक बिना तीजको दर खुवाउनुलाई नकारात्मक रूपमा लिनु हुँदैन। अहिले व्यक्तिगगत भन्दा संस्थागत सहभागिता बढ्दो छ।'

# नाडा अटो सो सम्पन्न

**नागरिक संवाददाता**

*काठमाडौं, भदौ १६*

नाडा अटोमोवाइल्स एसोसिएसन अफ नेपालको आयोजनामा गत भदौ ११ गतेदेखि सुरु भएको १६औं संस्करणको नाडा अटो शो-२०२४ आइतबार सम्पन्न भएको छ। काठमाडौंको प्रदर्शनीमार्ग स्थित भृकुटीमण्डपमा सम्पन्न भएको। नाडा अटो सोमा करिब दुई हजार सवारी साधन बुक भएको आयोजकले जनाएका छन्। भदौ १५ गते शनिवारसम्ममा करिब ७५ हजार अवलोकनकर्ताले अटो शोको अवलोकन भ्रमण गरिसकेको अटो शोका सभापति अनुपकुमार बरालले जानकारी दिए। यो वर्षको अटो शोको लक्ष्य पूरा भएको आयोजकको दाबी छ।

खासगरी दशैंतिहार र छठ जस्ता मुख्य पर्वलाई लक्षित गर्दै नाडाले प्रत्येक वर्ष नाडा अटो शोको आयोजना गर्ने गरेको छ। यभदौ ११ गतेदेखि १६ गतेसम्म ६ दिन आयोजना गरिएको अटो शोमा चार पाङ्गेका २४ वटा, दुईपाङ्गेका १९ वटा, ३३ वटा अटो कम्पोनेन्ट, टायर, लुब्रिकेन्ट, ब्याट्री तथा एसोसरिज ब्राण्ड तथा कम्पनीहरू गरी १३० वटा स्टलहरू राखिएको थियो।

नाडामा चारपांग्रे सवारीमा मात्र नभई दुईपांग्रे मोटरसाइकल तथा स्कुटर, हेल्मेट, लुब्रिकेन्ट्समा पनि छुटैछुटको अफर राखिएको थियो। अटो सोमा विभिन्न ब्रान्डका कम्पनीहरूबीच ग्राहकलाई आकर्षित गर्न छुट अफर दिन प्रतिस्पर्धा नै देखिन्छ। चार पांग्रे सवारीमा विद्युतीय सवारीको ब्रचस्व रहेको थियो।

# कार : आविष्कारदेखि स्वचालित ड्राइभिङसम्म

वाष्प इन्जिन निर्माण भएपछि पानी जहाज, रेल र कारखानाका ठूला मेसिनहरू निर्माण भए। सडकमा पनि यसलाई उपयोग गर्न अनेक कसरत भए तर कोही पनि सफल हुन सकेनन्। सन् १८८६ मा मोटर कार बनेपछि सडकमा फाट्टफुट्ट देखिन थालेका थिए। सन् १९०० सम्म आइपुग्दा २५ हजारभन्दा बढी कार सडकमा दौडिन थालिसकेका थिए। सन् १९१० सम्ममा त मोटरकारको संख्या १० लाख पुग्यो। अहिले संसारभरि नै कार उत्पादन गरिन्छ र हरेक वर्ष चार करोड कार कारखानाबाट उत्पादन भइरहेका छन्। यस्तो छः मोटरकारको इतिहास :-



- **१४ मे**, १८८६: कार्ल बेन्जले पहिलो मोटर कार निर्माण गरे, जसलाई उनले बेन्ज पेटेन्ट-मोटरवागन नामकरण गरे।
- **४ जुन**, १८९५: हावा हाल्ने विधिले फुलाइने पहिलो टायर निर्माण सुरु।
- **१९ जुलाई**, १९०३: फोर्ड मोटर कम्पनीको स्थापना। पहिलो व्यावसायिक वर्षमै एक हजार सात सय कार बिक्री।
- १९०८: विलियम डुरान्टद्वारा जनरल मोटर्सको स्थापना। पछि विश्वकै सबैभन्दा ठूलो कम्पनीमा परिणत।
- **१६ नोभेम्बर**, १९०८: फोर्ड मोटर कम्पनीले पहिलो मोडल टी कार बजारमा ल्यायो। जसलाई 'टिन लिजी' भन्ने उपनामले पनि चिनिन्थ्यो।
- १९११: पहिलो इलेक्ट्रिक स्टार्टरहरू आविष्कार गरियो, जसले कार सुरू गर्न आवश्यक क्र्याङ्किङ मेकानिजमलाई हटायो। एक वर्षपछि इलेक्ट्रिक इग्निसन सुरु भयो।
- **३० मे**, १९१२: एक प्रहरी अधिकृतले पहिलो विद्युतीय ट्राफिक लाइट आविष्कार गरे। दुई वर्षपछि यसलाई अमेरिकाको ओहायोको क्लिभल्यान्डको एक सडकमा स्थापना गरियो।
- १९१३: फोर्ड मोटर कम्पनीले कार निर्माणका लागि पहिलो मोबाइल एसेम्ब्ली लाइन आविष्कार गर्दै प्रयोगमा ल्यायो।
- १९१४: डोज कम्पनीले पहिलो पटक पूर्ण रूपमा स्टिलबाट बनेको कारको बडी बजारमा ल्यायो।
- यही बेला पहिलो चार पांग्रे ब्रेक भएको कारको निर्माण सुरु।
- ड्युसेनवर्ग मोडल एमा ४९ पांग्रे हाइड्रोलिक ब्रेक सुरु
- १९२१: चार पांग्रे ब्रेकहरूको आविष्कार। जसले मोटर चालकहरूलाई सुरक्षित रूपमा रोक्न सजिलो बनायो।
- १९२५: कारमा पहिलो सिगरेट लाइटर थपियो।
- **२८ अप्रिल**, १९२६: जोन गोडफ्रे पेरी थोमसले दुई सय ७२ किलोमिटर प्रतिघण्टाको गतिले ड्राइभ गरेर नयाँ गतिको कीर्तिमान राखे।
- १९३१: मर्सिडिज बेन्जले पहिलो पटक स्वतन्त्र सस्पेन्सन प्रणाली जडान गर्‍यो। यसले यी कार ह्यान्डलिङ गर्न सहज बनायो।
- **८ अक्टोबर**, १९३३: गल्भिन म्यानुफ्याक्चरिङले पहिलो कार रेडियो बनायो।
- १९३५: डेलावेयर कम्पनीले पहिलो फ्ल्यासिङ टर्न सिग्नल आविष्कार गर्‍यो।
- **४ जुन**, १९३८: भोक्सवागनले जर्मनीमा बिटल कार उत्पादन गर्न थाल्यो।
- १९३९: नास मोटर कम्पनीले सवारी साधनमा पहिलो वातानुकूलन प्रणाली थप्यो।
- १९४०: कार्ल पाबस्टले जीप डिजाइन गरे, जुन दोस्रो विश्वयुद्धमा एलाइड फोर्सका सेनाहरूका लागि महत्त्वपूर्ण सवारी साधन बन्न पुग्यो।
- १९५०: एउटा गतिमा कारलाई सेट गरिसकेपछि एक्सलेटर प्रयोग नगरी गरिने यात्रालाई क्रुज कन्ट्रोल भनिन्छ। यो क्रुज कन्ट्रोल एक जना नेत्रहीन व्यक्ति राल्फ टिटोरले आविष्कार गरेका थिए।
- १९५६: पावर स्टेयरिङ पांग्रा आविष्कार भयो र कारहरूमा थपियो।
- **४ मे**, १९५८: स्वीडेनमा पहिलो पटक कारमा सिट बेल्ट स्थापना गरियो।
- १९६५: सवारी साधनमा आठ ट्र्याक टेप प्लेयरहरू थपेर संगीत गुञ्जायमान हुने बनाइयो।
- १९६९: तीन गियर भएको अटोमेटिक ट्रान्समिसन सुरु भयो र पछि यसैलाई मानक बनाइयो।
- १९७०: केही कारहरूमा क्यासेट डेकहरू देखा पर्न थाले।
- १९७४: जेनरल मोटरले बनाएका कारहरूमा पहिलो पटक एयरब्याग पनि थप्न मिल्ने गरी उत्पादन थाल्यो।
- **४ अक्टोबर**, १९८३: रिचर्ड नोबलले ब्ल्याक रक डेजर्टमा कार चलाएर एक हजार १९ किलोमिटर प्रति घण्टाको नयाँ गति कीर्तिमान बनाए।



- १९८४: पहिलो कार सिडी प्लेयरहरू देखा परे।
- १९८५: एन्टी-लक ब्रेकिङ प्रणालीहरू अमेरिकी कारहरूमा उपलब्ध भए।
- १९८८: क्रिसलर कम्पनीले पहिलो सार्वजनिक उत्पादन एयरब्याग सुरु गर्‍यो, सुरुमा चालकलाई मात्र राखिने चलन थियो।
- १९९४: फोर्डका कारहरूमा पहिलो अन-बोर्ड डायग्नोस्टिक कम्प्युटरहरू स्थापना गरियो र पछि यस्तो सुविधा सबै सवारी साधनहरूको मानक बन्न पुग्यो।
- २०००: टोयोटाले पहिलो पटक हाइब्रिड मोटरहरू उत्पादन गर्न थाल्यो।
- २००२: पहिलो पटक निशान प्राइमेरा मोडलको कारमा रिभर्सिङ क्यामेराहरू थपियो।
- २००३: टोयोटाले केही सवारी साधनमा पहिलो इन्टेलिजेन्ट पार्किङ असिस्ट प्रणाली थप्यो।
- २०१४: इलन मस्कले आफ्नो मोडल एस कारमा पहिलो अटोपाइलट प्रविधि सुरु गरे। यसपछि चालक बिना नै स्वतन्त्र रूपमा स्टेरिङ गर्न र लेन परिवर्तन गर्न सक्ने भयो।
- २०२०: गुगलले एउटा स्वचालित ड्राइभिङ कार सुरु गर्ने योजना घोषणा गर्‍यो, जुन वेमो कम्पनीका रूपमा स्थापित भयो।


## एक्टिभ सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

*बनस्थली, बालाजु, काठमाडौं, फोन न ०१५९०५६६०/६१*

## कर्जा चुक्ता भुक्तान गर्ने बारे अन्तिम ७ दिने सार्वजनिक सुचना

*प्रकाशित मिति : १७/०५/२०८१*

*तपसिलमा उल्लेखित ऋणीहरुले यस एक्टिभ सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. बनस्थली, बालाजु मार्फत प्राप्त गरेको ऋण कर्जा बापत यस संस्थालाई समय समयमा तिर्नु बुझाउन पर्ने सांवा ब्याज तथा अन्य रकम बुझाउन पटक पटक मौखिक लिखित एवं विभिन्न माध्यमबाट तर ताकेता गर्दा समेत नतिरि नवुझाई संस्थासग भएको ऋण कर्जा सम्वन्धि सर्त बन्देजहरु उल्लंघन गरेकोले निजहरुलाई मिति २०८०/०४/१५ गते ३५ दिने, २०८०/१०/१५ गते १५ दिने सुचना र साथै २०८० फाल्गुन मसान्त सम्म सम्पूर्ण सांवा ब्याज बुझाउछु भनी गरिदिएको कवुलियतनामा समेतको ब्यवास्ता गरी कर्जा चुक्ता गर्न नआएकाले निजलाई कर्जा चुक्ता सम्वन्धि यो सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र संस्थाको कार्यालय बनस्थली, बालाजुमा सम्पर्क राखी उक्त कर्जाको सांवा, ब्याज, हर्जाना तथा अन्य सम्पूर्ण रकम समेत चुक्ता भुक्तान गरी सुरक्षणमा रहेको आफ्नो सम्पतिको संरक्षण गर्नु हुन समेत यसै सूचनावाट अनुरोध गरिएको छ। अन्यथा संस्थासंगको सर्त, कबुलियत, तमसुक बमोजिम कर्जाको सुरक्षण वापत धितो रहेको सम्पतीबाट संस्थाको लिन बांकी सम्पूर्ण रकम कानुन बमोजिम असूल उपर गरिने ब्यहोरा समेत जानकारीको लागि अनुरोध छ।*

*तपसिल*

| ऋणीको विवरण | | साक्षीहरुको विवरण |
|---|---|---|
| १) ऋणीको नाम : गोकुल के . सी<br>ठेगाना : सितापाईला ४ काठमाण्डौ<br>ना प्र प न : ४०९१/१००८<br>बुवाको नाम : बद्री के . सी<br>बाजेको नाम : नर बहादुर के . सी |  | एकाघरको श्रीमतीको नाम : विमला के . सी.<br>एकाघरको छोराको नाम : अनुप के . सी. |
| २) ऋणीको नाम : विमला के . सी<br>ठेगाना : सितापाईला ४ काठमाण्डौ<br>ना प्र प न : ०२७३०३८/२५७<br>पति/बुवाको नाम: गोकुल के.सी /कृष्ण ब. कार्की<br>ससुराको नाम : बद्री के . सी |  | एकाघरको पतिको नाम : गोकुल के . सी, का जि का म न पा बडा नं १४ बस्ने बर्ष ५६ को पदम राज अधिकारी |

## वर्गीकृत विज्ञापन/डिस्प्ले

**घरजग्गा**

काठमाडौं गोलढुंगाको तुरुन्तै बिक्रीमा: ९७६७६५५२९५, ९८०३२३१८७६

स्वयम्भु भगवानपाउको अत्याधुनिक आकर्षक बंगला तुरुन्तै बिक्रीमा ९८०६६५८८००, ९८०३८२२२७२

**मोटरसाइकल हरायो**

मिति २०८१/०५/१४ गते अं. १८:२५ बजे देखि ऐ. मितिको अं. २१:३० बजेको समयमा मध्यपुर ठिमी न.पा. वडा नं. ३ को कार्यालय पछाडि सडक छेउमा पार्किङ गरिरखेको निम्न व्यहोरा भएको मोटरसाइकल हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा ट्राफिक प्रहरी शाखामा खबर गरिदिनुहोला।

सबारी साधनको विवरण:

मोटरसाइकल नाम: KTM Duke 200 CC

मोटरसाइकल नं. बा.प्र. ०२-०४५ प ८८४३

मोटरसाइकल रंग: Silver Metallic Matt

इन्जिन नं. P-936*43237*

च्यासिस नं. MD2JPCXE7PN019493

नाम: कस्मिक बचत तथा ऋण सहकारी सं. लि. ऋणी: सुजन खत्री

फोन नं. ९८४८९०९८४७

**सम्पर्क**

**फ्लेक्स प्रिन्ट सम्बन्धी सम्पूर्ण कामहरु गर्नुपरेमा हामीलाई सम्पर्क गर्नुहोस्: ९८४९३३३५९०**

**होटल बिक्रीमा**

**स्वयम्भु विजेश्वरी हाइवेको चलिरहेको होटल ॐ तुरुन्तै बिक्रीमा: ९८०३८२२२७२, ९८०६६५८८००**

**नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयको कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०८०/०९/२४ मा दर्ता भएको प्रा.लि.नं. ३२७०६० को लाइफसेभर हेल्थकेयर प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८१/०५/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६(१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

## नाम परिवर्तन सम्बन्धी सूचना

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको प्रा. लि. नं. १२९३१५/०७१/०७२ को साबिक एन. आई. टि. भि. स्ट्रिम्ज् प्रा. लि. नाम परिवर्तन भई अब उपरान्त **नेट टि. भि. प्रा. लि** कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भई सकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेट टि भी प्रा. लि.**

ल.म.न.पा.-४, जावलाखेल

ललितपुर, नेपाल

# कुमारी बैंक र श्री एयरलाइन्सबीच सम्झौता



काठमाडौं, भदौ १६ (नागरिक)- कुमारी बैंक लिमिटेड र श्री एयरलाइन्सबीच बैंकका ग्राहक र उनीहरूको परिवारलाई श्री एयरलाइन्सबाट यात्रा गर्दा लाग्ने टिकट शुल्कमा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ।सम्झौता अनुसार श्री एयरलाइन्सका काउन्टरहरूबाट बैंकका ग्राहक र उनीहरूका परिवारका सदस्यहरू (बुवा, आमा, श्रीमती र छोरा/छोरी) को लागि टिकट खरिद गरि बैंककै डेबिट/क्रेडिट कार्ड, मोवाइल बैंकिङ सेवाबाट रकम भुक्तानी गर्दा पाँच सय छुट पाउने छन्। सो सुविधाबाट सेवाग्राहीले गुणस्तरीय सेवा प्राप्त गर्नुका साथै अधिकतम लाभ प्राप्त गर्नेमा बैंक विश्वस्त रहेको जनाएको छ।

# कृषिमा 'लगानी दशक'का लागि निजी क्षेत्रको साझेदारी



काठमाडौं, भदौ १६ (नागरिक)- 'कृषिमा लगानी दशक सफल बनाउने जिम्मेवारी, सार्वजनिक निजी सहकारीको साझेदारी' सम्बन्धी मुक्तिनाथ कृषि कम्पनीले कार्यपत्र प्रस्तुत गरेको छ।

कम्पनीको छैटौं वार्षिक उत्सवको अवसमा कार्यपत्र प्रस्तुत कार्यक्रममा कृषि तथा पशुपन्छि विकास मन्त्री रामनाथ अधिकरीले न्यून आय भएका किसान र सरकार बीच जोडि कृषकको आयस्तर वृद्धि गर्नको लागि नीजि क्षेत्र र सहकारीको भूमिका महत्वपूर्ण हुने बताए। यसैक्रममा उनले नीजि क्षेत्रको लगानीलाई आकर्षित गर्न नेपाल सरकार प्रतिवद्ध जनाउँदै रैथाने खाद्यान्नको प्रवर्द्धन गर्ने, रासायनिक विषदीको प्रयोगलाई न्यूनिकरण गरी स्वच्छता उत्पादन गर्ने, अनुदान प्रणालीलाई व्यवस्थित र संस्थागत गर्ने र चक्लाबन्दि र सामुहिक खेतिलाई प्रवर्द्धन गर्ने सरकारको मुख्य प्राथमिकता रहेको जानकारी दिए।

# नाडा अटो सोमा ट्राइम्फका १५० बढी मोटरसाइकल बुकिङ




काठमाडौं, भदौ १६ (नागरिक)- नाडा अटो सो-२०२४ मा ट्राइम्फ मोटरसाइकलले उल्लेखनीय उपलब्धि हासिल गरेको कम्पनीले जनाएको छ। कम्पनीका अनुसार एक सय ५० भन्दा बढी संख्यामा मोटरसाइकल बुकिङ हुनुले ट्राइम्फको नेपाली बजारमा रहेको आफ्नो उपस्थितिलाई झल्काएको छ।

नेपालमा ट्राइम्फ मोटरसाइकलको आयात हंसराज हुलासचन्द एन्ड कम्पनीले गरिरहेको छ। कम्पनीको ट्राइम्फसँगको साझेदारीले ग्राहकलाई ट्राइम्फका मोटरसाइकलमा पहुँच सुनिश्चित गरेको जनाउँदै ट्राइम्फब्रान्ड विशिष्ट डिजाइन, इन्जिनियरिङ उत्कृष्टता र बेजोड पर्फमेन्स लागि परिचित भएको दाबी गरेको छ।

यसैक्रममा कम्पनीले अटो सोमा ट्राइम्फका नयाँ स्क्रेम्बलर ४०० एक्स र स्पिड ४०० सार्वजनिक गरिएको जनाएको छ। गोल्छा ग्रुपका डायरेक्टर अभिमन्यु गोल्छाले नाडा अटो सोमा पाएको अतुलनीय प्रतिक्रिया र बुकिङ एक सय ५० युनिट पुग्नुले ट्राइम्फ ब्रान्डका मोटरसाइकलप्रति उत्साहीको विश्वासलाई झल्काएको बताए।

# नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले मोबाइल एपमार्फत कर्जा दिने




काठमाडौं, भदौ १६ (नागरिक)- नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले एनआइएमबी स्मार्ट मोबाइल बैंकिङ एपमा एनआइएमबी स्मार्ट लोन सुविधा सुरु गरेको छ।

सो सुविधा मार्फत बैंकका योग्य ग्राहकले पाँच लाख रूपैयाँसम्मको कर्जा एनआइएमबी स्मार्ट एप मार्फत बिना कुनै धितो, कागजी प्रक्रिया वा बैंकमा उपस्थित नभई पाउनेछन्। बैंकले सो कर्जाको सहज भुक्तानीको लागि विभिन्न समयमा आफ्नो कर्जा तिर्ने विकल्पसमेत प्रदान गरेको छ। जसमा ग्राहकले एक महिनाभित्र वा बढीमा ३६ महिनासम्मको सरल किस्ताबन्दीको आधारमा पनि कर्जा भुक्तानी गर्न सक्नेछन्। साथै आफ्नो कर्जा रकम चाहेको समयमा एकैचोटी तिर्न चाहने ग्राहकको लागि पूर्व भुक्तानीको समेत व्यवस्था मिलाइएको बैंकले जनाएको छ।

# साउनमा वीरगन्ज भन्सारबाट साढे दुई अर्बको वस्तु तथा सेवा निर्यात

वीरगन्ज (पर्सा), भदौ १६ (रासस)- वीरगन्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको साउनमा दुई अर्ब ६५ करोड ६६ लाख आठ हजार रूपैयाँ बरावरको वस्तु तथा सामान विदेशी मुलुकमा निर्यात गरेको छ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी रघुलाल कर्णले गत आवको साउनको तुलनामा चालु आवको सोही अवधिमा कार्यालयबाट हुने निर्यात ७.१६ प्रतिशतले अर्थात् १७ करोड ७५ लाख एक हजार रूपैयाँले बढेको बताए। गत आवको साउनमा दुई अर्ब ४७ करोड ९१ लाख ६७ हजार रूपैयाँ बराबरको वस्तु तथा सामान निर्यात भएको थियो।

कार्यालयका अनुसार सो अवधिमा विशेष गरी जुस जाम, फलामे पाता, जमोठ कपडा, पिना, सेन्थेटिक यार्न, मनोरञ्जनका सामानहरू, बत्तिसा, त्रिफला, कवाज, च्यवनप्राश, कुकुर तथा विरालोको खाना, तयारी कपडा, रेसाको कपडा, कार्पेट र गलैंचालगायत निर्यात भएको छ। कार्यालयका गत साउनमा ४९ लाख ४८ हजार आठ सय १८ लिटर जुस जाम निर्यात हुँदा ४८ करोड नौ हजार रूपैयाँ विदेशी मुद्रा भित्रिएको छ। जबकी गत आवको सोही अवधिमा ५३ लाख २७ हजार आठ सय ६७ लिटर जुस जाम निर्यातबाट ५१ करोड ४१ लाख २२ हजार रूपैयाँ विदेशी मुद्रा आर्जन भएको थियो।

गत साउनमा नाका हुँदै २९ लाख ७७ हजार नौ सय १० किलोग्राम फलामे पाता निर्यात हुँदा ३७ करोड ३९ लाख ९१ हजार रूपैयाँ विदेशी मुद्रा आर्जन भएको छ। गत आवको सोही अवधिमा ३३ लाख ७७ हजार चार सय २० किलोग्राम फलामे पाता निर्यात हुँदा ४४ करोड ४५ लाख ८२ हजार रूपैयाँ विदेशी मुद्रा आर्जन भएको थियो।

# रिटेल पेमेन्ट स्वीचको भुक्तानी कारोबारमा वृद्धि




काठमाडौं, भदौ १६ (नागरिक)- २०७८ पुस महिनाबाट नेसनल पेमेन्ट स्वीच अन्तर्गत कार्यान्वयनमा रहेको रिटेल पेमेन्ट स्वीचले २०८१ असार मसान्तसम्म ६ सय ७३ अर्ब रूपैयाँको भुक्तानी कारोबार फछ्र्योट गरेको छ।

सो कारोबार रकमको आधारमा गत वर्षको तुलनामा ३८ प्रतिशतले वृद्धि भएको जानकारी दिँदै कम्पनीले कारोबार संख्याको आधारमा ४९ प्रतिशतले वृद्धि भएको बताएको छ।

कम्पनी गत ४ महिनादेखि आरपिएसमा मासिक पाँच सय अर्बभन्दा बढीको कारोबार हुँदै आएकोमा क्रमशः जेठ महिनामा पाँच सय ७७ अर्ब, वैशाख महिनामा पाँच सय २७ अर्ब र चैत महिनामा पाँच सय १७ अर्ब गरी गत आवमा भुक्तानी कारोबारहरू भएको जनाएको छ।

कम्पनीका अनुसार आव २०८०/८१ मा आरपिएसमार्फत कुल पाँच हजार ६ सय ९७ अर्ब रूपैयाँ बराबरको भुक्तानी कारोबार भएको छ।

# अडियोको अनुभवलाई नेक्स्ट लेभलमा पुऱ्याउँदै रेड्मी बड्स ५ ए




काठमाडौं, भदौ १६ (नागरिक)- रेड्मी बड्स ५ ए अडियोको अनुभवलाई नेक्स्ट लेभलमा पुऱ्याएको कम्पनीले जनाएको छ।

कम्पनीका अनुसार रेड्मी बड्स ५ एमा एक्टिभ नोइज क्यान्सिलेसन (एएनसी) उपलब्ध रहेको छ । जसले अनावश्यक आवाजलाई रोकी प्रयोगकर्तालाई म्युजिक, पोडकास्ट वा कलमा क्लियर साउन्ड प्रदान गर्छ। साथै ट्रान्सपेरेन्सी मोडले प्रयोगकर्तालाई अडियोको मजालिँदै वरपरको वातावरणको जानकारी राख्ने सुविधा पनि दिने दाबी कम्पनीको छ।

यस्तै गुगल फास्ट पेयरले गर्दा यो इयरबड्स अरू डिभाइससँग तुरुन्तै कनेक्ट हुने, १२ मिलिमिटरको ब्यास प्रो ड्राइभरले डाइनामिक साउन्ड प्रदान गर्ने र आइपिएक्स फोर रेटिङले पसिना र पानीका छिटाहरूबाट पनि सुरक्षा दिने कम्पनीले जनाएको छ। यसले लगभग ३० घण्टाको ब्याट्री लाइफ दिने कम्पनीको दाबी गर्दै रेड्मी बड्स ५ ए को मूल्य दुई हजार चार सय ९९ रूपैयाँ तोकेको छ।

# नेपाली युवा उद्यमी मञ्चको सातौं राष्ट्रिय नेतृत्व सम्मेलन



काठमाडौं, भदौ १६ (नागरिक)- नेपाली युवा उद्यमी मञ्चले सातौं राष्ट्रिय नेतृत्व सम्मेलन सम्पन्न गरेको छ। अर्थमन्त्री विष्णुप्रसाद पौडेलले उद्घाटन गरेको कार्यक्रममा सांसद वासुदेव घिमिरे, तुलसी चौधरी, मेयर रामकृष्ण खाँड एफएनसिसिसिआई सदस्यहरू तथा विभिन्न संघ संस्थाका अध्यक्षलगायतका उपस्थिति थियो।

सम्मेलनमा समानान्तर ट्र्याक, प्रशिक्षण सत्र र योजना सत्रहरू प्रस्तुत गरेमा यसको उद्देश्य सबै एनवाइइएफ च्याप्टरलाई एकतामा सञ्चालन गर्न पंक्तिबद्ध गर्न, सिपहरूको विकास गर्न र उद्यमशीलतालाई बढावा दिन रहेको बताएका छन्।

# नेप्से कारोबार रकम साढे १० अर्बमा खुम्चियो




काठमाडौं, भदौ १६ (रासस)- यो साता कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा करिब दुई प्रतिशतको गिरावट देखिएको छ भने कारोबार रकम पनि घटेको छ। नेप्से परिसूचक ५३.६३ अंकले घटेर दुई हजार छ सय ९५.९३ को विन्दुमा कायम भएको हो।

आइतबार तीन सय ३७ कम्पनीको दुई करोड ६२ लाख ४६ हजार चार सय ३५ कित्ता सेयर एक लाख ३० हजार ६ सय ३२ पटक खरिद बिक्री हुँदा १० अर्ब ५१ करोड ७६ लाख ८२ हजार तीन सय ४९ रूपैयाँ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

म्युचुअल फण्ड ०.८० प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा बढी वित्त समूह ३.४४, होटल तथा पर्यटन २.९८ र बैंकिङ २.३४ प्रतिशतले घटेको छ। त्यसैगरी, विकास बैंक १.८५, जलविद्युत् २.४०, लगानी १.३३, जीवन बीमा १.४४, उत्पादन तथा प्रशोधन १.८०, लघुवित्त १.८८, निर्जीवन बीमा १.२३, व्यापार ०.१९ र अन्य समूह १.०४ प्रतिशतले बढेको छ।

आइतबार सुपरमाई हाईड्रोपावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड र माईखोला हाईड्रोपावर लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार रकमका आधारमा आइतबार सबैभन्दा बढी गुडविल फाइनान्स लिमिटेडको ५२ करोड ३१ लाख १० हजार चार सय ९२ रूपैयाँ बराबरको सेयर किनबेच भएको छ। कारोबार भएका सेयर संख्याका आधारमा सबैभन्दा धेरै सानिमा लार्ज क्याप फन्डको आठ लाख चार हजार आठ सय कित्ता सेयर कारोबार भएको छ।


## धितो लिलामी गर्ने बारे पुन: १५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१/०५/१७ गते)

तपशिलमा उल्लेखित ऋणी संस्थाले चावहिल शाखाबाट उपभोग गरेको कर्जाको सावाँ, व्याज र हर्जना रकम तिर्न बुझाउन पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्वारा ताकेता गर्दा साथै मिति २०७९/११/१६ गते कारोवार दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरेको गरिएको , मिति २०८०/०२/०८ गते धितो लिलाम बिक्री सम्वन्धि ३५ दिने सूचना अन्नपुर्ण पोष्ट दैनिक पत्रिकामा प्रकाशित गरिसकेको र मिति २०८०/०३/१२ गते धितो लिलाम बिक्री सम्वन्धि १५ दिने सूचना नयाँपत्रिकामा प्रकाशन गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले बैंकलाई ऋण सुरक्षण बापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रि गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिनका लागि यो धितो लिलाम बिक्री सम्वन्धि १५ दिने सूचना प्रकाशित गरिएको छ । अत: उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफुले कवोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नहुन अनुरोध गर्दछौं । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन, सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पति यस बैंक आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सवैलाई जानकारी गराईन्छ । धितो लेखि दिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दा साविकमा बैंकबाट भएको मुल्याङकन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो/हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असूल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पतिबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई बैक तथा वित्तीय संस्था सम्बन्धि ऐन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : श्री मन मनकामना बचत तथा ऋण सहकारी संस्था लि.।**
**रजिष्टर्ड ठेगाना : का.म.न.पा.६ काठमाण्डौ । हालको ठेगाना का.म.न.पा.६ काठमाण्डौ । दर्ता नं:४१३४/०६९/०७० ।**

**संचालक तथा जमानीकर्ताको विवरण**

१) **नाम : सोम प्रसाद चौलागाई (अध्यक्ष : जमानीकर्ता)**
बाबु : गंगा प्रसाद चौलागाई
बाजे : मुक्तिनाथ चौलागाई
ना प्र नं. : ५६५७०
ठेगाना : कात्तिकेदेउराली ९, काभ्रे

२) **नाम : रामकृष्ण श्रेष्ठ (उपाध्यक्ष जमानीकर्ता)**
बाबु : रत्न बहादुर श्रेष्ठ
बाजे : बबुर मान श्रेष्ठ
ना.प्र.नं : २७४१
ठेगाना : चारिकोट १, दोलखा
हाल : भिमेश्वर न.पा. वडा नं.३

३) **नाम : दिपक राज पराजुली (सचिव जमानिकर्ता)**
बाबु : भिम प्रसाद पराजुली
बाजे : पदम प्रसाद पराजुली
ना.प्र.नं : १३१२२
ठेगाना : सल्ले भुम्लु ५, काभ्रे

४) **नाम: गौतम लाल जोशी (कोषध्यक्ष जमानिकर्ता)**
बाबु : पुरुषोत्तम लाल जोशी
बाजे :अनिरुद्र लाल जोशी
ना.प्र.नं : ३४०१/०३९/४०
ठेगाना : ललितपुर १६, ललितपुर

५) **नाम : भिमप्रसाद रोकाया (संचालक जमानिकर्ता)**
बाबु : बौ प्रसाद रोकाया
बाजे : कमान सिङ्ग रोकाया
ना.प्र.नं :१९८६
ठेगाना : शहरतारा ९, डोल्पा

६) **नाम : श्याम पुडासैनी (संचालक जमानिकर्ता)**
बाबु : भरत प्रसाद पुडासैनी
बाजे : इन्द्र प्रसाद पुडासैनी
ना.प्र.नं : ३११७/३३६०
ठेगाना : गोठाटार १, काठमाण्डौं
हालको ठेगाना : कागेश्वरी मनोहरा ८, काठमाण्डौ

७) **नाम : रामेश्वर चौलागाई (व्यवस्थापक/जमानीकर्ता)**
बाबु : भरतमणि चौलागाई, बाजे : भिम बहादुर चौलागाई
ना.प्र.नं : ७७८९, ठेगाना : का.म.न.पा.६, बौद्ध

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. श्री गंगा प्रसाद चौलागाईको बुहारी श्री सोम प्रसाद चौलागाई श्रीमती काभ्रेपलान्चोक जिल्ल कात्तिके देउराली गा.वि.स. वडा नं. ९ बस्ने श्री भरतमणि चौलागाई र मीना चौलागाईको बुहारी रामेश्वर चौलागाईको श्रीमती सिन्धुपाल्चोक जिल्ला लागर्चे गा.वि.स. वडा नं. ७ सरिता थापाको संयुक्त नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेस्ता कायम रहेको भक्तपुर जिल्ला कटुन्जे गा.वि.स. वडा नं.६ ग को कित्ता नं १०६६/८३७/१०६४/१०६३/१०६५ को क्षेत्रफल १५८.९५/२९.८२/२९४.०६/२९४.०६/१५८.९५ ब.मि जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२. डिभिजन सहकारी कार्यालय काठमाण्डौबाट दर्ता रहेको दर्ता नं. ४१३४/०६९/०७० दर्ता मिति २०६९/११/०१ काठमाण्डौ जिल्ला का.म.न.पा वडा नं.६ ठेगाना रहेको श्री मन मनकामना बचत तथा ऋण सहकारी संस्था लि.को नाममा मालपोत कार्यालय डिल्लीबजार , काठमाण्डौं दर्ता श्रेस्ता कायम रहेको काठमाण्डौ जिल्ला का.म.न.पा (डिल्लीबजार) वडा नं.८ को कित्ता नं ७६/१७४/को क्षेत्रफल ५.९७/८९.४२ जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरु:**

(१) बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय र शाखा कार्यालयहरुबाट रु ५००/- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ ।
(२) बोलपत्र फारममा आफुले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फारममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस बैंकबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ ।
(३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम राष्ट्रिय सहकारी वैंक लिमिटेडको नाममा **Kumari Bank LTD** पुतलीसडक, काठमाण्डौं रहेको खाता नं.**००१०००१४८६६००००१**मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
(४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै चावहिल शाखामा कार्यालय समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ । साथै सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
(५) बोलपत्र स्वीकृत भएको सूचना पाएको १५ दिन भित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुने छ । रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर लगायत अन्य सम्पूर्ण दैदस्तुर घर/जग्गा खरिद गर्ने खरिदकर्ताले व्यहोर्नु पर्नेछ ।
(६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुनेछैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन ।
(७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत: रद्द हुनेछ ।
(८) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार बैंकमा निहीत रहनेछ ।
(९) बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ । धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन ।
(१०) लिलाम सूचना प्रकाशित मितिले १५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र पेश गर्न सकिने अन्तिम मितिको भोलीपल्ट वा कार्यालय खुलेको दिनमो बैंकको शाखा कार्यालय चावहिलमा उक्त दिनको ३:०० बजे बोलपत्र खोलिने छ । बोलपत्र पेश यर्न सकिने अन्तिम दिनको कार्यालय समय भित्र सम्बन्धित ऋणी वा धितोवालाले बैंकको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ ।
(११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । यदि बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थिति नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।
(१२) सुरक्षणमा रहेका धितोहरुको आंशिक रुपमा पनि लिलाम गर्न सकिने छ ।
(१३) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मिति: २०८१/०५/१७

यस बैंकको शाखा कार्यालय ईनरुवा, सुनसरी बाट तपाई ऋणीले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**ऋणीको नाम र ठेगाना**

कुसुमलाल यादवको नाती, रामानन्द यादवको छोरा, सुमा पाण्डे (यादव)की पति, सुनसरी जिल्ला लौकही गा.वि.स.वडा नं. ५ स्थाई ठेगाना भई हाल सुनसरी जिल्ला कोशी गा.पा. वडा नं. ०१ बस्ने **चन्दन कुमार यादव** (ना.प्र.नं. ६३६०७/६४६०७, जारी मिति २०५८/०७/०२, जि.प्र.का. सुनसरी)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. बैजन यादवको नाती, कुसुमलाल यादवको छोरा, राजेश्वरी देवीकी पति, सुनसरी जिल्ला लौकही गा.वि.स.वडा नं. ५ स्थाई ठेगाना भई हाल सुनसरी जिल्ला कोशी गा.पा. वडा नं. ०१ बस्ने **रामानन्द यादव** (ना.प्र.नं. १४६६५/६३७७, जारी मिति २०३४/१२/२७, प्रतिलिपि मिति २०५६/१२/१७, जि.प्र.का. सुनसरी)
२. कुसुमलाल यादवको बुहारी, बंगाली यादवको छोरी, रामानन्द यादवको पत्नि, सुनसरी जिल्ला लौकही गा.वि.स.वडा नं. ५ स्थाई ठेगाना भई हाल सुनसरी जिल्ला कोशी गा.पा. वडा नं. ०१ बस्ने **राजेश्वरी देवी** (ना.प्र.नं. २८९८/४१, जारी मिति २०४६/११/२५, जि. का. ना.टो.नं. १ सुनसरी)
३. रामानन्द यादवको बुहारी, मान बहादुर पाण्डेको छोरी, चन्दन कुमार यादवको पत्नि, सुनसरी जिल्ला इनरुवा न.पा. वडा नं. ३ स्थाई ठेगाना भई हाल सुनसरी जिल्ला कोशी गा.पा. वडा नं. ०१ बस्ने **सुमा पाण्डे (यादव)** (ना.प्र.नं. ०६-०१-७०-००८४०, जारी मिति २०७०/०१/२४, जि.प्र.का. सुनसरी)

Citizens Bank

मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

# नेपाली क्रिकेट टोली श्रीलंका प्रस्थान



काठमाडौं, भदौ १६ (नागरिक)- आइसिसी विश्वकप लिग-२ को तयारीका लागि नेपाली क्रिकेट टोली आइतबार श्रीलंका प्रस्थान गरेको छ।

श्रीलंकामा हुने प्रशिक्षणका साथै श्रीलंका क्रिकेट डेभलपमेन्ट टोलीसँग तीन अभ्यास खेल खेल्न नेपाली टोली त्यसतर्फ प्रस्थान गरेको हो। लिग-२ अन्तर्गत आगामी सेप्टेम्बर १६ देखि २६ तारिखसम्म क्यानडा, नेपाल र ओमान सम्मिलित त्रिदेशीय शृंखला हुँदै छ। उक्त शृंखलाका लागि नेपालले भारतपछि श्रीलंकामा तयारी गर्न लागेको हो। भारतको बैङ्लोरमा नेपालले कुल १२ दिन प्रशिक्षण गरेको थियो। त्यसलगत्तै नेपाल श्रीलंका गएको हो। नेपालले आगामी भदौ १८, २० र २२ गते श्रीलंका डेभलपमेन्ट टोलीसँग एकदिवसीय अभ्यास खेल्दै छ।

नेपाल क्रिकेट संघ (क्यान) ले गत शुक्रबार नै श्रीलंकामा हुने तयारीका लागि १९ सदस्यीय टोली घोषणा गरेको थियो। उक्त टोलीमा रोहितकुमार पौडेल, आसिफ शेख, अनिल शाह, देव खनाल, भीम सार्की, आरिफ शेख, कुशल मल्ल, सोमपाल कामी, करण केसी, गुल्सन झा, रिजन ढकाल, ललितनारायण राजवंशी, आकाश चन्द, सागर ढकाल, सन्दीप जोरा, कुशल भुर्तेल, अर्जुन साउद, दीपेन्द्रसिंह ऐरी र सन्दीप लामिछाने छन्। अभ्यास खेलबाट नेपालले क्यानाडामा हुने त्रिदेशीय शृंखलाका लागि अन्तिम टोली घोषणा गर्नेछ। आइसिसी विश्वकप लिग-२ (२०२४-०२७) को पहिलो शृंखला नेपालले घरेलु भूमिमा खेलेको थियो।

त्यो शृंखलाका चार खेलबाट नेपालले एक जित प्राप्त गर्‍यो। दोस्रो शृंखलामा सुखद प्रदर्शन गर्ने लक्ष्यसहित नेपाली टोलीले लामो तयारी गरिरहेको छ। क्यानडामा हुने आगामी शृंखलाका लागि नेपाल र ओमानले समान नतिजा प्राप्त गरेका छन्। क्यानडाले गत अगस्ट २१ मा मात्र नेदरल्यान्डमा सन्पन्न लिग-२ कै त्रिदेशीय शृंखला खेलेको थियो। यद्यपि, क्यानडाले एक खेल पनि जित्न सकेन। लिग-२ का कुल आठ खेलबाट क्यानडा समान चार जित र हारसहित चौथो स्थानमा छ।

ओमानले भने चार खेलबाट एक जित र दुई हार सामना गरेको छ। कुल आठ राष्ट्र सम्मिलित लिग-२ मा २०२४-०२७ को सर्कल सकिएपछि शीर्ष चारमा रहने राष्ट्रले सन् २०२७ को विश्वकप क्रिकेटको क्वालिफायर खेल्न पाउनेछन्।

# कोसीको सुखद सुरुआत

**समीक्षाको दुई गोल प्रेरणामा कोसीले आइतबार वालिङ नगरपालिकामाथि ४-० फराकिलो जित निकाल्दै लिगमा सुखद सुरुआत गरेको छ। सातदोबाटोस्थित अखिल नेपाल फुटबल संघ (एन्फा) कम्प्लेक्सको मैदानमा कोसीलाई जित दिलाउन समीक्षाकै मुभमा पहिलो गोल सम्भव भयो।**



गोल गरेपछि कोसीका समीक्षा मगर (बायाँ) र प्रतीक्षा राई। *तस्बिर : एन्फा*

काठमाडौं, भदौ १६ (नागरिक)- समीक्षा मगरको उत्कृष्ट प्रदर्शनमा कोसी प्रदेशले आइतबारदेखि सुरु भएको एन्फा महिला फुटबल लिगमा सुखद सुरुआत गरेको छ।

समीक्षाको दुई गोल प्रेरणामा कोसीले आइतबार वालिङ नगरपालिकामाथि ४-० फराकिलो जित निकाल्दै लिगमा सुखद सुरुआत गरेको हो। सातदोबाटोस्थित अखिल नेपाल फुटबल संघ (एन्फा) कम्प्लेक्सको मैदानमा कोसीलाई जित दिलाउन समीक्षाकै मुभमा पहिलो गोल सम्भव भयो। पछि उनले व्यक्तिगत दुई गोल गरेसँगै कोसी वालिङमाथि पूर्ण रूपमा हाबी रह्यो। कोसीका सन्जुमाया तामाङ र प्रतीक्षा राईले समान एक गोल गरे। कोसीले पहिलो हाफमा एक गोल गर्‍यो।

दोस्रो हाफमा थप आक्रमक बनेको कोसीले तीन गोल थप्यो। वालिङकी सुक्रिया मियाले केही आक्रमण बुने पनि टोली सफल हुन सकेन। कोसीले खेलको दशौं मिनेटमा नै अग्रता लियो। पूर्णिमा राईको पासमा सन्जुमायाले गोल गरेकी हुन्। समीक्षाले पेनाल्टी बक्सको राइट साइडबाट गरेको क्रस वालिङका डिफेन्डरले क्लियर गर्न

## एन्फा महिला फुटबल लिग

सकेनन्। सोही बल नियन्त्रणमा लिँदै पूर्णिमाले दिएको कट पासमा सन्जुमायाले नजिकैबाट गोल गरिन्। त्यसपछि केही अवसर सिर्जना भए। तर, गोल सम्भव भएन र कोसीले पहिलो हाफमा १-० को अग्रता बनायो।

वालिङले खेलमा फर्कन दोस्रो हाफमा अवसर बनायो, तर सफल भएन र उल्टै दोस्रो गोल सामना गर्‍यो। ५१औं मिनेटमा समीक्षाले गोल गर्दै कोसीको अग्रता दोब्बर बनाइन्। करिब २२ यार्ड टाढाबाट उनले गरेको प्रहार वालिङकी गोलकिपर राधिका ओलीको माथिबाट गोलमा परिणत भयो। वालिङले ५७औं मिनेटमा बुनेको गोल प्रयास सफल भएन। सुक्रिया मियाले गरेको सशक्त फ्रिकिक सफल भएन। करिब २५ यार्डबाट सुक्रियाको उत्कृष्ट प्रहार कोसीकी गोलकिपर रन्जु राजवंशीले पन्च गर्दै बाहिर पठाइन्।

लगत्तै कर्नर प्रहारमा पनि वालिङले अवसर सदुपयोग गर्न सकेन। तर, कोसीले तेस्रो गोल गर्‍यो। ५९औं मिनेटमा समीक्षाले दोस्रो गोल गर्दै कोसीलाई ३-० ले अगाडि बढाइन्। कोसीकी कप्तान सिमरन राईले लामो दूरीबाट गरेको फितलो प्रहारलाई वालिङकी गोलकिपर राधिकाले अगाडि बढेर नियन्त्रणमा लिन सकिनन्। सोही बल ड्रप हुँदा समीक्षाले हेड गर्दै जाली चुमाइन्। ६९औं मिनेटमा वालिङले आत्मघाती गोल गर्‍यो। राइट साइडबाट कोसीकी प्रतीक्षाले दिएको कट पास रोक्ने क्रममा वालिङकी यामकुमारी विक आफ्नै पोस्टमा गोल गर्न पुगिन्।

त्यसपछि दुवै तर्फबाट केही प्रयास भए। तर, गोल सम्भव नभएपछि कोसीले फराकिलो जित निकाल्दै पहिलो खेलबाटै तीन अंक जोड्यो। कुल १० टोलीले प्रतिस्पर्धा गर्ने लिग दुई चरणमा हुँदै छ। पहिलो चरणमा १० टोलीबीच सिंगल राउन्ड रोबिनको आधारमा ४५ खेल हुनेछन्। यो राउन्डबाट उत्कृष्ट पाँच टोली दोस्रो राउन्डमा छनोट हुनेछन्। दोस्रो चरण (डबल राउन्ड रोबिन) मा पाँच टोलीले सुपर लिगमा प्रतिस्पर्धा गर्नेछन्। सुपर लिगमा २० खेल हुनेछन्। सुपर लिगबाट भने उत्कृष्ट चार टोली छनोट हुनेछन्।

सुपर लिगमा क्वालिफायर, एलिमिनेटर र फाइनल चार खेल खेल्नेछन्। यो लिगभर कुल ६९ खेल हुनेछन्। लिगका खेलहरू त्रिपुरेश्वरस्थित दशरथ रंगशाला (शनिबार) र एन्फा कम्प्लेक्समा हुनेछन्।

लिगको विजेताले १० लाख, उपविजेताले पाँच लाख, उत्कृष्ट खेलाडीले एक लाख, फेयर प्ले टिमले एक लाख ५० हजार, उत्कृष्ट गोलकिपर र उच्च गोलकर्ताले समान ५० हजार रूपैयाँ पाउनेछन्। प्लेयर अफ दी म्याचलाई भने पाँच हजार रूपैयाँ प्रदान गरिनेछ।

# भ्याली पब्लिक, पिपल्स, गोल्डेनपिक र एचएचसिएलाई उपाधि



काठमाडौं, भदौ १६ (नागरिक)- चार टोली भ्याली पब्लिक, पिपल्स एकेडेमी, गोल्डेनपिक र एचएचसिएले आइतबार आठौं स्किब्स कप अन्तरविद्यालय थ्री बाइ थ्री बास्केटबल प्रतियोगिताको उपाधि जितेका छन्।

वसुन्धरास्थित श्री चन्द्रबिन्दु इन्टरनेसनल बोर्डिङ स्कुल (स्किब्स) को आयोजनामा सम्पन्न प्रतियोगितामा भ्याली पब्लिक सिनियर गर्ल्स, पिपल्स जुनियर ब्वाइज, गोल्डेनपिक स्टाफ र एचएचसिए सिनियर ब्वाइजतर्फ च्याम्पियन भएका हुन्। सिनियर ब्वाइजको फाइनलमा एचएचसिएले ज्ञान निकेतनलाई २१-९ ले हराउँदै उपाधि उचालेको हो। सिनियर गर्ल्सको उपाधि भिडन्तमा भ्याली पब्लिकले निस्टलाई ११-७ ले हरायो। जुनियर ब्वाइजमा पिपल्सले फाइनलमा लालीगुराँस नेसनल एकेडेमीलाई ९-९ को साँघुरो अन्तरले पराजित गर्‍यो।

स्टाफको फाइनलमा गोल्डेनपिकले महामञ्जुश्रीलाई २०-१८ को अन्तरले हराउँदै उपाधि उचाल्यो। सिनियर ब्वाइजमा एचएचसिएका डेविड राई, सिनियर गर्ल्समा भ्याली पब्लिककी प्रकृति खड्का, जुनियर ब्वाइजमा पिपल्सका बचन राई र स्टाफमा गोल्डेनपिकका अमृत चित्रकार मोस्ट भेलुएबल प्लेयर घोषित भए। विजेतालाई बागमती प्रदेशका खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री श्यामबहादुर खड्का, स्किब्सका प्रिन्सिपल अरूणकुमार केसीलगायतले पुरस्कृत गरे। दुईदिने प्रतियोगिताको सिनियर ब्वाइजमा २३, सिनियर गर्ल्स र जुनियर ब्वाइजमा समान १२ तथा स्टाफमा ६ टोलीले प्रतिस्पर्धा गरेका थिए।

## आइडियल मोडेलको जित

काठमाडौं, भदौ १६ (नागरिक)- नेल्सन श्रेष्ठको १६ स्कोर प्रेरणामा आइडियल मोडेलले ३० औं ज्ञान कार्निभल अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको ब्वाइजमा आइतबार जित निकालेको छ।

खोकनास्थित आयोजक ज्ञानोदय बालवाटिकाको कोर्टमा आइडियलले चाँदबागमाथि ४५-२५ को नतिजा निकालेको हो। ब्वाइजमै रातो बंगलाले लिटिल एन्जल्सलाई ३६-३२ को साँघुरो अन्तरले हराउँदा पाठशाला बागडोलले पनि मल्पी सिटीमाथि २१-१८ को नतिजा निकाल्यो। रातो बंगलाका उन्नव अर्यालले १३ स्कोर र पाठशालाका अर्नव महर्जनले आठ स्कोर गरे। ब्वाइजमा नै मोर्डन इन्डियन स्कुल (एमआइएस) ले जेम्सलाई २३-१५ ले पराजित गर्‍यो। एमआइएसका यथार्थ श्रेष्ठले १४ अंक जोडे।

गर्ल्सतर्फ एनसिसिएसले एमआइएसलाई २९-१६ र पाठशाला बागडोलले लिटिल एन्जल्सलाई १४-४ को फराकिलो अन्तरले हराए।

## सिभालीले कम्बोडियामा खेल्ने

काठमाडौं, भदौ १६ (नागरिक)- नेपालकी टेनिस खेलाडी सिभाली गुरुङले कम्बोडियामा हुने हाई पर्फमेन्स तालिमसँगै जिएसपिडिपी एसियन यु-१४ जुनियर टेनिसमा प्रतिस्पर्धा गर्ने भएकी छन्।

सिभाली आगामी सेप्टेम्बर चारदेखि सात तारिखसम्म कम्बोडियामा हुने एटिएफ यु-१४ हाई पर्फमेन्स तालिममा सहभागी हुनेछिन्। त्यसपछि भने उनले जिएसपिडिपी एसियन यु-१४ जुनियर टेनिस प्रतियोगितामा नेपालको चुनौती प्रस्तुत गर्नेछिन्। यो प्रतियोगिता सेप्टम्बर ९ देखि १३ सम्म हुँदै छ। हाई पर्फमेन्स तालिम र प्रतियोगितामा सहभागी हुन सिभाली सोमबार नै कम्बोडिया जाँदै छिन्। अन्तर्राष्ट्रिय टेनिस महासंघ (आइटिएफ) र एसियाली टेनिस महासंघ (एटीएफ) को स्वीकृतिमा कम्बोडिया टेनिसले प्रतियोगिता र तालिम आयोजना गर्न लागेको हो। नेपाल टेनिस संघकी अध्यक्ष ज्योति राणा र सदस्य अजय विष्टले सिभालीलाई सफलताको शुभकामना दिँदै आइतबार सातदोबाटोस्थित टेनिस कम्प्लेक्समा आयोजित एक कार्यक्रमबीच बिदाइ गरेका थिए।




## Arun Rural Municipality
### Office of the Rural Municipal Executive
### Pyauli, Bhojpur
### Koshi Pradesh, Nepal

**Date of Publication: 2nd September, 2024**

1. **Arun Rural Municipality, Bhojpur, Koshi Pradesh. Nepal, invites electronic bids** only from Nepalese eligible bidders for the **following works under** National Competitive Bidding (NCB) procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office at **Arun Rural Municipality 03, Bhojpur** or may visit Arun Rural Municipality Website at: https://www.arunmun.gov.np/ or PPMO website at: www.bolpatra.gov.np/egp.

| S. N. | Contract ID | Descriptions | Estimated Amount (With VAT and PS) | Bid Document Cost NRs | Last date of bid submission | Bid opening date | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| 1. | NCB/01/RW/ ARUN/081/082 | Upgrading of Falitar Yaku Road (CH:0+000 to 1+500) | 1,15,19,771.29 | 3,000.00 | 12:00 Hrs of 2nd October 2024 | 14:00 Hrs of 2nd October 2024 | 3,00,000/- |
| 2. | NCB/02/RW/ ARUN/081/082 | Upgrading of Pyauli Panchedobato Pyuithgaun Road(CH:0+000 to 2+500) | 95,98,039.2 | 3,000.00 | 12:00 Hrs of 2nd October 2024 | 14:00 Hrs of 2nd October 2024 | 2,50,000/- |
| 3. | NCB/03/RW/ ARUN/081/082 | Upgrading of Banchare - Charambi Road (CH:6+000 to 12+000) | 1,43,97,757.0 | 3,000.00 | 12:00 Hrs of 2nd October 2024 | 14:00 Hrs of 2nd October 2024 | 3,75,000/- |

**Chief Administrative Officer**

## Ratnanagar Municipality
### Office of Municipal Executive
### Ratnanagar
### Chitwan, Nepal

### Notice for Invitation of Bid

**First Date of publication: 2081-05-17 (2nd Sep, 2024)**

Ratnanagar Municipality, Chitwan invites electronic bids from Nepalese eligible bidders for the Constructions of following projects of Ratnanagar Municipality under National Competitive Bidding procedures.

| S N | Name of Project | IFB No: | Estimated Amount Without VAT and Contingency. | Bid security amount in NRs. | Bid Document fee amount in NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Construction of RCC Rigid Pavement and Bituminous Asphalt Concrete at ward no 13 and 5 of Ratnanagar Municipality. | RAT/CHITWAN/ works/ NCB/ 10/2081-82 | 12,870,094.21 | 417000.00 | 3,000.00 | |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website http:// www.bolpatra.gov.np/egp or may visit website **of Ratnanagar official website** (http:// www.ratnanagarmun.gov.np). The Last date of submission of bid is 2nd Oct 2024 (2081-06-16) till 12:00 noon time for NCB.

**Chief Administrative Officer**

**नेपाल रिपब्लिक मिडिया**द्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, अध्यक्ष : विनोदराज ज्ञवाली, सञ्चालक : शोभा ज्ञवाली, प्रधान सम्पादक : गुणराज लुइँटेल